# प्रारम्भिक मस्यौदा
# विद्यालय शिक्षा क्षेत्रको योजना
# २०८१/८२-२०९०/९१

प्रकाशक

जीतपुरसिमराउपमहानगरपालिका

# बारा

# २०८१

**संरक्षक**

श्री राजन पौडेल, नगर प्रमुख

श्री भोला प्रसाद अधिकारी, नगर उपप्रमुख

**नगर शिक्षा योजना तयार कार्यदलका सदस्यहरु :**

श्री .................. संयोजक

श्री ......................... सदस्य

श्री ......................... सदस्य

श्री ......................... सदस्य

श्री ............... सदस्य सचिव

**प्रकाशक**

जीतपुरसिमरा उपमहानगरपालिका, बारा

**प्रमाणित मिति**

२०८१

**प्रकाशन मिति**

२०८१

**प्राविधिक सहयोगी संस्था**

जन जागरण युवा क्ल्व, बारा

VSO Nepal, **बारा**

## दुई शब्द



देश विकासका लागि योजनाले मार्गदर्शन गर्दछ । यो निरन्तर चलिरहने प्रक्रिया हो । यसैका आधारमा राष्ट्रले अपेक्षा गरेका उपलब्धिहरु हासिल भई समृद्धि तर्फ उन्मुख हुन्छ । स्थानीय तहको निर्वाचन पश्चात स्थानीय तहमा दिएको अधिकार अनुरुप स्थानीय सरकार सञ्चालन ऐनले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरू स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा विद्यालय शिक्षा लगायत समग्र उपमहानगरपालिकाको शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु तयार गरी वर्तमान एवम् भावी पुस्तालाई सुनौलो जीतपुरसिमरा सम्पन उपमहानगरपालिकाले स्थानीय तहको शिक्षामा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको सर्वविदित नै छ । जीतपुरसिमरा उपमहानगरपालिकाले यस पालिकाको शैक्षिक सुधार गरी गुणस्तरीयता ल्याउनशिक्षा क्षेत्रको योजना (२०८१–२०९०) तयार गरी कार्यान्वयन हुने क्रममा रहेको छ ।

शिक्षा क्षेत्रको योजना यस उपमहानगरपालिकाको समग्र शैक्षिक क्षेत्रको १० वर्ष मार्गदर्शन हो । यहि मार्गदर्शनका आधारमा आगामी वर्षहरुमा शैक्षिक कार्यक्रमहरु तयार गर्दै अगाडि बढ्ने अपेक्षा उपमहानगरपालिकाले राखेको छ । यस शिक्षा क्षेत्रको योजना निर्माणमा सामाजिक विकास समिति, शिक्षा युवा तथा खेलकुद शाखा, शिक्षा क्षेत्रको योजना निर्माण समिति, प्राविधिक समिति र सम्पूर्ण महानुभावहरुको सहयोग, सुझाव, सल्लाहप्रति विशेष धन्यवाद दिन चाहन्छु ।

राजन पौडेल
नगर प्रमुख
जीतपुरसिमरा उपमहानगरपालिका

## प्राककथन

शिक्षामा सबैको पहुँच, गुणस्तरीय  शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री, समान सहभागिता, शिक्षामा लैङ्गिक तथा सामाजिक भेदभावरहित अवसर, प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा क्षेत्रको योजना निर्माण गर्नुपर्ने आजको प्रमुख आवश्यकता हो । दिगो विकासका लागि अनिवार्य तथा निःशुल्क शिक्षा, शिक्षा सम्बन्धी ऐन, शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता साकार पार्न स्थानीय तहमासरोकारवाला पक्षहरुसँग मिलेर शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यमा शिक्षा क्षेत्रको योजनाले महत्वपूर्ण योगदान पुऱ्याउँछ ।

जीतपुरसिमरा उपमहानगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक उन्ननयका लागि विभिन्न योजना तथा कार्यक्रमहरुद्वारा निरन्तर रुपमा आफ्नो भूमिकालाई अगाडि बढाएको छ । शिक्षा क्षेत्रको योजना तयारका लागि आर्थिक सहयोग गर्नु हुने जीतपुरसिमरा उपमहानगरपालिका तथा प्राविधिक सहयोग रुपामा सहयोग गर्ने सामाजिक विकास मन्त्रालय योजना महाशाखा (शिक्षा) र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयप्रति धन्यवाद व्यक्त गर्दछौ ।

यस शिक्षा क्षेत्रको योजना निर्माणमा महत्वपुर्ण योगदान पुर्याउने प्राविधिक समिति तथा सामाजिक विकास समितिलाई धन्यवाद व्यक्त गर्दै समय-समयमा सल्लाह-सुझाव प्रदान गरी सहयोग पुऱ्याउने उपमहानगरपालिका परिवार, नगर शिक्षा समिति, नेपाल शिक्षक महासंघ , शिक्षकका पेशागत संघ संगठन, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी राजनीतिक दल, तथ्याङ्क संकलनकर्ता महानुभावहरुप्रति आभार प्रकट गर्दै आगामी दिनमा परिष्कृत गर्दै अगाडि बढ्नका लागि रचनात्मक सुझावको अपेक्षा गर्दछौ ।

शिक्षा, युवा तथा खेलकुद शाखा<br>
जीतपुरसिमरा उपमहानगरपालिका

## विषयसूची


परिच्छेद एकः परिचय ........ 1

१.१ पृष्ठभूमि ........ 1

१.२ उपमहानगरपालिकाको सन्दर्भ ........ 2

१सामाजिक तथा सांस्कृतिक अवस्था १.२. ........ 2

१आर्थिक सन्दर्भ २.२. ........ 2

१भौगोलिक तथा जनसाङ्ख्यिक स्वरुप ३.२. ........ 3

१.३ जीतपुरसिमराको शैक्षिक अवस्था ........ 5

१नीतिगत प्रवन्ध १.३. ........ 5

१अवस्था २.३., उपलब्धी र अन्तर ........ 6

**१.३.३ प्रमुख समस्याहरु, चुनौति र अवसरहरु** ........ 11

१.४ योजना निर्माण प्रक्रिया ........ 14

परिच्छेद २: दुरदृष्टी, ध्येय, उद्देश्य तथा प्रमुख उपलब्धि सुचकहरु ........ 15

**२.१ राष्ट्रिय दीर्घकालिन सोच** ........ 15

**२.२ दीर्घकालिन सोच** ........ 15

**२.३ लक्ष्य** ........ 15

**२.४ उद्देश्यहरु** ........ 15

**२.५ रणनीतिहरु** ........ 15

परिच्छेद-३:विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु ........ 21

३.१. प्रारम्भिक बाल विकास तथा शिक्षा ........ 21

**३१..१परिचय.** ........ 21

**३वर्तमान अव २.१.स्था** ........ 22

**३अवसर र चुनौतिहरु ३.१** ........ 22

**३उद्देश्यहरु ४.१.** ........ 23

**३रणनी ५.१.ति** ........ 23

**३उपलव्धि ६.१., नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य** ........ 24

३.२ आधारभुत शिक्षा ........ 26

**३परिचय १.२.** ........ 26

**३वर्तमान अव २.२.स्था** ........ 27

**३अवसर र चुनौतीहरु ३.२** ........ 28

**३उद्देश्यहरु ४.२.** ........ 29

**३रणनीतिहरु ५.२.** ........ 29

**३उपलब्धि ६.२., नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य** ........ 30

३.३ माध्यमिक शिक्षा ........ 33

**३परिचय १.३.** ........ 33

**३वर्तमान अव २.३.स्था** ........ 33

**३अवसर र चुनौतिहरु ३.३** ........ 34

**३उद्देश्यहरु ४.३.** ........ 35

**३रणनीतिहरु ५.३.** ........ 36

**३उपलब्धि तथा प्रमूख नतिजाहरु ६.३.** ........ 36

३.४ पाठ्यक्रम तथा मूल्याङ्कन ........ 38

**३परिचय १.४.** ........ 38

**३वर्तमान अवस्था २.४.** ........ 38

**३अव ३.४.सर तथा चुनौतिहरु** ........ 39

**३उद्देश्य ४.४.** ........ 39

**३रणनीतिहरु ५.४.** ........ 39

**३उपलब्धि६.४., नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य** ........ 40

३.५ शिक्षक व्यवस्थापन र विकास ........ 42

**३परिचय १.५.** ........ 42

**३वर्तमान अवस्था २.५.** ........ 42

**३अवसर तथा चुनौतिहरु ३.५.** ........ 42

**३.५.४ उद्देश्य** ........ 43

**३रणनीतिहरू ५.५.** ........ 43

**३उपलब्धि ६.५., नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य** ........ 44

३.६ अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ ........ 45

**३परिचय १.६.** ........ 45

**३अवस्था वर्तमान २.६.** ........ 46

**३अवसर तथा चुनौतिहरु ३.६.** ........ 47

**३उद्धेश्य ४.६.** ........ 47

**३रणनीतिहरु ५.६.** ........ 47

**३उपलब्धि६.६., नतिजा, प्रमूख क्रियाकलाप तथा लक्ष्य** ........ 48

परिच्छेद ४: अन्तरसम्बन्धित क्षेत्रहरु ........ 49

४.१ समावेशी तथा समता	49
**४परिचय १.१.** 49
**४वर्तमान अवस्था २.१.** 50
**४अवसर तथा चुनौतिहरु ३.१.** 51
**४उद्देश्यहरु ४.१.** 51
**४रणनीतिहरु ५.१.** 52
**४उपलब्धि ६.१., नतिजा, प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु** 52
४.२ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम 53
**४परिचय १.२.** 53
**४वर्तमान अवस्था २.२.** 54
**४सर र चुनौतिहरुअव ३.२.** 54
**४उद्देश्य ४.२.** 55
**४रणनीतिहरू ५.२.** 55
**४उपलब्धि ६.२., नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य** 55
४.३ छात्रवृत्ति 57
**४परिचय १.३.** 57
**४वर्तमान अवस्था २.३.** 57
**४सर र चुनौतिहरुअव ३.३.** 57
**४ ४.३.उद्देश्य** 58
**४रणनीतिहरू ५.३.** 58
**४उपलब्धि ६.३.,नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य** 58
४.४ आपतकालिन तथा संकटपुर्ण अबस्थामा शिक्षा 59
**४परिचय १.४.** 59
**४वर्तमान अबस्था २.४.** 60
**४अवसर र चुनौती ३.४.** 60
**४ ४.४.उदेश्यहरु** 61
**४रणनितिहरु ५.४.** 61
**४उपलब्धि ६.४., नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु** 61
४.५ विद्यालयको भौतिक पुर्वधार विकास 62
**४परिचय १.५.** 62
**४अवस्था वर्तमान २.५.** 62

**४अवसर र चुनौतीहरु ३.५.** 63

**४ ४.५.उदेश्यहरु** 63

**४रणनीतिहरु ५.५.** 63

**४उपलव्धि ६.५., नतिजाहरु र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु** 64

४.६ शिक्षामा सुचना र प्रविधि 65

**४परिचय १.६.** 65

**४वर्तमान अवस्था २.६.** 66

**४अवसर र चुनौतीहरु ३.६.** 66

**४उद्देश्यहरु ४.६.** 66

**४रणनी ५.६.तिहरु** 67

**४उपलव्धि ६.६., नतिजा र प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु** 67

परिच्छेद ५ सुशासन, व्यवस्थापन र नेतृत्व 69

५.१ परिचय 69

५.२ वर्तमान अबस्था 69

५.३ अवसर र चुनौतीहरु 70

५.४ उद्देश्यहरु 70

५.५ रणनीतिहरु 70

५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप 71

परिच्छेद- ६: अनुगमन तथा मूल्याङ्कन 72

६.१. परिचय 72

६.३.अवसर र चुनौतीहरु 73

६.४. उद्देश्यहरुः 74

६.५.रणनीतिहरु 74

६.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य 75

परिच्छेद ७ लगानी र स्रोत व्यवस्थापन 76

७.१ परिचयः 76

७.२ वर्तमान अवस्थाः 76

७.३ अवसर तथा चुनौतीहरु 78

७.४ उद्देश्यः 78

७.५ रणनीतिहरूः 78

७.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमानः 79

परिच्छेद आठ: योजनाको नतिजा खाका......82

परिचय......82

सन्दर्भ सामग्रीहरु......84

अनुसूचिहरु......85

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्र अन्तरगत राज्य व्यवस्था संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारको परिकल्पना अनुरुप क्रियाशील रहेका छन् । उक्त संविधानले समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने मुख्य ध्येय राखे अनुरुप शिक्षा सम्बन्धी हक तथा प्राथमिकताहरु स्थापित गरेको छ । उक्त संवैधानिक शिक्षा सम्बन्धी हक तथा प्राथमिकतालाई कार्यान्वयन गर्न निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, निःशुल्क तथा अनिवार्य शिक्षा नियमावली २०७७ र बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षा सम्बन्धी हकहरुलाई प्रत्याभूत गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित रही शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका निम्ति नीतिगत व्यवस्था गरेको छ ।

त्यसैगरी स्थानिय सरकार संचालन ऐन २०७४ ले स्थानिय सरकारलाई शिक्षाका २३ वटा अधिकारको कार्यान्वयनका साथै शिक्षा क्षेत्रको १० वर्षे योजना, शिक्षा निति २०७६, १५औ आवधिक योजनाले तय गरेका लक्ष्य तथा उद्देश्य पुरा गर्न स्थानिय सरकारले सहयोग र समन्वय गर्नु आवश्यक छ । समावेशी समतामुलक गुणस्तरिय शिक्षाको सुनिश्चितता तथा आजिवन सिकाईका अवसरहरुलाई प्रोत्साहित गरी यस जीतपुरसिमरा उपमहानगरपालिकाको समग्र विकास र परिवर्तनका लागि लक्ष्य उद्देश्य शिक्षा योजनाले गरेको छ । यसै गरी स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ६ (२४) मा योजना तयारको नितिगत व्यवस्था भएको छ । जसमा उपमहानगरपालिकाले आफ्नो क्षेत्राधिकारको विषयमा आवधिक वार्षिक क्षेत्रगत योजना निर्माण गर्नु पर्ने र उक्त योजना निर्माण गर्दा संघ तथा प्रदेश सरकारका निति लक्ष्यसँग मेल खानु पर्ने, वातावरण संरक्षण तथा जलबायू परीवर्तन, लैङ्गिक समानता तथा समावेशिकरण, विपद् व्यवस्थापन तथा सुसाशन आदि विषयलाई ध्यान दिई दिर्घकालिन किसिमका योजनाको सूची (Project Bank) तयार तथा सहभागितामुलक योजना तर्जुमा, सरोकारवालाहरुको सहभागितामा क्षेत्रगत योजना तयार गर्नुपर्ने नितिगत व्यवस्था छ ।

नेपालको शिक्षा क्षेत्रमा राणाकालको उत्तरार्धदेखि प्रयास हुँदै आएको पाइएता पनि व्यवस्थित रुपमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११ ले गरेको देखिन्छ। यसै गरी सर्वाङ्गीण राष्ट्रिय शिक्षा योजना २०१८, राष्ट्रिय शिक्षा पद्धति योजना (२०२८-२०३२), राष्ट्रिय शिक्षा आयोग २०४९, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५, उच्च स्तरीय राष्ट्रिय शिक्षा कार्यदल २०५८, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०७६ जस्ता आयोगका प्रतिवेदनहरु तयार गरी कार्यान्वयन भइसकेका र हुने क्रममा छन्। यसका अलवा शिक्षा क्षेत्रमा विभिन्न योजना, परियोजना र कार्यक्रम लागू भएका छन्। जस अन्तरगत रेडियो शिक्षा शिक्षक तालिम परियोजना २०३५, निरीक्षण एकाइ परियोजना २०३७, सेती परियोजना २०३८, विज्ञान शिक्षा परियोजना २०३८, प्राथमिक शिक्षा परियोजना २०४१, आधारभूत आवश्यकता परिपूर्ति योजना २०४४, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (पहिलो २०४९ दोश्रो २०५६), प्राथमिक शिक्षा परियोजना २०४९, माध्यमिक शिक्षा विकास परियोजना २०५०, शिक्षाका लागि खाद्य कार्यक्रम २०५२, शिक्षक शिक्षा आयोजना (२०५९-२०६५), माध्यमिक शिक्षा सहयोग कार्यक्रम सन् (२००३-२००८), सामुदायिक विद्यालय सहयोग कार्यक्रम (२०५९-२०६६), व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (२०६८-२०७२) का साथै सबैका लागि शिक्षा कार्यक्रम (सन् २००१-२०१५), सहश्राब्दी विकास लक्ष्य (२०००-२०१५), दीगो विकासका लागि शिक्षा कार्यक्रम (२०१५-२०३०) मा उल्लिखित उद्देश्य एवम् सूचकहरुलाई परिपूर्ति गर्नका लागि विद्यालय क्षेत्र सुधार योजना (सन् २००९-२०१५), विद्यालय क्षेत्र

FINAL DRAFT

विकास योजना (२०१६-२०२२) को समाप्तिसँगै जीतपुरसिमरा उपमहानगरपालिकाले  शिक्षा क्षेत्रको योजना (Eduction Sector Plan -ESP) आगामी १० वर्षे शिक्षा विकासको दृष्टिकोण सहित सन् २०८०-२०८९ का लागि तयार गरेको छ।

## १.२  उपमहानगरपालिकाको सन्दर्भ

नेपालमा २०५२ देखि २०६२/६३ सम्म चलेको द्वन्द्व पश्चात वि.सं. २०७० को संविधान सभाबाट नेपालको संविधान २०७२ जारी भई संघ, प्रदेश र स्थानीय तहको कानुनी तथा व्यवस्थापकीय संरचना अनुरुप स्थानीय तहको निर्वाचन २०७४ सँगै जीतपुरसिमरा उपमहानगरपालिकामा पनि निर्वाचित स्थानीय सरकार गठन भएको हो । यो पालिकाले यस अवधिमा शैक्षिक, भौतिक, प्रशासनिक तथा व्यवस्थापकीय क्षेत्रमा केही प्रगति हासिल गरेता पनि दोस्रो स्थानीय तहको निर्वाचन २०७९ बाट नवनिर्वाचित नयाँ नेतृत्वले हालसम्म विभिन्न कानुन निर्माण गरी कार्यान्वयनको पाटोमा अगाडी बढेको पाइन्छ।

### १.२.१ सामाजिक तथा सांस्कृतिक अवस्था

जीतपुरसिमरा उपमहानगरपालिका सामाजिक तथा सांस्कृतिक विविधतायुक्त स्थानीय तह हो। साथै यो पालिकाले ऐतिहासिक राजनितिक तथा धार्मिक ईतिहास बोकेको छ। ऐतिहासिक वरेवा दरबार यसै पालिकामा रहेको छ। यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरु रहेका छन् । यो उपमहानगरपालिका बहुजातीय, बहुधार्मिक, बहुसास्कृतिक पृष्ठभुमि बोकेको एउटा साझा थलो हो। यहाँ बसोबास गर्ने मुख्य जातिहरु थारु, तामाङ, मुसलमान, पहाडी ब्राम्हण, क्षेत्री, मगर, यादव, नेवार चमार/हरीजन/राम, मलाह, कलवार, धानुक आदी हुन्।

मिश्रीत जातजातीको बसोबास रहेको यस पालिकामा बोलीचालीको भाषा पनि मिश्रीत नै पाईन्छ। जस अनुसार यस पालिकामा भोजपुरी बोल्नेहरु करीब ३९ प्रतिशत , नेपाली बोल्नेहरु करीब २८ प्रतिशत थारु भाषा बोल्नेहरु १४ प्रतिशत तथा तामाङ भाषा बोल्नेहरु करीब ७ प्रतिशत , उर्दु भाषा बोल्ने ६ प्रतिशत रहेका छन्। यो स्थानीय तहमा हिन्दू, मुस्लिम  तथा बौद्ध धर्मावलम्बीहरु बसोबास गर्छन् भने उनीहरुले कृष्णाष्टमी, तीज, जनैपुर्णिमा, दशै, तिहार, छठ पुजा,  फागुपूर्णिमा (होली) , जितिया, रमजान, ईद, वकरईद, रामनवमी, विवाह पञ्चमी आदि जस्ता चाडपर्वहरु मान्ने गर्दछन्। यस पालिकाभित्र रहेका बहुविशेषताहरुबीचमा एकीकरण भएको अवस्था छ। अनेकताबीच एकता कायम भएको छ। त्यसैले सामाजिक सद्भभाव, सहयोग, सहकार्य, सह-अस्तित्व, सहिष्णुता, मेलमिलाप कायम भएको छ।

### १.२.२ आर्थिक सन्दर्भ

कम आय भएको मुलुकबाट नेपाललाई मध्यम आय भएको राष्ट्रमा पुऱ्याउँने सरकारको महत्वकांक्षी लक्ष्यलाई टेवा दिन जीतपुरसिमरा उपमहानगरपालिकाले पनि विभिन्न किसिमका आर्थिक क्रियाकलापहरुलाई अगाडि बढाएको छ। यहाँका मानिसहरुको आर्थिक स्तर माथि उकास्न मुख्य रुपमा औद्योगिक क्षेत्र पनि भएको पालिका भएकाले उद्योग कलकारखानमा काम गर्ने, व्यापार गर्ने, उन्नत जातको पशुपालन, बीउ विजन, व्यावसायिक खेती, रोजगार तथा स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्दै आएकोछ। यसका अलवा वैदेशिक रोजगारले पनि यहाँको आर्थिक अवस्था वृद्धि गर्नमा मद्दत गरेको देखिन्छ। औद्योगिक क्षेत्रको रूपमा ख्याती प्राप्त यो उपमहानगरपालिका बहुजातीय, बहुधार्मिक, बहुसाँस्कृतिक पृष्ठभुमि बोकेको एउटा साझा थलो हो।

FINAL DRAFT

यस उपमहानगरपालिकको आर्थिक रुपमा सक्रिय जनसंख्या निम्नानुसार रहेको छ।

| १० बर्षे माथिको जनसंख्या | | | आर्थिक रुपले सक्रिय | | | | | | आर्थिक रुपले निस्क्रिय | | उल्लेख नभएको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | संधै सक्रिय | | | | संधै सक्रिय नभएको | | | | | |
| | | | रोजगारी | | बेरोजगारी | | | | | | | |
| जम्मा | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| 10 - 14 Years | **51167** | **51673** | **28486** | **12568** | **1823** | **1693** | **5762** | **11288** | **15016** | **26070** | **80** | **54** |
| 15 - 19 Years | 6606 | 6288 | 145 | 115 | 64 | 66 | 1265 | 1169 | 5131 | 4938 | 1 | 0 |
| 20 - 24 Years | 6724 | 6471 | 1115 | 407 | 265 | 210 | 1305 | 1437 | 4036 | 4416 | 3 | 1 |
| 25 - 29 Years | 5945 | 6487 | 3017 | 1273 | 457 | 379 | 796 | 1643 | 1670 | 3187 | 5 | 5 |
| 30 - 34 Years | 5316 | 5748 | 4053 | 1612 | 277 | 270 | 370 | 1418 | 611 | 2440 | 5 | 8 |
| 35 - 39 Years | 4591 | 5126 | 3825 | 1837 | 203 | 206 | 257 | 1149 | 289 | 1926 | 17 | 8 |
| 40 - 44 Years | 4534 | 4912 | 3982 | 2032 | 152 | 149 | 208 | 1037 | 180 | 1686 | 12 | 8 |
| 45 - 49 Years | 3993 | 3784 | 3494 | 1590 | 121 | 124 | 202 | 753 | 160 | 1311 | 16 | 6 |
| 50 - 54 Years | 3104 | 3074 | 2696 | 1229 | 68 | 79 | 164 | 680 | 171 | 1079 | 5 | 7 |
| 55 - 59 Years | 2974 | 2850 | 2480 | 1043 | 57 | 74 | 196 | 602 | 237 | 1126 | 4 | 5 |
| 60 - 64 Years | 2194 | 2018 | 1594 | 621 | 55 | 44 | 224 | 459 | 318 | 893 | 3 | 1 |
| 65 - 69 Years | 1767 | 1620 | 1008 | 411 | 44 | 37 | 240 | 333 | 473 | 836 | 2 | 3 |
| 70 - 74 Years | 1383 | 1353 | 652 | 251 | 28 | 30 | 189 | 262 | 510 | 808 | 4 | 2 |
| 75+ Years | 1079 | 1044 | 290 | 93 | 18 | 15 | 189 | 207 | 579 | 729 | 3 | 0 |

FINAL DRAFT

### १.२.३ भौगोलिक तथा जनसाङ्ख्यिक स्वरुप

जीतपुरसिमरा उपमहानगरपालिकाको कूल क्षेत्रफल ३०९.७ वर्ग किलोमिटर छ। यस पालिकाको पूर्वमा निजगढ र कोल्हवी उपमहानगरपालिका, पश्चिममा पर्सा जिल्लाको बीरगंज महानगरपालिका, दक्षिणमा परवानीपुर उपमहानगरपालिका, प्रसौनी उपमहानगरपालिका र कलैया उपमहानगरपालिका तथा उत्तरमा मकवानपुर जिल्लाको हेटौडा उपमहानगरपालिकासँग सिमाना जोडिएको छ। यसलाई प्रशासनिक रुपमा २४ वटा वडाहरुमा विभाजन गरीएको छ। यहाँको भूस्वरुप समथर तराई क्षेत्र

अन्तरगत पर्दछ । यहाँको हावापानी उष्ण खालको छ ।  बारा जिल्लामा पर्ने जीतपुरसिमरा देशकै कान्छो उपमहानगरपालिका हो । औद्योगिक क्षेत्रको रूपमा ख्याती प्राप्त यो उपमहानगरपालिका बहुजातीय, बहुधार्मिक, बहुसाँस्कृतिक पृष्ठभूमी बोकेको एउटा साझा थलो हो । भौगोलिक हिसाबले मध्य तराईमा अवस्थित भए पनि यो क्षेत्रमा भने अधिकाँश पहाडी मुलका जनसमुदायको नै बाहुल्यता छ । विश्वमान चित्रमा २७ डिग्रि १२ मिनेट उत्तरी अक्षांश  र  ८४  डिग्रि ९५ मिनेट पुर्वी देशान्तरमा अवस्थित जीतपुरसिमरा उपमहानगरपालिका बारा जिल्लाको सदरमुकामबाट करिब २० किमि उत्तर पश्चिम भेगमा पर्सा जिल्लासंग जोडिएको छ ।

जीतपुरसिमरा उपमहानगरपालिकाको कूल जनसंख्या १२७,३०७ जना रहेको छ जसमा पुरुषको ६३,९२७ जना (५०.२१%), महिलाको ६३,३८० जना (४९.७९%) रहेको छ । महिलाको भन्दा पुरुषको जनसंख्या ५४७ जना (०.४%) ले बढी देखिन्छ । यहाँको लैङ्गिक अनुपात ०.९९ छ । विभिन्न उमेर समूहको जनसंख्यालाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १.२ उमेर समूहमा जनसंख्याको वितरण**

| वडा नं | घरधुरी संख्या | जनसंख्या | | | औषत घरधुरी आकार | लैङ्गिक अनुपाद |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| All wards | 25650 | 127307 | 63927 | 63380 | 4.96 | 100.86 |
| 1 | 2257 | 8933 | 4588 | 4345 | 3.96 | 105.59 |
| 2 | 2576 | 10548 | 5269 | 5279 | 4.09 | 99.81 |
| 3 | 903 | 3964 | 2015 | 1949 | 4.39 | 103.39 |
| 4 | 1131 | 5224 | 2539 | 2685 | 4.62 | 94.56 |
| 5 | 889 | 4573 | 2317 | 2256 | 5.14 | 102.70 |
| 6 | 354 | 2090 | 1047 | 1043 | 5.90 | 100.38 |
| 7 | 2752 | 14719 | 7639 | 7080 | 5.35 | 107.90 |
| 8 | 839 | 5223 | 2712 | 2511 | 6.23 | 108.00 |
| 9 | 628 | 3292 | 1691 | 1601 | 5.24 | 105.62 |
| 10 | 599 | 3934 | 2058 | 1876 | 6.57 | 109.70 |
| 11 | 935 | 5268 | 2728 | 2540 | 5.63 | 107.40 |
| 12 | 858 | 4542 | 2286 | 2256 | 5.29 | 101.33 |
| 13 | 355 | 1946 | 971 | 975 | 5.48 | 99.59 |
| 14 | 1177 | 5177 | 2503 | 2674 | 4.40 | 93.61 |
| 15 | 1412 | 5956 | 2826 | 3130 | 4.22 | 90.29 |
| 16 | 1173 | 4741 | 2225 | 2516 | 4.04 | 88.43 |
| 17 | 983 | 4426 | 2089 | 2337 | 4.50 | 89.39 |
| 18 | 1119 | 5467 | 2680 | 2787 | 4.89 | 96.16 |
| 19 | 973 | 6166 | 3057 | 3109 | 6.34 | 98.33 |
| 20 | 990 | 5993 | 3027 | 2966 | 6.05 | 102.06 |
| 21 | 802 | 3764 | 1952 | 1812 | 4.69 | 107.73 |
| 22 | 707 | 3327 | 1644 | 1683 | 4.71 | 97.68 |
| 23 | 542 | 3520 | 1859 | 1661 | 6.49 | 111.92 |
| 24 | 696 | 4514 | 2205 | 2309 | 6.49 | 95.50 |

FINAL DRAFT

स्रोतः राष्ट्रिय जनगणना, २०७८

## १.३ जीतपुरसिमराको शैक्षिक अवस्था

नेपालमा विद्यालय क्षेत्र अन्तरगत एकवर्षे प्रारम्भिक बालविकास शिक्षामा ४ वर्ष उमेरका बालबालिका सहभागी हुन्छन्। ५-१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र १३-१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा दिने दायित्व नेपाल सरकारको रहेको छ। नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । यसले स्थानीय तहलाई जिम्मेवार बनाएको संवैधानिक व्यवस्था छ। नेपालमा निजी स्तरबाट सञ्चालन भएका सशुल्क र सरकारी लगानीमा सञ्चालन भएका निःशुल्क गरी दुई प्रकारका शिक्षा प्रणाली सञ्चालनमा आएका छन् । यसै गरी जितपुर सिमरा उपमहानगरपालिकाभित्र पनि यी दुवै प्रकृतिका शैक्षिक पद्धतिहरु सञ्चालनमा आएको छन् । यस खण्डमा जितपुर सिमरा उपमहानगरपालिकाको संक्षिप्त शैक्षिक अवस्था अन्तर्गत नीतिगत व्यवस्था, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन र दीगो विकासका लक्ष्यहरुको सन्दर्भ चर्चा गरीएको छ।

### १.३.१ नीतिगत प्रवन्ध

नेपालको संविधान २०७२ मा शिक्षालाई प्राथमिकतामा राखेको छ साथै संविधानको भाग ३ मा मौलिकहकको व्यवस्था गरीएको छ जस अन्तर्गत धारा ३१मा शिक्षा सम्बन्धी हक उल्लेख छ। धारा ३१ मा शिक्षालाई नागरीकको आधारभुत अधिकारको रुपमा व्यवस्था गरी प्रत्येक नागरीकलाई आधारभूत तह शिक्षा अनिवार्य र निःशुल्क,माध्यामिक तह सम्म निःशुल्क शिक्षा पाउने हक रहेको छ साथै अपाङ्गता भएका र आर्थिक रुप ले विपन्न नागरीकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक रहेको छ । त्यस्तै दृष्टीविहिन नागरीकलाई व्रेललिपि, बहिरा तथा बोलाई सम्बन्धी समस्या भएका नागरीकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने तथा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसकालागि शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुने कुरा उल्लेख गरीएको छ। यसै गरी संविधानको धारा ३८ मा महिलाको हक अन्तर्गत उपधारा ५ मा महिलालाई शिक्षा स्वास्थ्य, रोजगारी, र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ। यसैगरी नेपालको संविधान २०७२ मा वालवालिकाको हक अन्तर्गत प्रत्येक वालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा स्वास्थ्य, पालनपोषण, उचित स्याहार खेलकुद मनोरञ्जन, तथा व्यक्तित्व विकास तथा बाल सहभागिताको हक रहेको छ । साथै बालबालिकालाई घर विद्यालय वा जुनसुकै स्थानमा शरिरीक मानसिक वा कुनै किसिमको यातना दिन पाईने छैन भनि उल्लेख छ। त्यसै गरी दलितको हक अन्तर्गत आधारभुत तहबाट उच्च तह सम्म छात्रवृत्ती सहित निः शुल्क शिक्षाको व्यवस्था हुने कुरा उल्लेख छ । त्यसैगरी नेपालको संविधानमा शिक्षालाई बैज्ञानिक प्राविधिक ब्याबसायिक सिपमुलक, रोजगारमुलक जनमुखी बनाउदै सक्षम प्रतिस्पर्धी नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने शिक्षा क्षेत्रनमा राज्यको लागानी अभिबृद्दि गर्ने कुरा उल्लेख छ। साथै नागरीकको व्यक्तित्व विकासका लागि पुस्तकालय, सामुदायिक सुचना केन्द्रको स्थापना र प्रबर्द्र गर्ने कुरा उल्लेख छ । विद्यालय शिक्षा क्षेत्र योजना (SESP) २०२२/०२३–२०३१/३२ मा विद्यालय शिक्षाको पहुँच, गुणस्तर, सेवा प्रवाहको प्रभावकारी व्यवस्थापन तथा वैकल्पिक शिक्षकाको सवलीकरणजस्ता पक्षमा जोड दिएको छ। त्यस्तै १५औ आवधिक योजनामा गुणस्तरिय शिक्षा मार्फत दक्ष प्रतिस्पर्धी उत्पादनशिल र नबप्रवर्तनशिल मानव स्रोतको विकास गर्ने लक्ष्य राखेको छ। यसैगरी विद्यालय क्षेत्रविकास योजना २०७३|०७४-२०७९|०८० ले समाजका विविधता पुर्ण परिवेश तथा

आवश्यकताका यथार्थलाई आत्मसाथ गरी सबै नागरीकलाई उत्पादनशिल जिवनयापन गर्न चाहिने पुर्ण कार्यमुलक साक्षरता गणितिय सिप़ तथा आधारभुत जिवनोपयोगी सिपको विकासको अबसर प्राप्त गर्न सहजिकरण गर्दै जनशक्तिको क्षमता विकास निरन्तर एबं समावेशी प्रयत्न मार्फत मुलुकको सामाजिक आर्थिक, विकासमा योगदान दिई विद्मान असमानता हटाउने लक्ष्य तथा राष्ट्रको सामाजिक आर्थिक रुपान्तरणका लागि आवश्यक स्वावलम्बी प्रबर्तनात्मक र मुल्य उन्मुख नागरीकको विकासमा योगदान पुर्याउने दुरदृष्टि राखेको छ।

## १.३.२ अवस्था, उपलब्धी र अन्तर

### १.३.२.१ अवस्था

यस जितपुर सिमरा उपमहानगरपलिकाको स्थापना सँगै शिक्षामा विशेष जोड दिँदै आएको छ। हरेक वर्ष शिक्षा क्षेत्रको वजेट विस्तारका साथै भौतिक पूर्वाधारमा सुधार शैक्षिक गुणस्तरमा सुधार शैक्षिक उपलब्धी हासिल लगायतका सम्पुर्ण पक्षको विस्तार हुदै आएको छ। यस नगरपलिकामा पछिल्ला दिनहरुमा शिक्षाको पहुचमा उल्लेखिय विस्तार भएपनि गुणस्तर तथा सिकाई उपलब्धि सुनिश्चितता एक मुख्य चुनौतीको विषय हो।

यस उपमहानगरपालिकाको जनगणना २०७८ अनुसार साक्षरताको अवस्थालाई विश्लेषण गर्दा समग्र स्थानीय तहको साक्षरता प्रतिशत ७१.७ रहेको छ भने अझै पनि २८.३ प्रतिषत जनसंख्या निरक्षर रहेको छ। महिला भन्दा पुरुषको साक्षरता प्रतिशत करीब २० प्रतिशतले बढी रहेको छ।

जितपुर सिमरा उपमहानगरपालिकाको शिक्षाको अवस्थालाई विश्लेषण गर्दा यस उपमहानगरपालिका भित्र सामुदायिक रुपमा संचालित ६२ वटा प्रारम्भिक वालविकास केन्द्र, ४६ वटा आधारभुत विद्यालय, १६ वटा माध्यामिक विद्यालय र एउटा सामुदायिक अध्ययन केन्द्र रहेका छन्। साथै ५० वटा संस्थागत विद्यालय रहेका छन् जसमध्ये निजि (संस्थागत)आधारभूत विद्यालय २३ संस्थागत माध्यामिक विद्यालय २७ रहेको छ। प्राविधिक विषय पढाई ६ वटामा विद्यालयमा हुदै आएको छ। सामुदायिक तर्फ आधारभूतका विद्यालयहरु ७४ दशमलव २ प्रतिशत छन् भने माध्यमिक विद्यालयहरु २५ दशमलव ८ प्रतिशत रहेका छन्। त्यसैगरी कक्षा १-५ का विद्यालयको प्रतिशत आधारभूत भित्र ५२ दशमलव १७ प्रतिशत छ भने ६-८ का विद्यालयको प्रतिशत ४७ दशमलव ८३ प्रतिशत रहेको छ। त्यसैगरी माध्यमिक तर्फ १-१० का विद्यालयको प्रतिशत २५ रहेको छ भने १-१२ का विद्यालयको प्रतिशत ७५ रहेको छ। संस्थागत तर्फ समग्रमा आधारभूत तहमा मात्र ४६ प्रतिशत र माध्यमिक तहमा ५४ प्रतिशत रहेका छन्।

जितपुर सिमरा उपमहानगरपालिका शिक्षा शाखाको तथ्याङ्क अनुसार शै स २०८० मा यस उपमहानगरपालिका भित्र सामुदायिक विद्यालय को आधारभुत तह (१-८) मा १५,२५६ जना माध्यामिक तह (९-१२ )मा ४,९०७ जना र निजि विद्यालयमा ११९३८ जना गरी जम्मा ३२१०१ जना विद्यार्थी अध्ययनरत रहेका छन्। समग्रमा हेर्दा ६२ दशमलव ८ प्रतिशत बालबालिकाहरु सामुदायिक विद्यालयहरुमा छन् भने ३७ दशमलव २ प्रतिशत बालबालिकाहरु संस्थागत विद्यालयमा रहेका छन्। त्यस मध्ये पनि सामुदायिक तर्फ आधारभूत तहमा ७५.६६ र माध्यमिक तहमा २४.३४ प्रतिशत रहेकाछन्। समग्र विद्यालयमा सामुदायिक तर्फ छात्राको ५०.९८ प्रतिशत बालबालिकाहरु भर्ना छन् भने छात्र ४९.०२ प्रतिशत मात्र छन्। यसरी हेर्दा सामुदायिक विद्यालयमा छात्राको प्रतिशत उच्च छ। तर संस्थागत विद्यालय तर्फ छात्राको ४३ दशमलव ३ प्रतिशत बालबालिकाहरु भर्ना छन् भने छात्र ५६ दशमलव ७ प्रतिशत मात्र छन्। यसरी हेर्दा संस्थागत विद्यालयमा छात्रको प्रतिशत १३ दशमलव ४ प्रतिशतले बढी देखिन्छ।

FINAL DRAFT

आधारभुत तह (१-५) मा ३१५ जना शिक्षक,आधारभुत तह (६-८) मा १०० जना शिक्षक माध्यामिक तह (९-१०)मा ७४ जना शिक्षक, र माध्यामिक तह (११-१२) मा ३४ जना शिक्षक कार्यरत रहेका छन । यसै गरी ११० जना वाल विकास सहयोगी कार्यकर्ता रहेका छन् भने ५५ जना कार्यालय सहयोगि र १६ जना लेखापाल रहेका छन् । समग्रमा हेर्दा आधारभूत तहमा ७९ दशमलव ३४ प्रतिशत शिक्षक छन् भने माध्यमिक तहमा २६ दशमलव ६६ प्रतिशत मात्र रहेका छन् । शिक्षकको जम्मा संख्यामा कुल ४१ दशमलव १ प्रतिशत स्थायी, १५ दशमलव २ प्रतिशत करार र ४३ दशमलव ६ प्रतिशत राहत शिक्षकहरु रहेका छन् । लैङ्गिक रुपमा आधारभूत तहमा ४२ दशमलव ४ प्रतिशत र माध्यमिक तहमा १६ दशमलव ६ प्रतिशत महिला शिक्षक रहेका छन् । यस उपमहानगरपालिकाको शिक्षक विद्यार्थी अनुपातलाई विश्लेषण गर्ने हो भने आधारभूत तह ६–८ मा प्रति शिक्षक ६४ जना विद्यार्थी रहेका छन् भने माध्यमिक तहमा ५१ जना र समग्रमा ४६ जना रहेका छन् । त्यसमा पनि कक्षा १-५ मा प्रति शिक्षक ३९ जना मात्र विद्यार्थी रहेको छ ।

### १.३.२.२ उपलब्धी र अन्तर

जितपुर सिमरा उपमहानगरपालिकाको स्थापना सँगै शिक्षामा जोड दिदै आएको छ । हरेक बर्ष शिक्षा क्षेत्रको बजेटमा विस्तार गरिदै आएको छ । विद्यालय शिक्षालाई गहन रुपमा विश्लेषण गर्दा पछिल्ला दिनमा शिक्षाको पहुँचमा उल्लेखनीय विस्तार भएको भए पनि गुणस्तर तथा सिकाइ उपलब्धि सुनिश्चतता एक मुख्य चुनौतिको विषय रहेको छ । समग्र शैक्षिक सुचकको अवस्थालाई तलको तलिकाम प्रस्तुत गरिन्छ ।

| सूचक | लिंग | Jeetpursimara Sub Metropolitan City |
|---|---|---|
| ECD को कुल भर्नादर | छात्रा | ९७.३ |
| | छात्र | १०४.३ |
| | जम्मा | १०१.० |
| ECD को खुद भर्नादर | छात्रा | ६३.९ |
| | छात्र | ६७.८ |
| | जम्मा | ६५.९ |
| कुल प्रवेशदर कक्षा १ | छात्रा | १३५.६ |
| | छात्र | १४६.५ |
| | जम्मा | १४१.० |
| खुद प्रवेशदर कक्षा १ | छात्रा | ९२.४ |
| | छात्र | ९४.४ |
| | जम्मा | ९३.४ |
| कुल प्रवेशदर कक्षा १-५ | छात्रा | १४२.१ |
| | छात्र | १३९.९ |
| | जम्मा | १४१.० |

FINAL DRAFT

| | | |
|---|---|---|
| खुद प्रवेशदर कक्षा १-५ | छात्रा | ९९.२ |
| | छात्र | ९९.४ |
| | जम्मा | ९९.३ |
| कुल प्रवेशदर कक्षा ६-८ | छात्रा | ११८.४ |
| | छात्र | ११०.५ |
| | जम्मा | ११४.२ |
| | छात्र | ९२.५ |
| | जम्मा | ९१.७ |
| कुल प्रवेशदर कक्षा १-८ | छात्रा | १२७.३ |
| | छात्र | १२४.९ |
| | जम्मा | १२६.१ |
| खुद प्रवेशदर कक्षा १-८ | छात्रा | ९६.६ |
| | छात्र | ९७.१ |
| | जम्मा | ९६.९ |
| कुल प्रवेशदर कक्षा ९-१० | छात्रा | १०१.० |
| | छात्र | ८८.७ |
| | जम्मा | ९४.२ |
| खुद प्रवेशदर कक्षा ९-१० | छात्रा | ७७.२ |
| | छात्र | ६७.३ |
| | जम्मा | ७१.७ |
| कुल प्रवेशदर कक्षा ११-१२ | छात्रा | ५६.७ |
| | छात्र | ७६.० |
| | जम्मा | ६५.० |
| खुद प्रवेशदर कक्षा ११-१२ | छात्रा | ३०.२ |
| | छात्र | ३७.९ |
| | जम्मा | ३३.५ |
| कुल प्रवेशदर कक्षा ९-१२ | छात्रा | ७६.८ |
| | छात्र | ८३.३ |
| | जम्मा | ८०.० |
| खुद प्रवेशदर कक्षा ९-१२ | छात्रा | ५१.५ |

FINAL DRAFT

| | | |
|---|---|---|
| | छात्र | ५४.८ |
| | जम्मा | ५३.२ |

Source : CEHRD Flash Report 2079 and Local Level IEMIS Dashboard

माथिको तालिकाको विश्लेषण गर्दा आधारभूत तहको कक्षा १-८ को कुल भर्ना दर १२६.१ र कक्षा ९-१२ हेर्दा ८०.० देखिन्छ । यसरी हेर्दा सहि उमेरमा बालबालिकाहरु भर्ना नहुने देखिएको छ । समयमा नै विद्यालय भर्ना गराउनु पर्ने यस पालिकाको प्रमुख काम देखिन्छ । त्यसैगरी आधारभूत तहमा खुद भर्ना दर ९६.९ र माद्यमिक तहमा खुद भर्ना दर ५३.२ रहेको छ । यसरी हेर्दा अझै पनि आधारभुत तहमा ३.१ र माध्यमिक तहमा ४६.८ प्रतिशत बालबालिकाहरु विद्यालय बाहिर रहेका छन् । त्यसमा पनि छात्राको पहुँच छात्र भन्दा कम रहेको छ । त्यसैगरी यस उपमहानगरपालिकाको दोर्हाउने उत्तिर्ण हुने र कक्षा छोड्नेदरलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| सूचक | लिंग | पालिका |
|---|---|---|
| **कक्षा १ देखि ५ सम्मको दोहोर्याउने दर** | छात्रा | 4.2 |
| | छात्र | 4.5 |
| | जम्मा | 4.3 |
| **कक्षा ६ देखि ८ सम्मको दोहोर्याउने दर** | छात्रा | 0.5 |
| | छात्र | 0.9 |
| | जम्मा | 0.7 |
| **कक्षा ९ देखि १० सम्मको दोहोर्याउने दर** | छात्रा | 0.3 |
| | छात्र | 0.3 |
| | जम्मा | 0.3 |
| **कक्षा १ देखि ५ सम्मको छाड्ने दर** | छात्रा | 0.9 |
| | छात्र | 1.6 |
| | जम्मा | 1.3 |
| **कक्षा ६ देखि ८ सम्मको छाड्ने दर** | छात्रा | 1.3 |
| | छात्र | 3.1 |
| | जम्मा | 2.2 |
| **कक्षा ९ देखि १० सम्मको छाड्ने दर** | छात्रा | 0.2 |
| | छात्र | 0.3 |
| | जम्मा | 0.3 |
| **कक्षा १ देखि ५ सम्मको उत्तीर्ण दर** | छात्रा | 93.7 |

FINAL DRAFT

| | | |
|---|---|---|
| | छात्र | 92.9 |
| | जम्मा | 93.3 |
| **कक्षा ६ देखि ८ सम्मको उत्तीर्ण दर** | छात्रा | 97.9 |
| | छात्र | 95.8 |
| | जम्मा | 96.8 |
| **कक्षा ९ देखि १० सम्मको उत्तीर्ण दर** | छात्रा | 98.9 |
| | छात्र | 99.1 |
| | जम्मा | 99.0 |

Source : CEHRD Flash Report 2079 and Local Level IEMIS Dashboard

माथिको तालिका विश्लेषण गर्दा यस उपमहानगरपालिकाको कक्षा उत्तिर्ण दर राम्रो भए पनि कक्षा ६ बाट ८ सम्मको कक्षा छोड्ने दर उच्च रहेको छ । कक्षा छोड्ने दरमा छात्रा भन्दा छात्रको दर उच्च रहेको छ । तर कक्षा दोर्हाउने दरमा छात्राको भन्दा छात्रको उच्च रहेको छ । त्यसैले अवको योजनामा बालबालिकाहरुलाई छाड्ने र दोहोऱ्याउने दरलाई पनि कम गर्नुपर्ने क्रियाकलापहरु राख्नु जरुरी देखिन्छ । जीतपुरसिमरा उपमहानगरपालिकाको विगत वर्षहरुको शैक्षिक उपलब्धि स्तर र शैक्षिक वर्ष २०७९ को उपलब्धि स्तरलाई समीक्षा गर्दा विगतका वर्षहरुको भन्दा हालको उपलब्धि स्तर क्रमशः सुधार हुदै गएको देखिन्छ ।

| **क्षेत्र** | **सुचक** | **लिंग** | **प्रतिशत** |
|---|---|---|---|
| **आन्तरिक सक्षमता कक्षा १ बाट ५** | कक्षा ५ सम्मको टिकाउदर | छात्रा | 89.0 |
| | | छात्र | 88.6 |
| | | जम्मा | 88.8 |
| | कक्षा ५ सम्मको पुरा गर्ने दर | छात्रा | 83.1 |
| | | छात्र | 81.3 |
| | | जम्मा | 82.2 |
| | Average no.of pupil-years invested per graduate in Lower basic level | छात्रा | 5.5 |
| | | छात्र | 5.6 |
| | | जम्मा | 5.5 |
| | कक्षा १ बाट ५ आन्तरिक सक्षमता | छात्रा | 91.6 |
| | | छात्र | 90.0 |
| | | जम्मा | 90.8 |
| **आन्तरिक सक्षमता कक्षा ६ बाट ८** | कक्षा ८ सम्मको टिकाउदर | छात्रा | 73.6 |
| | | छात्र | 71.5 |
| | | जम्मा | 72.6 |
| | कक्षा ८ सम्मको पुरा गर्ने दर | छात्रा | 72.4 |
| | | छात्र | 70.5 |

| | | | |
|---|---|---|---|
| | | जम्मा | 71.5 |
| | Average no.of pupil-years invested per graduate in Lower basic level | छात्रा | 10.6 |
| | | छात्र | 10.7 |
| | | जम्मा | 10.6 |
| | कक्षा ६ बाट ८ आन्तरिक सक्षमता | छात्रा | 75.3 |
| | | छात्र | 75.0 |
| | | जम्मा | 75.6 |
| **आन्तरिक सक्षमता कक्षा ९ बाट १०** | कक्षा १० सम्मको टिकाउदर | छात्रा | 67.6 |
| | | छात्र | 65.1 |
| | | जम्मा | 66.4 |
| | कक्षा १० सम्मको पुरा गर्ने दर | छात्रा | 67.6 |
| | | छात्र | 65.1 |
| | | जम्मा | 66.4 |
| | Average no.of pupil-years invested per graduate in Lower basic level | छात्रा | 13.2 |
| | | छात्र | 13.3 |
| | | जम्मा | 13.2 |
| | कक्षा ९ बाट १० आन्तरिक सक्षमता | छात्रा | 60.7 |
| | | छात्र | 60.1 |
| | | जम्मा | 60.7 |

यस उपमहानगरपालिकाको आन्तरिक सक्षमतालाई हेर्दा कक्षा ८ को टिकाउ दर ७१.५ र कक्षा १० को टिकाउ दर ६६.४ रहेको छ। यसरी हेर्दा बालबालिकाहरुको टिकाउदर ज्यादै कमजोर रहेको छ। लैगिङ्गरुपमा हेर्दा पनि छात्राको भन्दा छात्रको टिकाउदर कम रहेको छ। यस क्षेत्रमा पनि पालिकाले ध्यान दिनु पर्ने अर्को महत्वपुर्ण क्षेत्र रहेको छ।

### १.३.३ प्रमुख समस्याहरु, चुनौति र अवसरहरु

**प्रमुख समस्याहरु**

मुलत: शिक्षा क्षेत्रको अबस्थालाई नियाल्दा सकारात्मक पक्ष र नकारात्मक पक्ष वा सवल पक्ष र दुर्बल पक्ष रहेकाछन्। यो त केवल एक सिक्काका दुई पाटा जस्तै हुन। शिक्षा क्षेत्रमा भएको विविध सरल र सकारात्मक पक्षहरु हुदाँहुदै पनि यसका समस्याहरु पनि हुन्छन र हामीले भोग्दै र अनुभव गर्दै आएकाछौं। विद्यालय शिक्षामा सबै बालबालिकाहरूलाई पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितता गर्न नसक्नु, पाठ्यक्रमले तोके बमोजिमका सिकाइ उपलब्धिहरू हासिल गर्न नसक्नु, बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरणमा सुधार हुन नसक्नु, स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, विषयगत रूपमा र कक्षागत रूपमा शिक्षकहरूको दरबन्दी नहुनु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच नहुनु र प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरू

उपलब्ध गराउन नसक्नु, वैकल्पिक सिकाइको प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, उपयुक्त भौतिक पूर्वाधारको विकास गर्न नसक्नु आदि शिक्षाक्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन् ।

साथै लेखनपुर्व गरिएको कार्यशाला तथा सुझाबको आधारमा भन्ने हो भने यस क्षेत्रको प्रमुख समस्या भनेको न्युन सिकाइ उपलब्धी स्तर तथा न्युनत्तम सिकाइ वातावरण नहुनु रहेको छ । अन्य केहि थप शिक्षा केन्द्रित समस्याहरुलाई तल प्रस्तुत गरिएको छ ।

**पहुँच**

- आधारभूत तहमा केहि तथा माध्यमिक तहमा शिक्षामा धैरै वालबालिकाको पहुँच कमजोर हुनु
- अपाङ्गता तथा आर्थिक रुपले विपन्न एवम् पिछडिएका बर्गका बालबालिकाहरुको शिक्षामा पँहुच कम हुनु
- विद्यालयमा भर्ना भएका बालवालिकालाई टिकाई राख्न नसक्नु
- अभिभाबक शिक्षा तथा सचेतनाको कमी
- विद्यालय भर्ना नभएका बालबालिकाहरुको लागि पालिकाबाट लक्षित कार्यक्रम नहुनु
- सहि उमेरमा बालबालिकाहरु भर्ना नहुनु

**सिकाइ उपलब्धी**

- सिकाइ उपलब्धीको स्तरमा कमी हुनु
- तहगत, क्षेत्रगत तथा विषयगतरुपमा सम्पूर्ण विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसक्नु वा शिक्षक अभाव देखिनु
- दक्ष तथा पेशागत विकास भएको शिक्षकको कमी
- शिक्षणसिकाइ तथा मूल्याङ्कन प्रक्रिया तोके अनुरुप पाठ्यक्रम केन्द्रित लागु नहुनु
- शिक्षकलाई पेशागत सहयोग गर्ने प्रणालीको विकास गर्न नसक्नु
- विद्यार्थीको सिकाइ उपलब्धी विश्लेषण नहुनु
- शिक्षकले तोकेको पुरा समय शिक्षण नहुनु

**सिकाइका लागि वातावरण, ब्यवस्थापन, सुशासन र नेतृत्व**

- भौतिक संरचना राम्रो नहुनु
- अपनत्व, सुसाशन, जिम्मेवारी तथा जवाफदेहिताको आशातीत प्रत्याभूति दिन नसक्नु अर्थात् शिक्षामा जवाफदेहीता तथा सुशासन कायम गर्न नसक्नु ।
- प्रअको नेतृत्व सीपमा कमी
- विब्यस शिअस क्रियाशिल नहुनु तथा विद्यालयको सुधारमा लाग्न नसक्नु
- अनुगमन तथा निरीक्षणमा कमी हुनु
- विद्यालयमा अभिलेखिकरण प्रभावकारी अनुसार नहुनु

FINAL DRAFT

- विद्यालयमा सिकाका लागि न्यूनतम आवश्यक शैक्षिक  तथा भौतिक वातावरण  सुनिश्चित गर्न नसक्नु
- विद्यालय शिक्षामा पुरस्कार र दण्डको कमी हुनु ।
- दिवा खाजा ब्यवस्थापनले स्थानिय उत्पादन सँग जोडन नसक्नु
- सामुदायिक बिद्यालयले आम अभिभावकको मन  जित्न नसक्नु
- शिक्षक तालिम, गोष्टि ,सेमिनार, जस्ता बृद्धि बिकास का क्रियाकलाप कम हुनु र भएको तालिमको पनि कक्षा कोठामा कार्यान्वयनमा कमी हुनु

**चुनौतिहरु**

विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पुर्वाधारको विकास गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण अभिबृद्दि गर्नु , विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु , शैक्षिक सुशासन उत्तरदायित्व अभिबृद्दि गर्नु ,उपमहानगरपालिका भित्र रहेका सम्पुर्ण विद्यालयमा भौतिक पुर्वाधार सहितको आकर्षक वातावरण विकास गर्नु, बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु, विद्यालय बाहिर रहेका सबै वालबालिकालाई विद्यालय भर्ना गराउनु, कक्षा छाड्ने दर शून्यमा झारी अपेक्षित सिकाइ उपलब्धी हासिल गर्नु, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि  गर्दै शिक्षकको पेशागत क्षमता अभिवृद्धिका लागि तालिम गोष्ठीको व्यवस्था गर्नु, सम्पूर्ण सामुदायिक विद्यालयहरुमा नियमित अनुगमन तथा पृष्ठपोषण प्रदान गर्नु, स्थानीय विषयका पाठ्यपुस्तकको निर्माण तथा वितरण, सूचना सञ्चार प्रविधिले ल्याएका विविध अवसरको सदुपयोग गर्नु यस क्षेत्रका प्रमुख चुनौतिहरु हुन् ।

संक्षिप्तमा यस उपमहानगरपालिकाका प्रमुख चुनौतिहरु तपसीलका रहेका छन् ।

- प्रारम्भिक वाल विकास केन्द्रको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार संचालन गर्नु
- आवश्यकतानुसार भौगोलिक नक्साङ्कनको आधारमा  विद्यालयको स्थापना ,समायोजन तथा पुन वितरण गर्नु
- पहुँचयुक्त विद्यालयको भौतिक संरचना तयार गर्नु
- ईन्टरनेट तथा सूचना र प्रविधिको पहुँच सम्पूर्ण विद्यालयमा पुर्याउनु
- अनिवार्य, निःशुल्क तथा गुणस्तरीय सिकाइलाई सुनिश्चित गर्ने
- दिवाखाजा ब्यवस्थापनलाइ स्थानिय उत्पादन सँग जोडन नसक्नु ।
- सामुदायिक बिद्यालयले आम अभिभावकको मन  जित्न नसक्नु ।
- प्रयाप्त आर्थिक श्रोतको अभाव हुनु ।

**अवसरहरु**

विविध चुनौतिहरु विच पनि शैक्षिक क्षेत्रमा अव्वल परिवर्तन गर्न का निम्ति थुप्रै अवसरहरु पनि रहेको छ । कालो बादल भित्र सुन्दर चाँदिको घेरा हुन्छ भनेझै यी तमाम चुनौतिका वावजुद बिद्यालय विद्यालय शिक्षाको सुदृढिकरणका लागि थुप्रै अवसर विद्यमान रहेको छ । शैक्षिक क्षेत्रमा यस पालिकाको शिक्षा क्षेत्रमा पनि लगानि बढ्दै गएको छ । यसैगरी यस उपमहानगरपालिकाले शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकतामा राखी विविध कार्यक्रम लागू गरिरहेको छ । शिक्षा तीनवटै

FINAL DRAFT

सरकारको साझा अधिकार क्षेत्रको रुपमा रहेकोले आपसी साझेदारीमा लगानी अभिबृद्दि गर्न सकिने अवस्था देखिनु, विद्यालय शिक्षामा सुधारका लागि उपमहानगरपालिकामा विभिन्न संघस्थाहरु जस्तै GSS UMN, INF, KIDS, KIRDRC जस्ताको निरन्तर कार्यक्रम सञ्चालन हुनु , शैक्षिक सूचकाङ्कहरुको प्रगति सकारात्मक दिशातिर हुनु पनि शिक्षाको अवसरका रुपमा रहेका देखिन्छन् ।

## १.४ योजना निर्माण प्रक्रिया

कुनै पनि कार्यलाई सरल र सहज ढंगले समयमा सम्पन्न गर्नको लागि प्रतिफलको आशा सहित गरीएको कार्यको स्वरुपको सिलसिला बद्द रुपरेखा नै योजना हो यो आफैमा निर्मित हुदैन साथै यो जटिल र चुनौतिपुर्ण कार्य हो। यसलाई अगाडि बढाउन निम्न चरण र प्रक्रिया अबलम्बन गरीएको छ। उपमहानगरपालिकाले तयार गरेको यस योजनालाई शिक्षा विकास तथा समन्वय इकाइ बारा सहित विशेष गरी VSO तथा JJYC जस्ता गैर सरकारी संस्थाहरुले प्राविधिक सहयोग तथा  समन्वय गरेका थियो। समग्रमा योजनाको कार्यलाई ब्यवस्थित बनाउनको लागि तलको चरणहरु पुरा गरिएको थियो।

- नगर शिक्षा समितिले शिक्षा योजना निमार्णका लागि १३ सदस्यीय निर्माण कार्यदलको गठन भएको।
- कार्यदलको बैठक बसी शिक्षा योजनाको लागि कार्ययोजना बनाइ कामको बाँडफाड गरिएको।
- कार्यदलले शिक्षा योजना लेखनको लागि लेखन समुह निर्माण गरी लेखन समुहलाई अभिमूखीकरण गरी कामको विभाजन गरिएको।
- विभिन्न चरणको छलफल तथा अन्तरक्रियाबाट शिक्षा योजनाको विकास तथा प्रमाणित गरिएको।
- शिक्षा योजना लेखन समुहबाट योजनाको लेखन तथा लेखन समुहको छलफल तथा अन्तरक्रियाबाट पहिलो डाफ्ट तयार गरिएको।
- त्यस पश्चात योजना लेखन कार्यमा सहयोग पुर्याउन गठित जिल्ला प्राविधिक कार्यदलको सदस्यहरुबाट अध्ययन तथा सुझाब प्रदान।
- अन्तर पालिकाको टिम र जिल्ला प्राविधिक कार्यदलको सदस्यहरु समेत रहेको टिमबाट लेखन कार्यको प्राविधिक अध्ययन तथा डाफ्टको अन्तिमिकरण गरिएको ।
- मुख्य सरोकारवालाहरुबाट योजनामा सुझाबको लागि २ दिने कार्यशाला सञ्चालन गरिएको ।
- तयार भएको शिक्षा योजनाको डाफ्टलाई मुख्य सरोकारवालाहरु माझ अन्तिम सुझाबको लागि १ दिने कार्यक्रम सञ्चालन गरिएको।
- सरोकारवालाहरुबाट आएका सुझवाहरु सहित शिक्षा योजनाको लेखन कार्य अगाडी बढाइएको।
- अन्तिम अध्ययनका लागि मुख्य टिममा पेश गरिएको।
- अन्तिम ड्राफ्ट तयार गरी प्रमाणिकरणका लागि कार्यपालिकामा पेश गरिएको।
- कार्यपालिकाबाट स्वीकृति तथा सिफारिस हुँदै नगरसभाबाट प्रमाणित गरिएको।

FINAL DRAFT

# परिच्छेद २: दुरदृष्टी, ध्येय, उद्देश्य तथा प्रमुख उपलव्धि सुचकहरु

## २.१ राष्ट्रिय दीर्घकालिन सोच

आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकाससहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने ।

## २.२ दीर्घकालिन सोच

"समृद्धीका लागि सबैलाई गुणस्तरीय शिक्षा, जीतपुरसिमरा उपमहानगरपालिकाको इच्छा "

## २.३ लक्ष्य

विद्यालय जाने उमेर समुहका सबै बालबालिकाहरमा शिक्षाको पहुँच सुधार गर्दै गुणस्तरीय सिकाइको लागि न्युनत्तम सिकाइ वातावरणको सुनिश्चितता गर्न निशुल्क शिक्षा प्रदान गर्ने ।

## २.४ उद्देश्यहरु

- प्रारम्भिक बालविकास देखि माध्यमिक शिक्षाको पहुँचमा जोड दिनु ।
- विद्यालय शिक्षाको सिकाइ उपलब्धीमा वृद्धि गर्नु ।
- विद्यालयलाई आवश्यक पर्ने न्यूनतम भौतिक पुर्वाधारको सुधार गरी सिकाइ वातावरणमा सुधार ल्याउनु ।
- स्थानीय पाठ्यक्रमको विकास गरी कार्यान्वयन गर्नु ।
- विद्यालय शिक्षामा प्रविधियुक्त शिक्षक तयार गरी गुणस्तरीय शिक्षामा जोड दिनु ।
- शिक्षकको पेशागत क्षमता अभिवृद्धिमा जोड दिनु ।
- विद्यालय व्यवस्थापनमा सुशासन कायम गर्न नेतृत्व व्यवस्थापन, जवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्नु ।
- आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसरमा वृद्धि गर्नु ।
- साक्षर उपमहानगरपालिका घोषणा गर्दै अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरुलाई विस्तार गर्नु ।

## २.५ रणनीतिहरु

**पहुँच वृद्धिका लागि**

- आवश्यकताको आधारमा प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र तथा विद्यालयको नक्साङ्कन, समायोजन र पुनर्वितरण गरिनेछ ।
- कक्षा ५ सम्मका विद्यार्थीहरुलाई नि:शुल्क पोषाक वितरणको माध्यमबाट वालवालिकामा विद्यालयप्रति आकर्षण गरिनेछ ।

FINAL DRAFT

- हरेक वर्षको शैक्षिक सत्रको पहिलो महिना भित्र विद्यालय स्तरमा वि.व्य.स. र शि.अ.स. नेतृत्वमा एक कार्यदल निर्माण गरी निश्चित फारामको आधारमा लक्षित वर्ग सम्म पुगी भर्ना अवस्थाको यकिन गरी भर्ना अभियानलाई सशक्त र सबल बनाइने छ।
- सिमान्तकृत तथा पछाडि पारिएका वर्गका तथा कार्यगत सीमितता भएका बालबालिकाहरुको पहिचान गरी "उपमहानगरपालिकासँग बालबालिका शैक्षिक सहयोग कार्यक्रम" नामक कार्यक्रम लागू गरिनेछ।
- वडा तथा पालिकास्तरमा सतप्रतिशत विद्यालय पहुँच घोषणा कार्यक्रम सञ्चालन गरिनेछ।
- तोकिएको उमेरका बालबालिकालाई विद्यालयमा आउने वातावरणको सिर्जना गरिनेछ।

**सिकाइ उपलब्धी सुधारका लागि**

- प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सुधारको लागि प्रारम्भिक बाल विकास केन्द्रको पाठ्यक्रम २०७७ लाई पुर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ।
- प्रारम्भिक कक्षाको सिकाइ सुधारको लागि "पढ्नको लागि सिक्ने" धारणा सहित क्रमिक सिकाइ सहजीकरण रणनीति लाई पुर्ण कार्यान्वयनमा लगिनेछ।
- सिकाइ सुधारको लागि बालमैत्री तथा क्रियाकलापमा आधारित सिकाइ (ABL) जस्ता विधिलाई जोड दिदै क्रमश: प्रविधिमैत्री शिक्षणमा जोड दिइनेछ।
- सिकाइ सुधारको लागि शिक्षण सुधार योजना (TIP) लाई पुर्ण रुपमा कार्यान्वयनमा लगिनेछ।
- विद्यालय तहका सबै कक्षामा कम लागत अर्थात् Low cost no cost मा आधारित शिक्षण सिकाइ तथा सन्दर्भ सामग्री सहित व्यवस्थापन गरिनेछ।
- एक शिक्षक, आफ्नो विषयको पाठ्यपुस्तक, पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको उपलब्धतता सहित प्रयोगको अनिवार्यता गर्दै नवीनतम् विधि र प्रविधि मार्फत सिकाइ सहजीकरण गरिनेछ।
- सिकाइको लागि मूल्यांकनको अवधारणा अवलम्बन गर्दै कक्षा १ बाट ३ सम्म थिमगत मूल्यांकन र ४ बाट १२ सम्म परियोजना तथा प्रयोगात्मक सहितको आन्तरिक तथा बाह्य मूल्यांकनलाई पुर्ण रुपमा लागु गरिनेछ।
- कक्षा ८ को पालिका स्तरीय परीक्षा थप व्यवस्थित गर्दै कक्षा ५ को परीक्षा समेत पालिका स्तरीय बनाई सञ्चालन गरिनेछ।
- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास गरी कार्यान्वयनमा लगिनेछ।
- वार्षिक रुपमा विद्यालय स्तरमा विद्यालयले र पालिका स्तरमा शिक्षा शाखाले विद्यार्थीको सिकाइ उपलब्धीको विभिन्न सुचकका आधारमा विश्लेषण गरी सिकाइ उपलब्धी सम्बन्धी प्रतिवेदन तयार गरी सबै सरवकारवालाहरु समक्ष बर्षको कम्तिमा १ दिन बार्षिक रुपमा छलफल र अन्तरक्रिया गर्ने अभ्यासको शूरुवात गरिनेछ।
- शैक्षिक गुणस्तर अभिवृद्दिका लागि अभिभावकहरु बीच विद्यालय स्तरमा अन्तरक्रिया सञ्चालन गरिनेछ।
- महिनाको १ पटक अन्तिम शुक्रबार तोकिएको ढाँचामा सिकाइ केन्द्रित शिक्षक/स्टाफ बैठक सञ्चालन गरिनेछ।
- शिक्षण सिकाइ र अनुभवका लागि शैक्षिक भ्रमणको अभ्यासलाई निरन्तरता दिइनेछ।
- २० वर्ष सेवा अवधि पुरा भई ५० वर्ष उमेर नाघेका शिक्षकलाई स्वेच्छिक Golden Handshake को व्यवस्था गरिनेछ।

FINAL DRAFT

**सिकाइ वातावरण**

- विद्यालयको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनको लागि सिकाइ वातावरण सुनिश्चत गर्न आवश्यकता अनुसार विद्यालय सुधार योजनामा आधारित "नगरपालिका शैक्षिक सुधार कार्यक्रम" लागु गरिनेछ।
- प्रविधियुक्त शिक्षण सिकाइका लागि प्रत्येक विद्यालयमा डिजिटल बोर्डको व्यवस्था गरिनेछ।
- यस उपमहानगरपालिका भित्रका बालविकास शिक्षा सहित सबै तहको विद्यालय शिक्षामा विद्यालय शिक्षा क्षेत्र योजनाले तोकेका न्युनत्तम मापदण्डहरु क्रमिक रुपमा १० बर्ष भित्र पुरा गरिनेछ।
- सिकाइ वातातरण सुनिश्चितताका लागि अभिभावक, समुदाय, सरकारी तथा गैरसरकारी निकायबीच समन्वय गरी साझेदारीको आधारमा शैक्षिक कार्यक्रम तथा सिकाइ वातावरणमा सुधार ल्याइनेछ।

**नेतृत्व, व्यवस्थापन, सुशासन र प्रशासन**

- विव्यसलाई विद्यालय सुधारप्रति जिम्मेवार बनाउन, हालको विव्यस गठन प्रक्रियामा सुधार ल्याउन वा विद्यालय सुधारका अन्य क्षेत्रहरु सुधारको लागि नीतिगत व्यवस्था गर्न जीतपुरसिमरा उपमहानगरपालिकाको शिक्षा ऐन २०७५ संशोधन गरी पूर्ण रुपमा कार्यान्वयनमा लगिनेछ ।
- सबै सामुदायिक विद्यालयका प्रअको नियुक्ति कार्यविधि तयार गरी खुल्ला प्रतिस्पर्धाबाट गरिनेछ । पाँच वर्षमा प्रअको कार्यसम्पादन मूल्यांकन गरी करार सम्झौता हुने व्यवस्था गरिनेछ।
- पालिकाले वार्षिक रुपमा विद्यालयको प्रअसँगको कार्यसम्पादन करार सम्झौता गरी कार्यान्वयनमा लगिनेछ । उक्त सम्झौता अनुसारको कार्य सम्पादन मूल्यांकनको आधारमा वार्षिक रुपमा प्रअलाई थप प्रोत्साहन भत्ता प्रदान गरिनेछ।
- वडास्तरीय अनुगमन समितिले विद्यालयलाई निकासा गरिएको बजेट तथा कार्यक्रमको कार्य सम्पन्न प्रगतिको स्थलगत अनुगमन गरी उक्त कार्यक्रमको मूल्यांकन गरिनेछ।
- शिक्षक संख्या कम भएका विद्यालयहरुमा स्वयम्सेवक शिक्षकको व्यवस्था गरी विद्यालयहरुमा आवश्यक शिक्षकको व्यवस्था क्रमशः गर्दै लगिनेछ।
- स्रोत कक्षालाई थप ब्यवस्थित तथा शैक्षिक सामग्री सहितको सिकाइ वातावरण तयार गरिने छ।
- बालिकाका सञ्जालको गठनलाई निरन्तरता तथा प्रभावकारी परिचालनको लागि थप सहयोग गरिने छ।
- स्यमसेवक परिचालन गरी युवा समुह बाल समुहको सशक्तीकरण तथा अभिभाबक तथा समुदाय परिचालन तथा सचेतनामा जोड दिइने छ।
- नगर शिक्षा समितिले एक निश्चित मापदण्ड तयार गरी वार्षिक रुपमा पालिकास्तरीय उत्कृष्ट विद्यालय, शिक्षक, प्रअ विव्यस र विद्यार्थीको घोषणा गरी पुरस्कृत गरिनेछ।
- विद्यालयको समग्र शिक्षा प्रणालीलाई थप सहयोगका लागि कम्तिमा "एक विद्यालय एक अक्षयकोष" र शैक्षिक गुणस्तर सुधार पूर्व विद्यार्थी सञ्जाल निर्माण गरी स्रोतको खोजी गर्न अभिप्रेरित गर्दै स्रोत व्यवस्थापन गर्ने रणनीति लिइनेछ।
- विद्यालयको सुशासन, जवाफदेहिता तथा व्यवस्थापनमा प्रभावकारिता तलका थप अन्य रणनीतिहरु कार्यान्वयनमा ल्याइनेछः

FINAL DRAFT

- विद्यालयको नेतृत्वको क्षमता विकास कार्यक्रम,
- विद्यालय आचारसंहिता निर्माण र कार्यान्वयन,
- हरेक वर्ष विद्यालयको कार्य सम्पादन मूल्यांकन,
- सरकारले तोके बमोजिम नै विद्यालय सुधार योजना, सामाजिक परीक्षण, लेखा परीक्षणलाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ। उक्त कार्यको सघन रुपमा शिक्षा शाखाबाट मूल्यांकन गरी गुणस्तर यकिन गरिनेछ।
- समयमा तथ्यांक अद्यावधिक नगर्ने तथा प्रभावकारी अभिलेख नराख्ने कार्यलाई कम गर्न उक्त कार्यलाई विद्यालयमा जाने निकासासँग जोडिनेछ।

**निरन्तर सिकाइ**

- विभिन्न संघसंस्था, उच्च शिक्षा, कक्षा ११ र १२ का विद्यार्थीहरु, शिक्षकहरु सहित सबै निकायहरु परिचालन गरी साक्षर उपमहानगरपालिका घोषणा गरिनेछ।
- साक्षर उपमहानगरपालिका घोषणा गर्न तथा निरन्तर सिकाइको लागि सामुदायिक सिकाइ केन्द्रलाई थप प्रभावकारी रुपमा परिचालन गरिनेछ।
- माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई तोकिएको कुनै एक विषयको प्रयोगात्मक कार्यका लागि साक्षरता तथा निरन्तर सिकाइका कार्यक्रममा सहभागी गराउँदै लगिनेछ।

**आपतकालिन शिक्षा**

- संकटको बेलामा पनि शिक्षण सिकाइ सञ्चालन गर्न पालिका स्तरमा एक छुट्टै योजना तयार गरी नियमित विद्यालय सञ्चालन गर्ने वातावरण मिलाइनेछ।
- विपद्मा सिकाइ निरन्तरता कायम गर्न वैकल्पिक सिकाइ सहजीकरणका लागि तत्कालीन आवश्यकता र परिस्थिति अनुसार वडा वा पालिका मार्फत उपयुक्त किसिमको बैकल्पिक माध्यम छनौट गरी कार्यान्वयनमा ल्याइनेछ।
- विपद् व्यवस्थापन तथा तयारीका लागि कार्यविधि मार्फत पालिका स्तरिय विद्यालय शिक्षा सहयोग विपद् कोष खडा गरिनेछ। आधारभूत तहको कक्षा ५ र ८ को वार्षिक परीक्षालाई पालिका स्तरीय वनाइ सुधार गरीनेछ। कोभिड १९ जस्तै अन्य प्रकारका विपत्तीका वखतमा पढाई निरन्तरताका लागि कक्षा १ देखी ३ सम्म तथा माथिल्ला कक्षाहरुमा पनि गृह विद्यालय कार्यक्रम सञ्चालन गर्ने।

FINAL DRAFT

## २.६ मुख्य कार्यसम्पादन सुचकहरु

| मुख्य कार्यसम्पादन सुचक | | | | | |
|---|---|---|---|---|---|
| **क्रस** | **तह** | **सुचांक** | **२०८०** | **२०८५** | **२०८९** |
| १.१ | **प्रारम्भिक बाल विकास** | प्रारम्भिकबालविकास र शिक्षामा कूल भर्ना दर (%) | १०१ | १०० | १०० |
| १.२ | | प्रारम्भिकबालविकास र शिक्षामा खुद भर्ना दर (%) | ६५.९ | ७० | ७५ |
| १.३ | | न्युनतम योग्यता पुरा भएका शिक्षकको प्रतिशत | १०० | १०० | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १.४ | | आधारभूततालिम प्राप्त शिक्षकको प्रतिशत | ६५.४ | ८० | १०० |
| १.५ | | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्नाभएका बालबालिक (%) | ८६.७ | ९३ | ९८ |
| २.१ | **आधारभुत तह** | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ९३.४ | ९८ | १०० |
| २.२ | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | १४१ | १३० | ११५ |
| २.३ | | आधारभुत तह )प्राथमिककक्षा१-५ (मा खुद भर्नादर(%) | ९९.३ | १०० | १०० |
| २.४ | | आधारभुत तह )प्राथमिककक्षा१-५ (मा कूल भर्नादर(%) | १४१ | १३० | १२० |
| २.५ | | आधारभूत तह (कक्षा ६-८ (मा खुद भर्नादर(%) | ९१.७ | ९८ | १०० |
| २.६ | | आधारभूत तह (कक्षा ६-८ (मा कूल भर्नादर(%) | ११४.२ | १०६ | १०३ |
| २.७ | | आधारभूत तह (कक्षा १-८ (मा खुद भर्नादर(%) | ९६.९ | ९८ | १०० |
| २.८ | | आधारभूत तह (कक्षा १-८ (मा कूल भर्नादर(%) | १२६.१ | १२० | ११० |
| २.९ | | आधारभूततह)कक्षा१-८ (खुद भर्नादरमा लैङ्गिक समता सूचक | ०.९९ | १ | १ |
| २.१० | | आधारभूततहको कक्षा ८ सम्मको टिकाउ दर (%) | ७२.६ | ७९ | ८५ |
| २.१ | | आधारभूततहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर(%) | ७१.५ | ७७ | ८० |
| २.१ | | विद्यालयवाहिर रहेका बालबालिका (%) कक्षा १-८ | ०.१ | २ | ० |
| ३.१ | **माध्यमिक तह** | माध्यमिक तह )कक्षा९-१० (मा खुद भर्नादर(%) | ७१.७ | ७६ | ८१ |
| ३.२ | | माध्यमिक तह )कक्षा९-१० (मा कूल भर्नादर(%) | ९४.२ | ९७ | १०० |
| ३.३ | | माध्यमिक तह )कक्षा११-१२ (मा खुद भर्नादर(%) | ३३.५ | ३५ | ४० |
| ३.४ | | माध्यमिक तह )कक्षा११-१२ (मा कूल भर्नादर(%) | ६५ | ७० | ७३ |
| ३.५ | | माध्यमिक तह )कक्षा९-१२ (मा खुद भर्नादर(%) | ५३.२ | ५६ | ५९ |
| ३.६ | | माध्यमिक तह )कक्षा९-१२ (मा कूल भर्नादर(%) | ८० | ८३ | ८५ |
| ३.७ | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने टिकाउदर (%) | ६६.४ | ६९ | ७२ |
| ३.८ | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने टिकाउ दर (%) | ४६ | ४९ | ५३ |
| ३.९ | | कक्षा १-१२को खुद भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९९ | १ | १ |
| ४ | **साक्षरता** | ५ बर्षमाथिको साक्षरता दर | ७१.७ | ७५ | ८० |
| ५.१ | **महिला शिक्षक प्रतिशत** | आधारभूत तह (कक्षा१-८( | ३९.५३ | ४५ | ५० |
| ५.२ | | माध्यमिकतह )कक्षा९-१२( | १६.६६ | १८ | २० |
| ६.१ | **PMEC पुरा गरेका विद्यालयको प्रतिशत** | बालविकास | १० | ३० | ५० |
| ६.२ | | आधारभुत | २० | ३० | ४० |
| ६.३ | | माध्यमिक | ३० | ५० | ६० |
| ७. | **बजेट प्रतिशत** | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट(%) | ६.९ | ८ | १० |
| ८.१ | **छोड्नेदर** | आधारभूत तह (कक्षा१-५( | १.३ | १ | ० |
| ८.२ | | आधारभूततह )कक्षा६-८( | २.२ | २ | १ |
| ८.३ | | माध्यमिकतह )कक्षा९-१०( | ०.३ | ० | ० |
| ९.१ | **दोहोऱ्याउनेदर** | आधारभूत तह (कक्षा१-५( | ४.३ | २ | १ |

DRAFT

| | | | | | |
|---|---|---|---|---|---|
| ९.२ | | आधारभूततह )कक्षा६-८( | ०.७ | ० | ० |
| ९.३ | | माध्यमिकतह )कक्षा९-१०( | ०.३ | ० | ० |
| १०.१ | **सिकाइउपलव्धि दर** | कक्षा ८ नेपालीमा A माथि ल्याउने % | ५ | १५ | २० |
| १०.२ | | कक्षा ८ अंग्रेजीमा A माथि ल्याउने % | २६ | ३० | ३५ |
| १०.३ | | कक्षा ८ गणितमा A माथि ल्याउने % | ३६ | ४३ | ४६ |
| १०.४ | | कक्षा ८ सामाजिक तथा मानवमूल्यमा A माथि ल्याउने % | ५ | १० | १५ |
| **Socure: Census 2078, Flash Report 2079, CEHRD and IEMIS 2080** | | | | | |

FINAL DRAFT

# परिच्छेद-३:विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु

## ३.१. प्रारम्भिक बाल विकास तथा शिक्षा

### ३.१.१.परिचय

प्रारम्भिक बाल विकास तथा शिक्षा आधारभुत तहको एक महत्वपुर्ण उप क्षेत्र हो । चार बर्ष उमेर पुगेका बालबालिकालाई दिईने शिक्षालाई प्रारम्भिक बालशिक्षा भनिन्छ । शारीरिक,मानसिक (बौद्धिक), संवेगात्मक र सामाजिक क्षेत्रको समुचित विकासलाई नै बाल बिकासको आधारमा लिएको हाल रहेको छ । हाल बालविकास केन्द्र विद्यालयमा आधारित तथा समुदायमा आधारित २ प्रकारका रहेका छन् । प्रारम्भिक बालविकासदेखि १२ कक्षा सम्मलाई सरकारले विद्यालय शिक्षाको संरचनामा राखेको छ ।

पाठ्यक्रम प्रारुप २०७६ का अनुसार चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने कुरा उल्लेख गरिएको छ भने चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने कुरा उल्लेख छ । प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुर्याउनु र कक्षा १ मा प्रवेशका लागि तयार पार्नु हुने छ भन्ने कुरा उल्लेख गरिएको छ । प्रारम्भिक बालविकास र शिक्षाका ७ सक्षमताहरूमा सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता, पोषणयुक्त खाना र स्वस्थकर बानी विकास, वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन, सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन, सिर्जनात्मक सोचको विकासर भाषिक तथा सञ्चार सिपको विकास रहेका छन् ।

नेपालको संविधानको धारा ३९(३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अंगको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आजको आवश्यकता रहेको छ ।

विद्यालय क्षेत्र विकास कार्यक्रमले प्रारम्भिक शिक्षामा पहुँच गुणस्तरमा जोड दिइएको छ भने शिक्षा नीति २०७६ ले बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु पर्ने उदेश्य लिएको छ भने उपयुक्त पूर्वाधार सहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने तथा तीनै तहका सरकार र अभिभावकको साझेदारीमा बालबालिकाहरूको सर्वाङ्गीण विकास एवं विद्यालय शिक्षाको पूर्वतयारीका लागि कम्तीमा एक बर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने रणनीति लिएको छ । त्यस्तैगरी १५औ योजनाले प्रारम्भिक शिक्षा लाई विद्यालय शिक्षाको अभिन्न अंगका रुपमा लिइ सबै बालबालिकाहरुको पहुँचको सुनिश्चित गर्ने रणनीति लिइएको छ भने कार्यनितिका रुपमा बालविकासको विकासको लागि लगानी साझेदारी गर्ने दक्ष योग्यता पुगेका शिक्षकबाट सेवा प्रदान गर्ने प्रारम्भिक शिक्षाको ब्यवस्थापनको न्युनतम मापदण्ड पुरा गर्ने लिएको छ ।

FINAL DRAFT

### ३.१.२ वर्तमान अवस्था

जीतपुरसिमरा उपमहानगरपालिकामा सबै  विद्यालयमा आधारित सामुदायिक र संस्थागत गरी जम्मा १११ वटा बालविकास केन्द्र रहेका छन्  । ७९८४ जना बालबालिका रहेका छन् । जसमा  सामुदायिकतर्फ मात्र ११० जना बालविकास सहजकर्ता रहेको अवस्था छ। यस उपमहानगरपालिकामा अधिकांश बालविकास केन्द्रहरु सरकारले तोकेका मापदण्ड पुरा नभएको, बालविकास शिक्षामा सबै बालबालिकाहरुको पहुँचमा अझै पनि नआएको देखिन्छ भने इसीडिको अनुभव सहित कक्षा १ मा भर्ना हुनेको प्रतिशत ८६.७ प्रतिशत मात्र भएको पाइन्छ । सबै बालविकास केन्द्र बालबालिकाको घरबाट सहजै पुग्न सकिने स्थनामा रहेको छ । जनसंख्या, बस्ती आदिलाई मध्यनजर गरी नक्साङ्कनको आधारमा बालविकास केन्द्रको समायोजन, स्थानान्तरण एवं नयाँ स्थापना गर्नुपर्ने जरुरी हुन आउँछ । यसै गरी स्थापना भएका बालविकास केन्द्रहरूको संस्थागत विकासका साथै थप व्यवस्थापन गर्न जरुरी छ भने नयाँ स्थापना हुने बालविकास केन्द्रहरूको स्थापना लगायत क्षमता अभिवृद्धि गर्दै जानु जरुरी हुन आउँछ । साथै सरकारले तोकेको न्युनत्तम मापदण्ड पुरा नभएका बालविकासहरु धेरै रहेकाछन् । प्रारम्भिक बालविकास तथा शिक्षाको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिन्छ ।

| **क्षेत्रहरु** | **आ.व.०७९/८०** |
|---|---|
| सामुदायिकECD को संख्या | **६१** |
| सस्थागत ECD को संख्या | **५०** |
| ECD को विद्यार्थी संख्या | ७९८४ |
| प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | १०१ |
| प्रारम्भिकबालविकास र शिक्षामा खुद भर्ना दर* (%) | ६५.९ |
| प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १मा नयाँ भर्ना भएका बालबालिका* (%) | ८६.७ |

### ३.१.३ अवसर र चुनौतिहरु

बालविकासको क्षेत्रमा प्रत्येक बर्ष प्रतिविद्यार्थी रु ५०० का दरले अनुदान विद्यालयले प्राप्त गर्नु, खाजा कार्यक्रम लागु हुनु, अभिभाबकहरुमा क्रमश ४ बर्ष लागे पछि बालविकासमा भर्ना गर्नु पर्छ भन्ने चेतना बढ्दै जानु, स्थानीय सरकारले स्थानीय शिक्षा ऐन जारी गरी ब्यवस्थापन प्रक्रिया शुरु गर्नु, विभिन्न संघसस्थाले बालविकास केन्द्रको व्यवस्थापनमा सहयोग गर्दै जानु तथा स्थानिय तहले पनि यसमा जोडदिदै जानु लगायतका गतिविधिले यस क्षेत्रको सुधार र विकासको स्पस्ट अवसर देखिन्छ ।

यस क्षेत्रको चुनौतिका रुपमा सहजकर्ताहरुले विद्यालयमा शिक्षकको अभावले अन्य कक्षाहरु पनि सहजीकरण गर्नु पर्ने, बाल विकास सहजकर्ताले कम पारिश्रमिक प्राप्त गर्नु, बालविकास केन्द्रहरुको बर्गीकरण नगर्नु,  धेरै बालविकास केन्द्रहरु सरकारले तोकेका न्युनत्तम मापदण्ड पनि पुरा नगर्नु, कुल भर्नादर बढ्नु तथा खुद भर्नादर घट्नु रहेकोछन् । मुलत: यस क्षेत्रका मुख्य समस्या तथा चुनौतिहरु देहाय बमोजिम रहेका छन् ।

FINAL DRAFT

- प्रारम्भिक बाल विकास केन्द्रको न्युनत्तम भौतिक मापदण्ड पुरा नहुनु ।जस्तै बालमैत्रि धारा, धूलो र चिसो रहित बसाँई, सिकाइका छ कुना (भाषा, गणित, विज्ञान, सिर्जनात्मक, स्वावलम्बन, अभिनय), साबुन सहितको धारा र तालिम प्राप्त सहजकर्ताको अभाव ।
- सबै प्रारम्भिक बाल विकास तथा शिक्षाका उमेर समूहका बालबालिकाहरुको पहुँच वृद्धि गर्नु ।
- प्रारम्भिक बालहेरचाह, पोषण, सुरक्षा तथा सिकाइका सम्बन्धमा अभिभाबक जागरण गर्न नसकिनु ।
- बालविकास केन्द्र सहजकर्ता र बालबालिकाहरु बीचको उपयुक्त अनुपात कायम गर्नु ।
- तोकिएको पाठ्यक्रम लागु नभएको ।
- बाल विकास केन्द्र आवश्यक सिकाइ सहजीकरणका साथै सिकाइका छ कुनामा आधारित सामग्रीहरुको प्रयोमा वृद्धि गर्नु ।
- सहजकर्तामा न्युनत्तम योग्यता तथा तालिमको अभाव ।
- सहयोगी कार्यकर्ताको पारिश्रमिक वृद्धि , वृत्तिविकास र क्षमता विकास गर्नु ।
- पोषण,स्वास्थ्य, दिवा खाजा लगायत बालबालिका सहायता प्रणालीको उचित व्यवस्था गर्ने ।
- बालविकास केन्द्रको असमान वितरण तथा स्थापना ।

### ३.१.४ उद्देश्यहरु

नगरपालिकाको प्रारभ्भिक बालविकास तथा शिक्षाको क्षेत्रमा देहाय बमोजिमको उद्धेश्य हुने छन् :-

- ४-५ बर्षका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास शिक्षाको पहुँचमा वृद्धि गर्नु।
- कक्षा १ मा भर्ना हुदाँ वालविकासको अनुभव भएका विद्यार्थीको संख्यामा सुधार ल्याउनु ।
- बालविकास केन्द्रको व्यवस्थापनमा सुधार ल्याउनु ।

### ३.१.५ रणनीति

यस उपमहानगरपालिकाले सबै बालविकास केन्द्र तथा शिक्षालाई गुणस्तरीय बनाउदै सबैको पहुँचलाई विस्तार गर्ने, टिकाउ दर बढाउने साथै सुशासन र व्यवस्थापन गर्नका लागि तपसिल बमोजिमका रणनीतिहरु लिनेछ:

- हरेक वर्षको शैक्षिक सत्रको पहिलो महिना भित्र विद्यालय स्तरमा वि.ब्य.स. र शि.अ.स. नेतृत्वमा एक कार्यदल निर्माण गरी निश्चित फारामको आधारमा लक्षित वर्ग सम्म पुगी भर्ना अवस्थाको यकिन गरी भर्ना अभियानलाई सशक्त र सबल बनाइनेछ ।
- शैक्षिक सत्रको शुरुमा नै अभिभावक शिक्षा भर्ना कार्यक्रमसँगै हरेक विद्यालयले विद्यालयमा अभिभावक शिक्षाको तालिम सञ्चालन गरिनेछ।
- सिमान्तकृत तथा पछाडिपारिएका वर्गका तथा कार्यगत सीमितता भएका बालबालिकाहरुको पहिचान गरी "नगरपालिकासँग बालबालिका नामक" शैक्षिक सहयोग कार्यक्रम लागू गरिनेछ ।

FINAL DRAFT

- वडा तथा पालिकास्तरमा सतप्रतिशत बाल विकास तथा शिक्षामा पहुँच घोषणा कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रारम्भिक बालविकास तथा शिक्षामा सरकारले तोकेको पाठ्यक्रम अनुसार पुर्ण रुपमा सिकाइ सहजीकरण गर्ने व्यवस्था मिलाइनेछ ।
- स्थानीय गैरसरकारी निकाय विच समन्वय सहकार्य गरी सरकारले तोकेको न्युनत्तम मापदण्डहरु (बाल मैत्रि धारा, धूलो र चिसो रहित बसाँई, सिकाइका छ कुना, साबुन सहितको धारा र तालिम प्राप्त सहजकर्ता) सबै बालविकास केन्द्रमा पुरा गरिनेछ ।
- वाल विकास केन्द्रलाई तोके वमोजिम सञ्चालन गर्न सरकारले प्रदान गर्दै गरेको प्रति विद्यार्थी रु पाँच सय मार्फत र विद्यालय आँफैले तयार गर्ने सागग्री सहित कक्षाकोठालाई छापामय वनाइनुका साथै सिकाइ वातावरणका लागि न्यूनतम सामग्रीको व्यवस्था गरिनेछ ।
- प्रारम्भिक बालविकासका शिक्षकको क्षमता विकासमा ध्यान दिदै तालिम प्राप्त शिक्षकबाट सिकाइ सहजीकरण गरिनेछ।
- प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ताहरुको मासिक पारिश्रमिक संघ प्रदेशसँग समन्वय गरी वृद्धि गर्ने प्रयास गरिनेछ ।
- एक वडा एक नमुना बालविकास केन्द्रको निर्माण गर्दै क्रमश सबै बालविकास केन्द्रहरुलाई नमुना बनाइने छ ।
- वाल शिक्षालाई प्रभावकारी वनाउन नियमित अनुगमन, सुपरिवेक्षण तथा समीक्षा बैठक सञ्चालन गरिनेछ ।
- जनसंख्या, बस्ती आदिलाई मध्यनजर गरी नक्साङ्कनको आधारमा बालविकास केन्द्रको समायोजन, स्थानान्तरण एवं नयाँ स्थापना गरिनेछ ।
- खुद भर्नादरमा वृद्धि गरिनेछ ।

### ३.१.६ उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

#### उपलब्धि

सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक वालविकास शिक्षाको अवसरमा सुधार भएको हुने ।

#### प्रमुख नतिजाहरु

मुलत: यस क्षेत्रका मुख्य उपलब्धि तथा प्रमूख नतिजाहरु यस प्रकार रहेका छन्

- बालविकास केन्द्रको स्थापना वा पुर्नवितरण हुने ।
- ४ देखि ५ वर्षका सबै बालबालिकाहरु बालबिकास केन्द्रमा भर्ना हुने संख्यामा वृद्धि भएको हुने ।
- प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसरमा वृद्धि हुने ।

FINAL DRAFT

- सरकारले तोकेको न्युनत्तम मापदण्ड सबै प्रारम्भिक बाल कक्षा केन्द्रहरुमा पुरा भएको हुने ।
- बालविकास सहजकर्ताहरु तालिम प्राप्त भएको हुने ।
- कम्तिमा एक वडा एक नमुना बालविकास केन्द्रको स्थापना हुने ।
- सिमान्तकृत बालबालिकातथा कार्यरत सिमितता पहिचानको लागि वालविकास सहजकर्तालाई तालिम प्रदान गरी प्रारम्भिक पहिचान गरिनेछ ।
- वालविकास केन्द्रहरु समायोजन हुन गई मितव्ययिता कायम हुने ।
- अभिभावकहरुमा शिक्षाप्रति सचेतना वृद्धि हुने ।

## प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ बर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | भर्ना अभियानसञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ |
| २ | समुदायकोवस्ती, बालबालिकाको संख्या र बालविकास केन्द्रको दूरीलाई आधारमानी बालविकास केन्द्रसंख्या विस्तार र समायोजन | पटक | ० | १ | ० | ० | १ | २ |
| ३ | बालशिक्षालाई थप गुणस्तरको लागि थप बालविकास केन्द्र तथासहजकर्ताको ब्यवस्था | पटक | ० | १ | ० | १ | ० | २ |
| ४ | अभिभाबकशिक्षा कार्यक्रम सञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ |
| ५ | अति विपन्न तथा पिछडिएका वर्गका बालबालिकाहरुको लागि शैक्षिक सामग्रीहरुको सहयोग | समय | १ | १ | १ | १ | १ | ५ |
| ६ | प्रारम्भिकबालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको प्रबोधीकरण | पटक | १ | १ | ० | ० | १ | ३ |
| ७ | न्यूनतम मापदण्ड सहितको बालविकास शिक्षा सुधारको लागि सहयोग कार्यक्रम सञ्चालन | केन्द्र | १० | १३ | १३ | १३ | १२ | ६१ |
| ८ | बालविकासको सहजकर्ताकोपारिश्रमीकमा थप प्रोत्साहन भत्ताको ब्यवस्था | पटक | ० | १ | ० | १ | ० | २ |
| ९ | बालविकाससहजकर्ताको क्षमता विकासको लागि क्षमताविकास कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १० | वडागत नमुना बालविकासकेन्द्रको स्थापना कार्यक्रम | वडा | ४ | ५ | ५ | ५ | ५ | २४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | बालविकासको पाठ्यक्रम प्रवोधीकरण गर्ने र पाठ्यक्रम अनुसार अनिवार्य रुपमा सिकाइसहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| १२ | बालविकासमा सिकाइका छकुनामा आधारित शैक्षिक सामग्रीहरु विकास वितरण तथा व्यवस्थापन | संख्या | १० | १० | १० | १० | १० | ५० |
| १३ | निश्चितसुचकको आधारमा शिक्षक अभिभाव संघ मार्फत त्रैमासिक सुचकको आधारमा अनुगमन गरी समीक्षाबैठक सञ्चालन | पटक | ४ | ४ | ४ | ४ | ४ | २० |
| १४ | वालविकास सहजकर्ताहरु सँग समीक्षा तथा क्षमता विकास कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १६ | निश्चितसूचकको आधारमा बार्षिक उत्कृष्ट बालविकास सहजकर्ता लाई सम्मान | जना | १ | १ | १ | १ | १ | ५ |
| १७ | बाबालिकाहरुको स्वास्थ्य परिक्षण कार्यक्रमसञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० |
| १८ | सिमान्तकृत तथा कार्यरत सिमितता पहिचानको लागि वालविकास सहजकर्तालाई तालिम प्रदान गरी प्रारम्भिक पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ |

## ३.२ आधारभुत शिक्षा

### ३.२.१ परिचय

विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले विद्यालय शिक्षाका पुनःसरचना गरेर कक्षा १-८ लाई आधारभुत शिक्षाका रुपमा परिभाषित गरेका छ। पहिलेको प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाएको आधारभुत तहले ब्यक्ति, समाज र राष्ट्रको बिकासमा महत्त्वपुर्ण भूमिका खेल्ने भएकोले नेपालको संविधानको धारा ३१(१) मा यसलाई नागरिकको मौलिक हक अन्तर्गत राखेको छ। गुणस्तरिय आधारभुत शिक्षाले गरिबि घटाउन मद्दत गर्ने र व्यक्तिको जिबन स्तरमा उल्लेखनिय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्यायन प्रतिवेदनहरुले देखाएको छ। आधारभूत तहको शिक्षाको महत्त्वलाई ध्यान गरी शिक्षालाई गुणस्तरिय बनाउनको लागि यस उपमहानगरपालिकाले यस योजनामा आधारभूत शिक्षा विकासका कार्यक्रमहरु समावेस गरिएको छ।

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धि ऐन २०७५ ले आधारभुत तहको शिक्षा प्रदान गर्ने जिम्मेवारी संघिय सरकार, प्रदेश सरकार तथा स्थानिय सरकार हुने र आधारभुत शिक्षाको सबै बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भनि उल्लेख गरिएको छ। स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को (ज) मा आधारभुत तथा माध्यमिक तहको २३ वटा अधिकार स्थानिय सरकारको अधिकार क्षेत्र भित्र पर्ने कुरा उल्लेख गरिएको छ। यस कारण सबै नागरिकलाई आधारभुत तहको शिक्षाको सुनिश्चिता गर्ने स्थानिय सरकारको दायित्व रहेको छ।

FINAL DRAFT

### ३.२.२ वर्तमान अवस्था

आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुर्याउन विगतमा गरिएका प्रयासहरूको नतिजा स्वरूप यस उपमहानगरपालिकाको भर्नादरमा उल्लेखनीय वृद्धि भएको छ। आधारभूत शिक्षाको पहुँचमा आर्थिक तथा सामाजिक अवस्था तथा भौगोलिक अवस्थितिमा आधारित असमानताहरू रहेका छन्। आर्थिक तथा सामाजिक रूपले पछाडि परेका, सीमान्तकृत समुदायका, दलित, जनजाति, कठिन परिस्थितिमा रहेकाबालबालिकाको पहुँचको अवस्था तुलनात्मक रूपमा कमजोर छ। जनसाङ्खिक परिवर्तन, बसाइसराइ तथा बस्तीको स्वरूपमा आएको परिवर्तन अनुरुप आधारभूत तहका कतिपय विद्यालयहरूलाई पुनर्वितरण तथा समायोजन गर्नु आवश्यक देखिएको छ भने कतिपय अवस्थामा बैकल्पिक प्रबन्धसमेत गरी पहुँच र सहभागिता सुनिश्चित गर्नुपर्ने अवस्था छ। स्थानीय शिक्षा ऐन लगायतका आवश्यक कानुनहरू तर्जुमा एवम् परिमार्जन गरी नीति तथा कार्यक्रम कार्यान्वयनलाई सहजीकरण गर्नुपर्ने छ। विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन थप प्रयास आवश्यक छ। बालबालिकाको विकास तथा सिकाइलाई प्रभावित गर्ने पोषण, स्वास्थ्य, सरसफाइ, दिवा खाजाजस्ता सेवाहरूमा विस्तार तथा सुधार गर्नुपर्ने छ। पेसागत रूपमा सक्षम शिक्षकको अपर्याप्तता र विद्यालयको नेतृत्व तथा व्यवस्थापनका पक्षमा भएका विभिन्न समस्याहरूले पनि आधारभूत शिक्षाको पहुँच र गुणस्तरमा असर परेको देखिन्छ। आधारभूत तहमा बालबालिकाको टिकाउ दर कम भएका कारण तहपूरा गर्ने दरमा अपेक्षित सुधार नहुँदा यस तहको आन्तरिक सक्षमतामा सुधार गर्नु आवश्यक देखिएको छ।

पाठ्यक्रमको सान्दर्भिकता वृद्धि गर्ने र प्रभावकारी कार्यान्वयन गर्ने कार्यमा निरन्तर सुधार आवश्यक छ। शिक्षण सिकाइ विधिमा सुधारका लागि शिक्षक तयारी तथा विकासमा सुधार तथा अनुगमन, सुपरिवेक्षण र पेसागत विकासका क्रियाकलापहरूलाई व्यवस्थित गर्नु आवश्यक छ। विद्यार्थीको सिकाइप्रति जवाफदेही बनाउने प्रणाली विकास गर्दै आधारभूत विद्यालयमा सिकाइका लागि आवश्यक न्यूनतम सिकाइ पूर्वाधार र वातावरण तयार गर्नुपर्ने छ।

विद्यालयको दैनिक प्रशासनिक कार्य सञ्चालन र व्यवस्थापन तथा नेतृत्व गर्ने कार्य प्रधानाध्यापकबाट भइरहेको छ। यस्तै विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको व्यवस्था पनि रहेको छ।एकातिर धैरैजसो प्रधानाध्यापकको नेतृत्व क्षमता र कुशलता अपर्याप्त देखिएको छ भने अर्कोतिर संघीय शिक्षा मन्त्रालय र अन्तर्गतका निकायहरू, प्रदेश र स्थानीय तहका कार्यक्षेत्र तथा कार्य प्रक्रिया र उत्तरदायित्व सम्बन्धमा थप स्पष्टताका लागि थप कानुनी प्रबन्ध आवश्यक छ। त्यसैगरी प्रधानाध्यापकहरूमा शैक्षिक नेतृत्व र व्यवस्थापनका सिप, विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी उत्प्रेरणा तथा वृत्ति विकास, शिक्षक तालिमको कक्षाकोठामा रुपान्तरण, अनुगमन तथा सुपरिवेक्षण र क्षमता विकासलगायतका पक्षमा सुधार आवश्यक छ। तत्कालीन स्रोत केन्द्र पद्धतिको सोच र शिक्षा तालिम केन्द्रहरूको संकुचनले शिक्षक सहायता प्रणालीको पुनर्संरचना आवश्यक देखिएको छ। विद्यालय तथा बालबालिकाको शिक्षामा अभिभावक संलग्नता बढाई व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरूको क्षमता विकासमा थप ध्यान दिनुपर्ने पनि देखिन्छ।

यस उपमहानगरपालिकामा जम्मा सामुदायिक ६१ वटा र संस्थागत ५० वटा गरि जम्मा १११ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन्। त्यसमा पनि आधारभुत तहमा ६९ वटा रहेका छन्। आधारभुत विद्यालयमा ३९५४ जना अध्ययनरत देखिन्छन्।

| क्षेत्रहरु | आव०७९/८० |
|---|---|
| कक्षा १-८ सामुदायिक विद्यालय को संख्या | ४५ |
| सस्थागत विद्यालयको संख्या | २४ |
| कक्षा १-३ को सामुदायिक विदयालयको विद्यार्थी संख्या | ६६३० |

| | |
|---|---|
| कक्षा १-८ को सामुदायिक विदयालयको विद्यार्थी संख्या | १५२५६ |
| प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १मा नयाँ भर्ना भएका बालबालिका* (%) | ८६.७ |
| कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ६५.९ |
| आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | ९९.३ |
| आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर* (%) | ९१.७ |
| आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | ९६.९ |
| कक्षा ५ सम्मको टिकाउदर | ८८.८ |
| कक्षा ८ सम्मको टिकाउदर | ७२.६ |
| आधारभुत तहको आन्तरिक सक्षमता १ बाट ५ | ९०.८ |
| आधारभुत तहको आन्तरिक सक्षमता ६ बाट ८ | ७५.६ |

### ३.२.३ अवसर र चुनौतीहरु

शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्दै अधिकार र जिम्मेवारी सहित स्थानिय तहलाई जिम्मेवार गराउने संवैधानिक आधार भएकोले शिक्षामा सहभागिता र पहुँचमा बृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना भएको छ। निःशुल्क तथा अनिवार्य आधारभुत शिक्षाको सुनिश्चितता प्रदान गर्न स्थानिय तह तथा जिल्लामा घोषणा गर्ने लहर चलेको छ। शिक्षामा पहुँच र गुणस्तर अभिबृद्धिमा गैर सरकारी र नीजि क्षेत्रको भुमिका महत्त्वपुर्ण बन्दै गएको अवस्था रहेको छ। स्थानिय सरकारको क्षमता विकास गर्दै आधारभूत शिक्षाको व्यबस्थापनलाई प्रभावकारी तुल्याई शैक्षिक सेवा प्रवाहमा सुधार गर्ने सकिने अवसर रहेको छ।

निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा प्रदान गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधारसहितको आकर्षण सिकाई वातावरण विकास गर्नु, शैक्षिक सेवा प्रवाहमा सुधार ल्याउनु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिबृद्धि गर्नु, शिक्षण शिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवं प्रबिधिमा आधारित बनाउनु, विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई समयमै विद्यालयमा भर्ना गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी विद्यार्थीको सिकाई उपलब्धि अभिबृद्धि गर्नु, विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्धी मिलान तथा पुनर्बितरण गर्नु, स्वयंसेवक शिक्षक नियुक्ति, विद्यालय सुपरिवेक्षण र अनुगमन तथा नियमनलाई संस्थागत र संरचनागत रुपमा विकास गर्नु आधारभूत शिक्षासँग सम्बन्धित चुनौतिहरु हुन्।

मुख्य रुपमा यस नगरको शिक्षा क्षेत्रमा तपसील बमोजिमका समस्या तथा चुनौतिहरु रहेकाछन्।

- विषयगत तथा विद्यार्थी सख्याको अनुपातमा शिक्षकको व्यवस्था गर्नु।
- विद्यार्थीको नियमिततामा वृद्धि गर्नु।
- आधारभुत तह उमेरका बालबालिकाहरुको शिक्षामा पहुँच तथा सहि उमेरमा भर्ना वृद्धि गर्नु।
- सिकाइका लागि न्युनत्तम भौतिक वातावरण सहित मापदण्डहरुको विद्यालय सख्या वृद्धि गर्नु।
- शैक्षिक सामग्रीहरुको व्यवस्था तथा त्यसको उच्चतम प्रयोगमा ल्याउनु।
- तोकिएको पाठ्यक्रम वा तोकिएको शिक्षण विधि तथा सहजीकरण एवम् मूल्यांकन प्रणाली विद्यालय स्तरमा कार्यान्वयनमा ल्याउनु।

FINAL DRAFT

- बालबालिकाहरुमा न्युनत्तम सिकाइ उपलब्धी वृद्धि गर्नु ।
- बालबालिकाहरुमा पठनसीप तथा गणितिय सीपको विकास गर्नु ।
- प्रविधिमैत्री शिक्षण सामग्रीहरु वृद्धि गर्नु ।
- गुणस्तरिय शिक्षाका लागि अभिभावक शिक्षामा जोड दिनु ।

### ३.२.४ उद्देश्यहरु

- ९-१२ वर्ष उमेर समूहका सबै बालबालिकाहरुलाई आधारभूत शिक्षमा समतामूलक पहुँच र सहभागीतामा वृद्दि गर्नु ।
- आधारभूत तहका बालबालिकाहरुको न्युनतम सिकाइ उपलव्धिमा वृद्दि गर्नु ।
- न्युनत्तम भौतिक संरचना सहित सरकारले तोकेको न्युनत्तम सिकाइ वातावरण सहितको विद्यालय सख्यामा वृद्दि गर्नु ।
- विद्यार्थी सिकाइप्रति उत्तरदायी विद्यालयको व्यवस्थापन तथा प्रबन्धमा सुधार ल्याउनु ।

### ३.२.५ रणनीतिहरु

- विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरुलाई पुनर्वितरण तथा समायोजन गर्दै लगिने छ ।
- हरेक वर्षको शैक्षिक सत्रको पहिलो महिना भित्र विद्यालय स्तरमा वि.ब्य.स. र शि.अ.स. नेतृत्वमा एक कार्यदल निर्माण गरी निश्चित फारामको आधारमा लक्षित वर्ग सम्म पुगी भर्ना अवस्थाको एकिन गरी भर्ना अभियानलाई सशक्त र सबल बनाइने छ ।
- विद्यालय जान नसक्ने वा भर्ना हुन नसक्ने बालबालिकाहरुको लागि भर्ना अभियानको तथ्यांकको आधारमा सहयोग कार्यक्रम सञ्चालन गरिने छ र त्यसको लागि पालिका स्तरमा भर्ना सहयोग कार्यक्रम राखिने छ ।
- शैक्षिक सत्रको शुरुमा नै अभिभावक शिक्षा भर्ना कार्यक्रमसँगै हरेक विद्यालयले विद्यालयमा वा समुदायमा निश्चित अभिभावक शिक्षाको तालिम प्याकेज अनुसार सञ्चालन गरिने छ।
- सिमान्तकृत तथा पछाडि पारिएका वर्गका तथा कार्यगत सीमितता भएका बालबालिकाहरुको पहिचान गरी "उपमहानगरपालिकासँग बालबालिका नामक" शैक्षिक सहयोग कार्यक्रम लागू गरिनेछ ।
- वडा तथा पालिकास्तरमा सतप्रतिशत आधारभुत तहमा विद्यालय पहुँच घोषणा कार्यक्रम सञ्चालन गरिनेछ ।
- सिकाइ सुधारको लागि शिक्षण सुधार योजना (TIP) लाई पुर्ण रुपमा कार्यान्वयनमा लगिने छ ।
- विद्यालय तहका सबै कक्षामा कम लागत अर्थात् Low cost no cost मा आधारित शिक्षण सिकाइ तथा सन्दर्भ सामग्री सहित व्यवस्थापन गरिनेछ ।
- शिक्षकले पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको प्रयोग अनिवार्य रुपमा गर्दै नवीनतम् विधि र प्रविधिको मार्फत सिकाइ सहजीकरण गरिनेछ ।

FINAL DRAFT

- विद्यार्थीको सिकाइ उपलब्धि सुधारको लागि अनिवार्य रुपमा विद्यालयले विद्यालयमा शिक्षण नभएको समयमा विद्यालयमा वा समुदाय स्तरमा नै मूख्य विषयहरुको वा सुधारको क्षेत्रहरु आधारमा उपचारात्मक वा सुधारात्मक कक्षा सञ्चालन गरिनेछ । उक्त कार्यको लागि सम्बन्धित विद्यालयले विद्यार्थीका अभिभावकहरु तथा पालिकाबाट आर्थिक स्रोत ब्यवस्थापन हुने व्यवस्था मिलाइने छ ।
- आधारभूत तहका शिक्षकहरुको क्षमता विकासका लागि मागमा आधारित तथा छोटो अवधिका तालिम सञ्चालन गरिनेछ ।
- सबै आधारभूत विद्यालयहरूमा शुद्ध खानेपानी, विद्यार्थी अनुपातमा शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक कक्षा कोठाको सुनिश्चित गरी बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गरिने छ ।
- विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ तथा संघसंस्थाको सहयोगमा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गरिने छ ।
- स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गरिने छ।
- संघीय र प्रदेश सरकारको सहकार्यमाविद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशीलबनाउने योजना तयार गरी कार्यान्वयन गरिने छ ।
- संघीय सरकारले निर्धारणको शिक्षकको न्यूनतम योग्यता र तयारीको मापदण्ड तथा विद्यार्थी शिक्षक अनुपात लगायत शिक्षक दरवन्दीका आधारमाआवश्यकताअनुसार शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गरिने छ ।
- नतिजाप्रतिको जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको व्यस्थापकीय पद्धतिमा सुधार गरिने छ ।
- स्थानीय पाठ्यक्रमको विकास गरी कार्यन्वयन गरिनेछ ।
- आधारभूत तहका बालबालिकाहरुको प्रारम्भिक पहिचान गरी आवश्यक सहयोग गरिनेछ ।
- अन्य रणनीतिहरु अन्तरसम्बन्धित क्षेत्रहरुका शिर्षकहरुमा राखिएका छन् ।
- निश्चत सूचकको आधारमा पर्धानाध्यापक सहित शिक्षक तथा कर्मचारीलाइ पुरस्कारको ब्यवस्था गरिने छ ।
- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको निर्माण गरिनेछ ।

### ३.२.६ उपलव्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

#### उपलव्धि

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको पहुँच, सहभागिता र गुणस्तरमा सुधार हुने ।

#### प्रमुख नतिजाहरु

- आधारभूत तह उमेर समूहका बालबालिकाहरुको सहि उमेरमा हुने भर्नामा वृद्दि हुने ।
- सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन भएको हुने ।

FINAL DRAFT

- सिकाइका लागि सिकाइको लागि न्युनत्तम भौतिक संरचनामा सुधार भएको हुने।
- बालबालिकाहरुमा न्युनत्तम सिकाइ उपलब्धीमा सुधार भएको हुने।
- तोकिएको पाठ्यक्रम तथा मूल्यांकन प्रणाली पुर्ण रुपमा कार्यान्वयन भएको हुने।
- स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयन भएको हुने।

## प्रमूख क्रियाकलाप तथा लक्ष्यहरु

| क्र.स. | प्रमूख क्रियाकलापहरु | ईकाइ | भौतिक लक्ष्य(५वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | शिक्षक दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | स्यमसेवक शिक्षककोव्यवस्था | जना | ७५ | ८० | ८५ | ८५ | ९० | ९० |
| ४ | भर्ना कार्यक्रम सञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ |
| ५ | अभिभाबक शिक्षासञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ |
| ६ | अति विपन्न तथा पछाडिएका वर्गका बालबालिकाहरुकोलागि शैक्षिक सामग्रीहरु जस्तैं ड्रेस झोला स्टेशनरीको सहयोग | समय | १ | १ | १ | १ | १ | ५ |
| ७ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजाघर) | संख्या | १२ | १२ | १२ | १२ | १२ | ६० |
| ८ | सिकाइका लागि न्युनत्तम वातावरणको लागि विद्यालयसुधार योजनामा आधारित विद्यालय सहयोग कार्यक्रम | संख्या | १२ | १२ | १२ | १२ | १२ | ६० |
| ९ | शैक्षिक सामग्रीकोविकास वितरण तथा ब्यवस्थापन | संख्या | १२ | १२ | १२ | १२ | १२ | ६० |
| १० | छापमय कक्षाकोठा व्यवस्थापन | संख्या | १२ | १२ | १२ | १२ | १२ | ६० |
| ११ | शिक्षकको क्षमताविकास तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १२ | नयाँ पाठ्यक्रम तथा मूल्यांकन सम्बन्धी प्रवोधीकरणकार्यक्रम र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १३ | स्थानीय पाठ्यक्रमतथा पाठ्यपुस्तकको विकास र कार्यान्वयन | पटक | १ | १ | १ | ० | ० | ३ |

DRAFT

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | सिकाइका लागि उपचारात्मक तथा सुधारात्मक कक्षासञ्चालन | संख्या | १२ | १२ | १२ | १२ | १२ | ६० |
| १५ | विद्यालयमा सिकाइमेला तथा प्रतियोगिता सञ्चालन | संख्या | १२ | १२ | १२ | १२ | १२ | ६० |
| १६ | विद्यालयस्तरीय तथा पालिका स्तरीय पढाइ प्रतियोगिता पढाइ उत्सब सहित शैक्षिक प्रदशनीमेला सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १७ | एक वडा एक नमुनाआधारभुत विद्यालय निर्माण कार्यक्रम | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ |
| १८ | उत्कृष्ट शिक्षक छनोट गरी सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| १९ | शैक्षिक सुशासन तथा सिकाइ उपलब्धी वृद्दिका लागिछलफल तथा अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ |
| २० | शिक्षकले कक्षाकोठामा विताउने समयको पूर्णकार्यान्वयनमासहयोग | विद्यालय | १२ | १२ | १२ | १२ | १२ | ६० |
| २१ | घुम्ति शिक्षक बैठक | पटक | ४ | ४ | ४ | ४ | ४ | २० |
| २२ | कक्षा ८ सम्म खाजा कार्यक्रमको व्यवस्थापन | विद्यालय | ६१ | ६१ | ६१ | ६१ | ६१ | ३०५ |
| २३ | बालबालिकाहरुको स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० |
| २४ | बालबालिकाहरुको अपाङ्गता तथा कार्यरत सिमिततापहिचानको लागि तालिम प्रदान गरी प्रारम्भिक पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ |
| २५ | छात्राहरुलाई सेनिटरी प्याडको खरिद रवितरण | पटक | १ | १ | १ | १ | १ | ५ |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको संविधान २०७२ ले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानिय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ प्रदेश र स्थानिय सरकारको साझा अधिकार भित्र पनि राखेको छ।

संविधानमा उल्लेखित प्रावधानहरुले आम नागरिकका लागि गुणस्तरिय शिक्षा सुनिश्चत गर्न एकल तथा साझा सुचिका आधारमा तिनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ। शिक्षा ऐन २०२८ ले कक्षा ९-१२ सम्मलाई माध्यमिक शिक्षाको रुपमा राखेको छ। अनिवार्य आधारभुत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरिय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुचि र क्षमता अनुसार माध्मिक तहमा परम्परागत प्राबिधिक र साधारण धारको शिक्षा छनोट गर्ने अबसर प्रदान गर्नुपर्छ। यस तहको शिक्षालाई जीवनपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यावहारिक बनाउनुपर्छ। आधारभूत तहमा विद्यार्थीले हासिल गरेका भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमता अनुसार विद्यार्थीले साधारण शिक्षाको लक्ष्य लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा बिभिन्न किसिमका प्राविधिक र व्यवसायिक सीप हासिल गरेर भबिष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नु पर्दछ।

माध्यमिक तहमा साधारण, परम्परागत र प्राविधिक धारमा शिक्षा कार्यक्रम सञ्चालनमा छन्। कक्षा ११ र १२ मा धारको विकल्पहरूसहित एकलपथीय पाठ्यक्रम लागू गरिएको छ। कक्षा १२ पछि उच्च शिक्षामा प्रवेश गर्न वा कामको संसारमा जान मार्ग प्रशस्त हुने व्यवस्था छ। अर्कोतिर श्रम बजारको मागअनुसार आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने गरी प्राविधिक तथा व्यवसायिक शिक्षाको समेत व्यवस्था गरिएको छ। शिक्षा नीति, २०७६ ले माध्यमिक तहमा प्राविधिक धारलाई विषेश जोड दिएको छ ।

### ३.३.२ वर्तमान अवस्था

आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका समुदायका बालबालिकाहरूको माध्यमिक शिक्षामापहुँचका सम्बन्धमा यकिन तथ्याङ्क पाउन नसके पनिबञ्चितिमा परेकाहरूको माध्यमिक शिक्षामा पहुँच कम छ । संविधानले माध्यमिक शिक्षालाई निःशुल्क भने पनि यसलाई पूर्ण निःशुल्क बनाउन सकिएको छैन।

माध्यमिक तह कक्षा १०/एसईईमा र कक्ष १२ का परीक्षाका नतिजाले ठूलो सङ्ख्यामा विद्यार्थीहरू न्यूनतम सिकाइ उपलब्धी पनि हासिल गर्न नसकेको कारण उच्च शिक्षाबाट समेत बञ्चित छन्। माध्यमिक शिक्षालाई जीवनोपयोगी सिपसँग पनि प्रत्यक्ष रूपले जोड्ने कार्यलाई थप प्रभावकारी बनाई प्राप्त शिक्षा उपयोग गरी जीविकोपार्जनलाई सहयोग गर्नु आवश्यक छ । शिक्षकलाई नयाँ ज्ञान, सिप र प्रविधिमा अध्यावधिक गराई सिकाइ सुधार गर्नुपर्ने छ । सूचना तथा सञ्चार प्रविधिलाई गुणस्तरीय शिक्षा प्राप्तिको साधनको रूपमा उपयोग गर्ने कार्यमा विस्तार गर्नु छ। विगत लामो समयदेखि नै क्षमता विकासलाई गुणस्तरीय शिक्षाको मुख्य आधारका रूपमा व्याख्या गरिदै आएको छ भने शैक्षिक संस्था भित्र सिकाइ संस्कार विकास गर्नु पर्छ

FINAL DRAFT

भनेर बहस र पैरवीसमेत हुँदै आएको छ ।कर्मचारीका लागि तालिम, शिक्षकलाई पेसागत तालिम रप्रधानाध्यापकका लागि नेतृत्व विकास तालिम जस्ता पक्षमा काम पनि भइरहेका छन्।

शिक्षकको अभाव हटाउन अङ्ग्रेजी, गणित, बिज्ञान विषयमा शिक्षक कम भएका विद्यालयका लागि शिक्षण सहयोग अनुदान दिइँदै आएको छ भने यसलाई आवश्यकतानुसार दरबन्दीमा रुपान्तरण गर्नुपर्ने देखिन्छ। गुणस्तरमा सहयोग पुऱ्याउन भौतिक सुविधाहरूकोविकास र वितरण गरिएको छ। इन्टरनेटको पहुँचमा प्रगति भएको छ। शिक्षकको अभिप्रेरणा, सुविधायुक्त विद्यालय वातावरण, स्तरीय पाठ्यक्रम, स्तरीय परीक्षा प्रणाली, जीवनोपयोगी सिपसँग गुणस्तरलाई जोड्ने काममा भने थप सुधार आवश्यक देखिएको छ।

जीतपुरसिमारा उपमहानगरपालिका भित्र हाल कक्षा १-१२ सञ्चालित १९ वटा र कक्षा १-१० सञ्चालित २३ वटा गरी जम्मा ४२ वटा माध्यमिक तहको विद्यालयहरु रहेका छन्। शैक्षिक सत्र २०८० अनुसार माध्यमिक तहमा  जम्मा ६७५८ जना बालबालिकाहरु अध्यायनरत छन्।

| क्षेत्रहरु | आव०७९/८० |
|---|---|
| माध्यमिक विद्यालयको संख्या सामुदायिक | १६ |
| माध्यमिक विद्यालयको संख्या संस्थागत | २६ |
| कक्षा ९-१२ को सामुदायिक विदयालयको विद्यार्थी संख्या | ४९०७ |
| माध्यमिकतह (कक्षा ९-१०) मा खुद भर्ना दर* (%) | ७१.७ |
| माध्यमिकतह (कक्षा ९-१०) मा कुल भर्ना दर* (%) | ९४.२ |
| माध्यमिकतह (कक्षा ११-१२) मा खुद भर्ना दर* (%) | ३३.५ |
| माध्यमिकतह (कक्षा ११-१२) मा कुल भर्ना दर* (%) | ६५ |
| माध्यमिकतह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | ५३.२ |
| माध्यमिकतह (कक्षा ९-१२) मा कुल भर्ना दर* (%) | ८० |
| कक्षा १० सम्मको टिकाउदर | ६६.४ |
| माध्यमिक तहको आन्तरिक सक्षमता | ६०.७ |

### ३.३.३ अवसर र चुनौतिहरु

माध्यमिक तहको शिक्षालाई गुणस्तरीय बनाउन माध्यमिक शिक्षा निःशुल्क पाउने हक हुनेछ भन्ने व्यवस्था गरिएको, शिक्षा क्षेत्रमा लगानि अभिबृद्धि गर्दै शिक्षामा भएको लगानिलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने प्रयास गरिएको, यसपालिकाबाट उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति कार्यक्रम संचालन गरिएको,  शिक्षक अभावलाई सम्बोधन गर्न मुख्य तिन विषयहरु अंग्रेजी गणित तथा विज्ञान विषयमा संघबाट अनुदान शिक्षकको व्यवस्था भएको,दरवन्दी अपुग भएका विद्यालयहरुम नगर स्वयमसेवक शिक्षकको व्यवस्था,विद्यालयमा आइसटी ल्याब विज्ञान ल्याब र पुस्ताकालाय तयार गर्न नियमित सहयोग गरिनु अवसरका रुपमा रहेकाछन्।

FINAL DRAFT

यस्ता अवसर भए पनि यस पालिकामा धेरै चुनौतीहरु पनि रहेकाछन् । केहि प्रमुख समस्या वा चुनौतिहरुलाई तल प्रस्तुत गरिएको छ ।

- सबै बालबालिकाहरुको माध्यमिक तह सम्मको शिक्षामा पहुँच र सहि उमेरमा भर्नाको सुधार हुनु ।
- विद्यालय छोड्ने दर उच्च हुनु ।
- विद्यार्थीहरुलाई टिकाइ राख्नु ।
- विद्यार्थीको संख्या अनुसार शिक्षक दरबन्दी कम हुनु ।
- माध्यमिक तहमा बिषयगत शिक्षकको अभाव हुनु ।
- पुस्ताकालय विज्ञान प्रयोगशाला तथा आइसीटी ल्याबको प्रभावकारी ब्यवस्थापन र प्रयोग कम हुनु ।
- विद्यार्थीको उपस्थिति दरमा नियमितता ल्याउनु ।
- शिक्षकलाई समयानुकुल तालिम वा पेशागत सहयोग गर्नु ।
- अभिभावकहरुलाई आफ्ना बालबालिकाको सिकाई प्रति उत्तरदायी बनाउनु ।
- सिकाइका लागि न्युनत्तम भौतिक वातावरण सहित मापदण्डहरुको सुनिश्चतता गर्नु ।
- शैक्षिक सामग्रीहरुको व्यवस्था तथा त्यसको उच्चतम प्रयोगमा ल्याउनु ।
- तोकिएको पाठ्यक्रम वा तोकिएको शिक्षण विधि तथा सहजीकरण एवम् मूल्यांकन प्रणाली विद्यालय स्तरमा कार्यान्वयनमा ल्याउनु ।
- बालबालिकाहरुमा न्युनत्तम सिकाइ उपलब्धी वृद्धी गर्नु ।
- माध्यमिक शिक्षाको विद्यार्थी उत्तीर्ण दर वृद्धि गर्नु ।
- विद्यालय समायोजन र व्यवस्थित दरबन्दि मिलान गर्नु ।
- विद्यालयमा प्रोत्साहनको अभ्यासलाई सुनिश्चत गर्नु ।
- माध्यमिक तहमा विज्ञान विषयको अध्ययनमा रुची कम हुनु ।
- प्राविधकि धारतर्फ विद्यार्थीको संख्यामा कमि हुनु ।

### ३.३.४ उद्देश्यहरु

- माध्यमिक तहको शिक्षाको पहुँचमा सुधार ल्याउने ।
- माध्यमिक तहका वाल वालिकाहरुमा न्युनतम सिकाइ उपलव्धी हासिल गर्ने ।
- प्राविधिक तथा व्यवसायिक शिक्षाको पहुँचमा बृद्धि गर्ने ।
- माध्यमिक तहको शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउने ।
- माध्यमिक तहमा टिकाउदर बढाउने ।
- माध्यमिक शिक्षाको विद्यार्थी उत्तीर्ण दर वृद्धि गर्ने ।

FINAL DRAFT

### ३.३.५ रणनीतिहरु

- हरेक वर्षको शैक्षिक सत्रको पहिलो महिना भित्र विद्यालय स्तरमा वि.ब्य.स. र शि.अ.स. नेतृत्वमा एक कार्यदल निर्माण गरी निश्चित फारामको आधारमा लक्षित वर्ग सम्म पुगी भर्ना अवस्थाको यकिन गरी भर्ना अभियानलाई सशक्त र सबल बनाइनेछ।
- शैक्षिक सत्रको शुरुमा नै अभिभावक शिक्षा भर्ना कार्यक्रमसँगै हरेक विद्यालयले विद्यालयमा अभिभावक शिक्षाको तालिम सञ्चालन गरिनेछ।
- सिमान्तकृत तथा पछाडिपारिएका वर्गका तथा कार्यगत सीमितता भएका बालबालिकाहरुको पहिचान गरी "नगरपालिकासँग बालबालिका नामक" शैक्षिक सहयोग कार्यक्रम लागू गरिनेछ।
- प्राविधिक तथा व्यवसायिक शिक्षाको पहुँचमा बृद्धि गर्न र रुची बढाउन प्राविधिक तथा साधारण धारतर्फका विद्यार्थीहरुका लागि पढ्दै कमाउदै कार्यक्रम सञ्चालन गरिनेछ।
- विषयगत आवश्यकताका आधारमा नगर स्वयमसेवक शिक्षकको व्यवस्था गरिनेछ।
- माध्यमिक तह सञ्चालित सबै सामुदायिक विद्यालयहरुमा विज्ञान तथा गणित प्रयोगशाला सञ्चालन गरि प्रयोगमा ल्याइनेछ।
- शिक्षकलाई पेशागत तालिमको व्यवस्था गरिनेछ।
- अभिभावकहरुलाई आफ्ना वालवालिकको शिक्षाप्रति उत्तरदायी बनाउन अभिभावक शिक्षा कार्यमक्रम सञ्चालन गरिनेछ।
- विद्यार्थीहरुको उपस्थिति दरलाई वृद्धि गर्न प्रविधिमैत्री शिक्षाको व्यवस्था गरिनेछ।
- विद्यार्थी उत्तीर्ण दरलाई वृद्धि गर्न विद्यार्थीका लागि अतिरिक्त कक्षा सञ्चालन तथा उत्कृष्ट नजिता प्राप्त गर्ने विद्यार्थी, शिक्षक र विद्यालयलाई पुरस्कृत गरिने व्यवस्था गरिनेछ।
- विज्ञान विषयको अध्ययनको रुची वृद्धि गर्न नगरभित्रका सामुदायिक विद्यालयबाट माध्यमिक तह उत्तीर्ण गरेका विद्यार्थीहरुलाई एम बि बि एस र इन्जिनियरिङ्ग अध्ययनका लागि छात्रवृत्तीको व्यवस्था गरिनेछ।

### ३.३.६ उपलव्धि तथा प्रमूख नतिजाहरु

#### उपलव्धि

- माध्यमिक शिक्षाको पहुँच, सहभागिता र गुणस्तरमा सुधार हुने।

#### नतिजा

- माध्यमिक तहको शिक्षामा पहुँचमा वृद्दि भई खुद भर्ना, टिकाउ दर तथा सिकाइ उपलब्धीदरमा बृद्धि हुने तथा कक्षा छोड्ने र दोहोर्याउनेदरमा कमी आउने।

FINAL DRAFT

- सबै माध्यमिक विद्यालयलमा न्यूनत्तम आधारभूत मापदण्ड पूरा भएको हुने।
- प्राविधिक धारतर्फको शिक्षामा विद्यार्थी संख्या वृद्दि भएको हुने।
- विज्ञान विषयको अध्ययनप्रति विद्यार्थीको रुचीमा वृद्धि भएको हुने।
- विद्यार्थीहरुको नियमित उपस्थितिमा वृद्धि भएको हुने।

## प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स. | प्रमूखक्रियाकलापहरु | ईकाइ | भौतिकलक्ष्य(५वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | शिक्षकदरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | स्यमसेवक शिक्षकको व्यवस्था | जना | १० | १० | १० | १० | १० | ५० |
| ३ | अभिभाबक शिक्षासञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ |
| ४ | माध्यमिक विद्यालयमाविज्ञान तथा गणित प्रयोगशालको व्यवस्था | संख्या | ३ | ३ | ३ | ३ | ४ | १६ |
| ५ | शैक्षिक सामग्रीकोविकास वितरण तथा ब्यवस्थापन | संख्या | ३ | ३ | ३ | ३ | ४ | १६ |
| ६ | शिक्षकको क्षमताविकास तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | नयाँपाठ्यक्रम तथा मूल्यांकन सम्बन्धी प्रवोधीकरण कार्यक्रम र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | अतिरिक्त कक्षा सञ्चालन | संख्या | १६ | १६ | १६ | १६ | १६ | ८० |
| ९ | उत्कृष्टविद्यार्थी, शिक्षक तथा विद्यालयपुरस्कृतगर्ने कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| १० | शैक्षिक सुशासन तथासिकाइ उपलब्धी वृद्दिका लागि छलफल तथा अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ |
| ११ | बाबालिकाहरुको स्वास्थ्यपरीक्षणकार्यक्रम सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० |
| १२ | पढ्दै कमाउदै कार्यक्रम | संख्या | ३ | ३ | ३ | ३ | ४ | १६ |
| १३ | एम बि बि एस छात्रवृत्ती | संख्या | १ | १ | १ | १ | १ | ५ |
| १४ | इन्जिनियरिङ्ग छात्रवृत्ती | संख्या | २ | २ | २ | २ | २ | १० |

DRAFT

## ३.४ पाठ्यक्रम तथा मूल्याङ्कन

### ३.४.१ परिचय

मानव जीवनका लागि आइपर्ने विभिन्न समस्याहरु समाधान गर्नका लागि चाहिने ज्ञान, सिप र क्षमता आर्जनका लागि एउटा मार्गनिर्देश नै पाठयक्रम हो । वास्तवमा पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जिवनदर्शन,समकालिन समाजका वास्तविकताहरु,सिकाइ प्रक्रिया एव विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरी बालबालिकाका सिकाई सम्बन्धि आबश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ । पाठयक्रम विकास एउटा निरन्तर प्रक्रिया भएको समाज राष्ट्र र व्यक्तिको आवश्यकता र चाहाना अनुरुप परिवर्तन भइरहन्छ । स्थानिय तहको नेतृत्व र सहभागिताका अधारमा स्थानिय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरी मातृभाषा तथा स्थानिय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानिय आवश्यकतामा आधारित शिक्षाको रुपमा लिइन्छ । निर्धारित सिकाइ उपलब्धिहरु, प्राप्तिका लागि विधार्थीहरुलाई विभिन्न अनुभवहरु हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठयक्रम हो ।

पाठयक्रम कुनै कक्षा वा तहमा कुनकुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विधार्थीमा केकस्ता क्षमता विकास गराउने हो, किन पढाउने हो, के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विधार्थीले सिकेका वा नसिकेका सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न केकसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार हो ।

### ३.४.२ वर्तमान अवस्था

जीतपुरसिमरा उपमहानगपालिकाले हालसम्म नेपाल सरकारबाट स्विकृत पाठयक्रम लागू गर्दै आएको सर्वविदितै छ । पाठयक्रम विकास केन्द्रको संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठयक्रम विकास, सुधार तथा अध्यावधिक गर्ने कार्य केन्द्रद्धारा भईरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रुपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठयक्रम प्रारुप तयार गरी सोही अनुसार पाठयक्रम विकास तथा कार्यन्वयन गर्ने परिपाटी सुरु गरीयो । यसै क्रममा वि.सं. २०७६ मा नयाँ पाठयक्रम प्रारुप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठयक्रम प्रारुप, २०७६ कार्यन्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठयक्रम विकास गरी वि.सं. २०७७ सालदेखी कक्षा १ र ११ मा कार्यन्वयन सुरु भइ वि.सं. २०८० सम्ममा विद्यालय तहको सबै कक्षाहरु अर्थात् कक्षा १ - १२ मा यो पाठयक्रम कार्यान्वयन भएको छ । त्यसैगरी आधारभूत तहमा स्थानीय पाठ्यक्रम विकास गरी लागु  गर्ने चरणमा रहेको छ ।

नयाँ पाठ्यक्रम सँगै आधारभूत तह कक्षा १ - ३ मा सिकाइ सुनिश्चितताको लागि थिमगत मूल्यांकन अपनाईएको छ भने आधारभूत तह कक्षा ४-८ मा ५० प्रतिशत आन्तरिक र ५० प्रतिशत बाह्य वा सैद्धान्तिक मूल्यांकन अपनाइएको छ ।  त्यसैगरी ९ देखि १२ सम्मको २५ को आन्तरकि र ७५ को बाह्य मूल्यांकन प्रणाली लागु रहेको छ ।  यसै अनुसार नै जीतपुरसिमरा उपमहानगरपालिकाले पनि नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गरेको छ । तर पनि  अपेक्षाकृत पाठ्यक्रम र मूल्यांकन प्रणालीको प्रभावकारी रुपमा विद्यालय स्तरमा कार्यन्वयन हुन सकेको छैन ।

FINAL DRAFT

### ३.४.३ अवसर तथा चुनौतिहरु

पाठ्यक्रम तथा मूल्यांकनको क्षेत्रमा संघीय सरकारले स्रोत सामग्रीहरु विकास गर्नु, अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नु, स्थानीय पाठ्यक्रम निर्माणको लागि सहयोगी सामग्रीहरु उपलब्ध हुनु, पाठ्यक्रम कार्यन्वयन तथा स्थानीय पाठ्यक्रमको लागि स्थानीय स्तरबाट बजेट विनियोजन हुनु तथा विभिन्न संघसंस्थाहरुले पाठ्यक्रम कार्यान्वयनमा सहयोग तथा सहजीकरण गर्नु जस्ता अवसरहरु रहेका छन् । तर पनि यसका मुख्य चुनौतिहरु तथा समस्याहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

- नयाँपाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका पाठ्यक्रम प्रवोधिकरण तथा शिक्षकको क्षमता विकास गर्नु ।
- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकलागु गर्नु ।
- विविधतार समावेशीतालाई दृष्टिगत गरेर स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गर्ने कार्यमादक्ष जनशक्ति उत्पादनमाजोडदिनु ।
- पाठ्यक्रमले तोके अनुसारको मूल्यांकन प्रणाली विद्यालयमा कार्यान्वयन गर्नु ।
- शिक्षक तथा विद्यार्थीको डिजिटल सामग्रीको पहुँचमा वृद्धि गर्नु ।
- सिकाइ उपलब्धीको विश्लेषण तथा छलफल गरी शिक्षण सुधार योजना निर्माण गर्नु ।
- विद्यालय तहको परीक्षा प्रक्रियालाई थप प्रभावकारी बनाउनु ।

### ३.४.४ उद्देश्य

यस योजनाले पाठयक्रम तथा मूयाङ्कन सम्बन्धी निम्नलिखित उद्देश्यहरु राखेको छ :

- विद्यालय तहमा तोकिएको पाठ्यक्रमलाई पुर्ण रुपमा कार्यान्वयन गर्ने ।
- स्थानीय परिवेश बमोजिम तोकिएका तहमा स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा कार्यान्वयन गर्ने ।
- सिकाइका लागि मूल्याङ्कन प्रणालिका रुपमा रहेको तोकेको विद्यालय तहको मूल्याङ्कन प्रणाली लागु गर्ने ।
- पाठ्यक्रम तथा शैक्षिक सामाग्रीहरुको शिक्षक तथा विद्यार्थीको पहुँचमा वृद्धि गर्ने ।

### ३.४.५ रणनीतिहरु

- एक शिक्षक, आफ्नो विषयको पाठ्यपुस्तक, पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको उपलब्धतता सहित प्रयोगको अनिवार्यता गरिनेछ ।
- सिकाइको लागि मूल्यांकनको अवधारणा अवलम्बन गर्दै कक्षा १ बाट ३ सम्म थिमगत मूल्यांकन र ४ बाट १२ सम्म परियोजना तथा प्रयोगात्मक सहितको आन्तरिक मूल्यांकनलाई पुर्ण रुपमा लागु गरिने छ ।
- कक्षा ८ को पालिका स्तरीय परीक्षा थप व्यवस्थित गर्दै कक्षा ५ को परीक्षा समेत पालिका स्तरीय बनाई सञ्चालन गरिनेछ ।

FINAL DRAFT

- बार्षिक रुपमा विद्यालय स्तरमा विद्यालयले र पालिका स्तरमा शिक्षा शाखाले विद्यार्थीको सिकाइ उपलब्धीको विभिन्न सुचकका आधारमा विश्लेषण गरी सिकाइ उपलब्धी सम्बन्धी एक प्रतिवेदन तयार गरी सबै सरोकारवालाहरु समक्ष वर्षको कम्तिमा १ दिन बार्षिक रुपमा छलफल अन्तरक्रिया गर्ने अभ्यासको शूरुवात गरिनेछ।
- सिकाइ उपलब्धी विश्लेषणको आधारमा शिक्षण सुधार योजनालाई अनिवार्य गरिनेछ।
- परीक्षा सहित त्यसको अभिलेखिकरणको अनुगमन गरिनेछ।
- नयाँ पाठ्यक्रम तथा मूल्यांकन प्रणालीको प्रवोधिकरण कार्यक्रम सहित पाठ्यक्रम सम्बन्धि शिक्षक क्षमता विकास तालिम सञ्चालन गरिनेछ।
- पाठ्यक्रम र शिक्षण तथा सन्दर्भ सामग्रीमा विद्यार्थी तथा शिक्षकको पहुँचमा वृद्धि गर्न विभिन्न संघसस्थासँग समन्वय गरी soft and hard copies विद्यालय सम्म पुर्याइने छ।
- शिक्षण सिकाई कृयाकलाप र मूल्यांकनलाई प्रभावकारी बनाउन एक शिक्षक एक ल्यापटप कार्यक्रम सञ्चालन गरिनेछ।

### ३.४.६उपलव्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### उपलव्धि

- पाठ्यक्रम र मूल्यांकन प्रक्रिया पूर्ण रुपमा कार्यान्वयन हुने।

#### नतिजा

- एक शिक्षक,आफ्नो विषयको पाठ्यपुस्तक, पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको प्रयोग हुने।
- सिकाइको लागि मूल्यांकनको अवधारणा अवलम्बन गर्दै कक्षा १ बाट ३ सम्म थिमगत मूल्यांकन र ४ बाट १२ सम्म परियोजना तथा प्रयोगात्मक सहितको आन्तरिक मूल्यांकनलाई पुर्ण रुपमा लागु हुने।
- कक्षा ५ को पालिका स्तरीय परीक्षा सञ्चालन हुने  र हाल सञ्चालनमा रहेको कक्षा ८ को पालिका स्तरीय परीक्षा थप व्यवस्थित भएको हुने।
- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको कार्यान्वयन हुने।
- विद्यार्थीको सिकाइ उपलब्धीको विभिन्न सुचकका आधारमा विश्लेषण गरी सिकाइ उपलब्धीको विश्लेषण गर्ने अभ्यासको शूरुवाता हुने।
- पाठ्यक्रम र शिक्षण तथा सन्दर्भ सामग्रीमा विद्यार्थी तथा शिक्षकको पहुँचमा वृद्धि हुने।

FINAL DRAFT

### प्रमूख क्रियाकलाप तथा लक्ष्यहरु

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिकलक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | स्थानीय पाठ्यक्रमकार्यान्वयन | पटक | १ | ० | ० | ० | ० | १ |
| २ | स्थानीयपाठ्यपुस्तक वितरण | विद्यालय | १११ | १११ | १११ | १११ | १११ | ५५५ |
| ३ | पाठ्यक्रम सम्बन्धीप्रवोधिकरण कार्यक्रम | पटक | १ | ० | ० | १ | ० | २ |
| ४ | थिमगतमूल्यांकन र आन्तरिक तथा बाह्य मूल्यांकन लागु | विद्यालय | १११ | १११ | १११ | १११ | १११ | ५५५ |
| ५ | पाठ्यक्रम तथा शिक्षकनिर्देशिकाको वितरण | विद्यालय | १११ | ० | ० | ० | ० | १११ |
| ६ | बार्षिकरुपमा सिकाइ उपलब्धी विश्लेषणको प्रतिवेदन तयार र छलफल अन्तरक्रिया कार्यक्रम (विद्यालय तथा पालिका स्तरीय) | विद्यालय | ११२ | ११२ | ११२ | ११२ | ११२ | ५६० |
| ७ | शिक्षण सुधार योजनातयार गरी कार्यान्वयन | विद्यालय | १११ | १११ | १११ | १११ | १११ | ५५५ |
| ८ | पालिका स्तरीय कक्षा ५र ८ को परीक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | विद्यालय तहकोमूल्याङ्कन प्रक्रियाको अनुगमन तथा सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| १० | एक शिक्षक एक ल्यापटप (स्थायी शिक्षकहरुका लागि) वितरण कार्यक्रम | संख्या | ३६ | ३६ | ३६ | ३६ | ३७ | १८१ |

FINAL DRAFT

## ३.५ शिक्षक व्यवस्थापन र विकास

### ३.५.१ परिचय

सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ । शिक्षक सदैव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ। शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरी विद्यार्थी, अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ । वर्तमान समयका शिक्षकहरुमा आवश्यकीय सक्षमताहरु सुनिश्चित हुनु पर्दछ। शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ ।

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ । यस योजनामा शिक्षकको ब्यवस्थापन पेशागत विकास तथा पेशागत सहयोग जस्ता कुरालाई जोड दिएको छ ।

### ३.५.२ वर्तमान अवस्था

शिक्षक सेवा आयोग नियमावली २०५७ अनुसार शिक्षक हुनको लागि अध्यापन अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षकहरूका लागि शिक्षक सेवा आयोगले लिनेपरीक्षा उतीर्ण भएको हुनु पर्ने, वढुवाको निश्चित मापदण्ड पूरा गर्नु पर्ने व्यवस्था छ । पेशाको सुरक्षाको कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाका रुपमा लिन थालिएकोछ । नियमित रुपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको छ । वर्तमान अवस्थामा देशमा स्थायी, अस्थायी, राहत अनुदान शिक्षकहरू छन् । अस्थायी, राहत र अनुदानका शिक्षकहरूको व्यवस्थापनको लागि उपयुक्त मापदण्ड तथा निर्देशिका बनाई प्रयोगमा ल्याउनु आवश्यक देखिन्छ ।

यस उपमहानगरपालिकामा जम्मा ४४० जना शिक्षकहरु रहेको विवरण IEMIS ले देखाउछ । जसमा १८१ जना स्थायी ६७ जना करार १९२ जना राहत अनुदानका शिक्षक रहेका छन् । शिक्षक अभावको समस्या प्रमुख रुपमा देखिन्छ । शिक्षकको क्षमता विकासको लागि समीक्षा बैठक तथा तालिमहरु सञ्चालन गर्दै आइएको छ । साथै दरबन्दी मिलान समेत गरिएको छ । त्यसको साथै शिक्षकलाई सिकाइ प्रति उत्तरदायी बनाउन चुनौती रहेको छ ।

### ३.५.३ अवसर तथा चुनौतिहरु

शिक्षक ब्यवस्थापन समयसमयमा आयोगबाट स्थायी शिक्षक छनोट हुनु बार्षिक रुपमा शिक्षण अनुदान कोटा प्राप्त हुनु तथा पालिका स्तरीय दरबन्दी मिलान हुनु अवसरका रुपमा रहेका छन् । त्यसैगरी शिक्षकको क्षमता विकासमा विभिन्न संघसस्थाहरु

सहित पालिकाले नियमित रुपमा तालिम समीक्षा बैठकहरु सञ्चालन गर्नु रहेको छ ।  तर पनि यस क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरूको रहेका छन् ।

- शिक्षणपेशालाई सबैकोरोजाइकोपेशाकारूपमाविकासगर्नु।
- विद्यार्थी संख्या तथा बिषयगत आधारमा शिक्षक दरवन्दि व्यबस्थापन गर्नु ।
- शिक्षकलाई पेशागत विकासमा क्रियाशिल बनाउनु ।
- शिक्षकको पेशागत विकासको लागि पेशागत सहयोग प्रणाली लागू गर्नु ।
- शिक्षकबाट पाठ्यक्रमले तोके बमोजिमको शिक्षण विधि कार्यान्वयनको सुनिश्चत गर्नु ।
- शिक्षकबाट शैक्षिक सामग्रीको संकलन निर्माण र त्यसको उच्च प्रयोगको सुनिश्चतता गर्नु ।

### ३.५.४ उद्देश्य

यस पालिकाको  शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका देहाय बमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन्

- सिकाइ सुधारको लागि आवश्यक शिक्षकको क्रमश ब्यवस्थापन गर्दै लैजानु ।
- शिक्षकले गर्ने शिक्षण पुर्वको तयारी लाई वृद्दि गर्नु ।
- शिक्षकको पेशागत विकासमा  हुने सहभागितामा वृद्दि गर्नु ।
- विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेशागत सहयोग प्रणालीको कार्यान्वयन गर्नु ।

### ३.५.५ रणनीतिहरू

- बार्षिक रुपमा विद्यार्थी संख्याको आधारमा र आवश्यकताको आधारमा दरबन्दी मिलान नियमित गरिने छ ।
- शिक्षक संख्या कम भएका विद्यालयहरुमा स्यमसेवक शिक्षक शिक्षकको व्यवस्था गरी विद्यालयहरुमा आवश्यक शिक्षकको व्यवस्था क्रमशः गर्दै लगिनेछ ।
- पालिकाले बार्षिक रुपमा सबै तहका शिक्षकलाई  दक्ष प्रशिक्षकबाट तालिम प्रदान गरिने छ । उक्त तालिममा सहभागी भएका शिक्षकले आफ्नो विद्यालयमा गई सोही तालिमको बारेमा विद्यालयका अन्य शिक्षकहरुलाई अनिवार्य रुपमा तालिम प्रदान गर्नु पर्ने व्यवस्थालाई पुर्ण रुपमा कार्यान्वयनमा लगिने छ ।
- हरेक विद्यालयमा महिनाको कम्तिमा १ दिन सम्बन्धित विद्यालयले शिक्षण कार्यलाई बाधा नपर्ने गरी आफ्नो विद्यालयको जनशक्ति वा नजिकको विद्यालय वा स्थानिय जनशक्तिको सहयोगमा शिक्षकको आवश्यकताको विषयवस्तुमा क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ ।
- महिनाको १ पटक अन्तिम शुक्रबार तोकिएको ढाँचामा सिकाइ केन्द्रित शिक्षक/स्टाफ बैठक सञ्चालन गरिने छ ।
- सिकाइ सुधारका लागि हरेक २ महिनामा  घुम्ति शिक्षक बैठक सञ्चालनमा ल्याइने छ ।
- शिक्षण सुधार योजनालाई अनिवार्य गरिने छ  ।
- शिक्षकबाट पाठयोजना वा शिक्षक डायरी, शैक्षिक सामग्री संकलन निर्माण तथा विकास कार्यलाई अनिवार्य गरिने छ ।

FINAL DRAFT

- निश्चत सुचकको आधारमा विद्यालय तथा पालिका स्तरीय शिक्षकलाई पुरस्कृत गरिने छ।
- बार्षिक रुपमा एक शिक्षक एक कार्यमूलक अनुसन्धान गर्ने र त्यसको नतिजाहरु प्रस्तुत गर्ने अभ्यासको थालनी गरिने छ।
- शिक्षा सिकाइ र अनुभवका लागि शैक्षिक अध्ययन तथा भ्रम्रमणको अभ्यासलाई कार्यान्वयन गरिनेछ।
- पालिकास्तरवाट बिषय बिशेषज्ञ सहितको टोलीवाट कक्षा अवलकन गरिनेछ।
- २० वर्ष सेवा अवधि पुरा भई ५० वर्ष उमेर नाघेका शिक्षकलाई स्वेच्छिक Golden Handshake को व्यवस्था गरिनेछ।

### ३.५.६ उपलव्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### उपलव्धि

- पेशागत विकासमा सक्रिय रहेका तालिमप्राप्त शिक्षकको ब्यवस्थापन भइ विद्यार्थीको सिकाइमा सुधार हुने।

#### नतिजा

- शिक्षकबाट दैनिक पाठयोजना तयार, शैक्षिक सामग्रीको निर्माण, कार्यमूलक अनुसन्धान हुने ।
- स्थानीय तहबाट शिक्षक पेशागत सहयोग प्रणाली मार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग प्राप्त हुने।
- विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/परिमार्जन तथा स्यमसेवक शिक्षकको व्यवस्था हुने
- मासिक सिकाइ केन्द्रित स्टाफ बैठक हुने।
- घुम्ति बैठक नियमित बस्ने।
- शिक्षक पुरस्कृत हुने।

#### प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिकलक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | बार्षिक रुपमा आवश्यकताको आधारमा दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | स्यमसेवंक नगर शिक्षककोनियुक्ति | जना | ७५ | ८० | ८५ | ८५ | ९० | ९० |
| ३ | पालिका स्तरीय शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | विद्यालय स्तरीय शिक्षक तालिम | विद्यालय | ६१ | ६१ | ६१ | ६१ | ६१ | ३०५ |

FINAL DRAFT

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | मासिक सिकाइ केन्द्रित स्टाफ बैठक | विद्यालय | ६१ | ६१ | ६१ | ६१ | ६१ | ३०५ |
| ६ | चौमासिक घुम्ति शिक्षकबैठक | पटक | ६ | ६ | ६ | ६ | ६ | ३० |
| ७ | शिक्षकको पेशागत सहयोग प्रणालीको कार्यान्वयन वास्रोत विज्ञको नियुक्ति र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | शिक्षण सुधार योजनाकोनिर्माण तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १० | शैक्षिक सामग्रीको निर्माण (एक शिक्षकले एक महिनामा१ वटा) | थान | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० |
| ११ | वार्षिक रुपमा एकशिक्षक एक कार्यमूलक अनुसन्धान तयार र प्रस्तुत कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| १३ | पालिका स्तरीय कार्यमूलक अनुसन्धानको नतिजाप्रस्तुत गर्न शिक्षक सम्मेलन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १४ | निश्चत सूचकको आधारमाशिक्षक सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| १५ | एक शिक्षक एक ल्यापटप कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| १६ | शिक्षक अध्ययन भम्रण | पटक | १ | १ | १ | १ | १ | ५ |
| १७ | Golden Handshake कार्यक्रम | जना | | १० | १० | १० | १० | ४० |

## ३.६ अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ

### ३.६.१ परिचय

औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र प्रक्रियाकोप्रशोधन गर्ने जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो। अनौपचारिकशिक्षा एवम् आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्यबनाई सेवा प्रदान गर्दछ।निरक्षरका लागि साक्षरता, साक्षरकालागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरबृद्धि, शिक्षासँग सिप र आम्दानी जोड्दैशिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ।

साक्षरता तथा निरन्तर शिक्षाकार्यक्रमहरूको समन्वयात्मक रूपले विकास, योजना तथा सञ्चालनका लागि स्थानीय सरकारहरूसँग सहकार्य गर्ने अनौपचारिक शिक्षा र औपचारिकशिक्षाको दोहोरो प्रवेशको अवसर प्रदान गरी प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरणगर्ने तथा निरक्षर र नवसाक्षरलाई जीवनपर्यन्त शिक्षा दिन सामुदायिक सिकाइ केन्द्रमार्फतसाक्षरता स्वयम् सेवक परिचालनगर्ने नीति लिएको छ।

निरक्षरजनताहरुलाई साक्षर बनाउने र नव साक्षरलाई निरन्तर शिक्षा दिने राज्यको दायित्व हो ।अर्कोतिर उनीहरुका लागि आयमूलक र कार्यमूलक कार्यक्रम दिनु पनि आवश्यक देखिन्छ। जसलाईसार्थक बनाउनका लागि सामुदायिक सिकाइ केन्द्रको अवधारणाकार्यान्वयनमा आएको छ । तर एकातिर संचालनमा रहेकासिकाई केन्द्रको व्यवस्थापन प्रभावकारी ढंगले हुन सकिरहेको छैन भने साक्षर भएकाहरुपनिनिरन्तर शिक्षाको अवसर नपाउँदा पुनः निरक्षर बन्नु पर्ने अवस्था टड्कारो रुपमा रहेकोदेखिन्छ।

राज्यले काम दिन नसक्दा र सामुदायिक सिकाइ केन्द्रले काम खोज्न नसक्ने कारणले गर्दा कतिपय सामुदायिक सिकाइ केन्द्रहरु बन्द हुने अवस्थामा छन् । दक्षिण कोरियाको इन्चोनमा भएको विश्व शिक्षामञ्चको घोषणाअनुसार जीवनपर्यन्त सिकाइको अवसर प्रवर्धन गर्ने विषयमा नेपालले प्रतिबद्धताजाहेर गरेको छ। तसर्थ साक्षर, नवसाक्षर र कक्षा ५ पूरा नगरेका नागरिकहरुका लागि जीवनपर्यन्तशिक्षाको अवसर उपलब्ध गराउनुपर्ने दायित्व राज्यमा रहेको छ।

### ३.६.२ वर्तमान अवस्था

अनौपचारिक तथा आजीवन सिकाइले शैक्षिक क्षेत्रमा महत्वपूर्ण भूमिका रहेको छ। नेपालमा अनौपचारिक शिक्षा विकासमा धेरै प्रयासहरू भईरहेको छ। विशेष गरी विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) कार्यान्वयन अवधिमा अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइअन्तर्गत निरन्तर शिक्षा तथा साक्षरता कार्यक्रमहरूमा पहुँचको वृद्धि भएको र साक्षरता तथा जीवनपर्यन्त सिकाइ कार्यक्रममा सुधार हुने नतिजाको अपेक्षा गरिएको छ। राष्ट्रिय शिक्षा नीति-२०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिष्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ।

जनगणना २०७८ अनुसार जीतपुरसिमरा उपमहानगरपालिकाको साक्षरता दर ७१.७ प्रतिशत रहेको छ। जसमध्ये पुरुष साक्षरता दर ७८.९ प्रतिशत र महिलाको ६४.५ प्रतिशत रहेको छ। शैक्षिक अध्ययनको विषयको विश्लेषण गर्दा यहाँ उच्च शिक्षा पढ्ने मध्ये सबै भन्दा धेरै ४६ प्रतिशतले व्यवस्थापन विषय अध्ययन गर्ने गरेको देखिन्छ भने सबैभन्दा कम ०.२ प्रतिशतले कानुन र पशुविज्ञान अध्ययन गर्ने गरेको देखिन्छ। यस पालिकाको साक्षरता मध्येको धैरै जनसंख्याले प्राथामिक तहमात्र अध्ययन गरेको पाइएको छ। त्यसैगरी योपालिका साक्षर पालिका घोषणा हुन सकेको छैन। त्यसैले पनि यस पालिकाको प्रमुख काम भनेको निरक्षरलाई साक्षर बनाइ साक्षर पालिका घोषणा गर्नु रहेको छ भने निरन्तर सिकाइलाई पनि जोड दिनु आवश्यक रहेको छ। यस पालिकाको संकायगत साक्षरता दरलाई तल तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.स. | संकाय | सारक्षरता प्रतिशत |
|---|---|---|
| १ | व्यवस्थापन | ४६ |
| २ | शिक्षा | २८.८ |
| ३ | मानविकि | ७.३ |
| ४ | विज्ञान | ५.५ |
| ५ | चिकित्साशास्त्र | २.५ |
| ६ | इन्जिनियरिङ्ग | २.३ |

FINAL DRAFT

| | | |
|---|---|---|
| ७ | कृषी | ०.७ |
| ८ | कम्प्युटर | ०.६ |
| ९ | वनविज्ञान | ०.४ |
| १० | कानुन | ०.२ |
| ११ | पशुविज्ञान | ०.२ |
| १२ | अन्य | ५.५ |

### ३.६.३ अवसर तथा चुनौतिहरु

साक्षरता तथा निरन्तर सिकाइको क्षेत्रमा यस पालिकामा लागु भएका विभिन्न परियोजनाहरुले निरन्तर सहयोग गर्दै आइरहेका छन् भने संघीय सरकारले पनि साक्षर पालिका हुँदै साक्षर जिल्ला घोषणाको लागि प्राथमिकतामा राख्दै सहयोग कार्यक्रम तय गर्नु यसका प्रमुख अवसरहरु रहेकाछन् । यस्ता अवसरहरु भएता पनि केहि प्रमुख चुनौतीहरु वा समस्याहरु यस क्षेत्रमा रहेका छन् । त्यस्ता समस्या वा चुनौतीहरुलाई यहाँ प्रस्तुत गरिन्छ ।

- साक्षर उपमहानगरपालिका घोषणाका लागि सामुदायिक सिकाइ केन्द्रको अभाव हुनु ।
- सबै निरक्षरहरुको पहिचान गरी साक्षर बनाइ साक्षर पालिका घोषणा गर्ने ।

### ३.६.४ उद्धेश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजिवन सिकाइ सम्बन्धि निम्नलिखित उद्धेश्यहरु राखेको छः

- जीतपुरसिमरा उपमहानगरपालिकालाई साक्षर पालिका घोषणा गर्ने ।
- सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने ।
- निरन्तर सिकाइका अवसरहरुको विस्तार गर्ने ।

### ३.६.५ रणनीतिहरु

यस योजनाका उद्धेश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिने छः

- जीतपुरसिमरा उपमहानगरपालिका साक्षर घोषणा अभियान पूरा गर्न  पालिका स्तरमा एक कार्यदल तथा कार्ययोजना बनाइ सामूदायिक सिकाइ केन्द्र स्थापना, विद्यालय, विकास साझेदार, नागरिक समाज, टोल विकास, राजनैतिक दल, सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरु परिचालन गरिनेछ ।
- उच्च शिक्षा तथा कक्षा ११ र १२ का विद्यार्थीहरु तथा विद्यालयका शिक्षकहरुलाई अनिवार्य रुपमा साक्षरताको लागि परिचालन गरिने छ ।

FINAL DRAFT

- माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई तोकिएको कुनै एक विषयको प्रयोगात्मक कार्यका लागि साक्षरता तथा निरन्तर सिकाइका कार्यक्रममा सहभागी गराउँदै लगिनेछ।
- निरन्तर सिकाइको लागि सूचना प्रविधि सहितको अध्ययन केन्द्रको विकास गरिनेछ।

### ३.६.६उपलव्धि, नतिजा, प्रमूख क्रियाकलाप तथा लक्ष्य

#### उपलव्धि

- सिकाइ केन्द्रहरु स्थापना भएको हुनुका साथै साक्षर पालिका घोषणा भएको हुने।

#### प्रमूख नतिजाहरु

- जीतपुरसिमराउपमहानगरपालिका साक्षर घोषणा भएको हुने।
- सिकाइ केन्द्रहरु स्थापना भएको हुने।

#### प्रमूख क्रियाकलापहरू तथा लक्ष्य

| क्रस | प्रमूखक्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | सामुदायिक सिकाइ केन्द्रको स्थापना | संख्या | ३ | ३ | | | | ६ |
| १ | साक्षरता घोषणाको लागि कार्यदल गठन तथा परिचालन | पटक | ० | १ | १ | ० | ० | २ |
| २ | साक्षरता कार्यक्रमहरु सञ्चालन | संख्या | ३ | ३ | ० | ० | ० | ६ |
| ३ | साक्षरता घोषणा कार्यक्रम | पटक | ० | ० | ० | १ | ० | १ |
| ४ | सामुदायिक सिकाइ केन्द्रको वार्षिक परीक्षण र समीक्षा कार्यक्रम | केन्द्र | ३ | ६ | ६ | ६ | ६ | २७ |
| ५ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सहयोग | जना | ३ | ६ | ६ | ६ | ६ | २७ |
| ६ | सामुदायिक सिकाइकेन्द्र परिचालकको क्षमता विकास तालिम | केन्द्र | ३ | ६ | ६ | ६ | ६ | २७ |
| ७ | मा.वि. तहका विद्यार्थीलाई निरन्तर सिकाइका लागि परिचालन गर्ने | संख्या | १५ | ३० | ३० | ३० | ३० | १३५ |
| ९ | निरन्तर सिकाइका लागि सूचना प्रविधि सहितको अध्ययन केन्द्रको स्थापना | संख्या | ० | १ | १ | ० | १ | ३ |

FINAL DRAFT

# परिच्छेद ४: अन्तरसम्बन्धित क्षेत्रहरु

## ४.१ समावेशी तथा समता

### ४.१.१ परिचय

सबै बालबालिकाका लागि विभेद रहित वातावरणमा क्षेत्रिय, धार्मिक, भाषिक, जातिय, लैङ्गिक, अपाङ्गता भएका, आर्थिक रुपमा विपन्न लगायतका भिन्नतालाई सम्मान गर्दै आफ्नो समुदायमा शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने शैक्षिक प्रक्रियालाई समावेशी शिक्षा भनिन्छ । बालबालिकाका सिकाइ आवश्यकता र क्षमता फरकफरक हुनु प्राकृतिक यथार्थ हो । फरकपनलाई स्वभाविक रुपमा स्वीकार गर्नु सबैका लागि अनुकुल हुने सिकाइ पद्दति विकास गर्नु र सबैबालबालिकालाई सम्मान पूर्वक सिकाइको व्यवस्थापन गर्नु समावेशी शिक्षाको अनिवार्य आवश्यकता हो । समावेशी शिक्षामा बालबालिकालाई उनीहरुको आवश्यकता र चाहना अनुसारको गुणस्तरीय शिक्षा प्रदान गरी सहजता पूर्वक जीवनयापन गर्ने अवस्थाको सिर्जना गर्ने ध्येय राखिएको हुन्छ । शिक्षाको माध्यमबाट उनीहरुलाई राज्यको मुल प्रवाहमा समाहित गर्ने प्रयत्न गरिन्छ । बालबालिकालाई उनीहरुको क्षमता र चाहना अनुसारको शिक्षा प्रदान गर्ने प्रयास हुन्छ । सिकाइलाई सार्थक बनाउन समय सापेक्ष शिक्षणविधि र शैक्षणिक सामग्री प्रयोग गरिन्छ । उनीहरुलाई आत्मनिर्भर, स्वाबलम्बी, विवेकशील बनाउनु र देश तथा समाज प्रति अपनत्व महसुस गराउनु समावेशी शिक्षाको उद्देश्य हो । यसले सबै बालबालिकाहरु सिक्न सक्छन् भन्ने मान्यतालाई आत्मसाथ गर्दछ ।

नेपाल सामाजिक, सांस्कृतिक रुपमा विविधता भएको मुलुक हो । यहाँ विभिन्न भाषिक र सांस्कृतिक तथा जातजातिगत समुदायहरुको वसोवास छ । नेपाली समाजको यो विविधितालाई एकातिर पहिचान तथा समस्याका रुपमा लिने गरिन्छ भने अर्कोतर्फ ऐतिहासिक रुपमा यही भिन्नताका आधारमा सामाजिक विभेद र बञ्चितिकरणमा परेका समुदायहरु पनि छन् । उदहारणका लागि दलित तथा सीमान्तकृत समुदाय, नेपाली बाहेक अन्य मातृभाषी समुदाय, अल्पसंख्यक सांस्कृतिक समुदायहरु ऐतिहासिक रुपमा सामाजिक, आर्थिक तथा शैक्षिक वञ्चितीकरणमा पर्न गई अहिले सम्म पनि यस्तो वञ्चितीकरणको असर कुनै न कुनै रुपमा देखिने गरेको छ । भौगोलिक क्षेत्रगत आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा परिरहेको देखिन्छ । त्यसै गरी विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाहरु कठिन परिस्थितिमा रहेका बालबालिकाहरुमा शिक्षाको पहुँच पुऱ्याई सहभागी बनाउन थप प्रयास आवश्यक छ ।

विविधताको सम्मान र समता तथा समावेशिता अभिबृद्धिगरी शिक्षामा सबैको सहज पहुँच पुऱ्याई अर्थपूर्ण सहभागिता कायम गर्ने र सिकाई सुनिश्चित गर्नका लागि यसका कारण तथा वाधाहरुपहिचान गरी ती बाधाहरु हटाउनु पर्दछ । यस्ता बाधाहरुमा समुदाय तथा परिवेश अनुसार भिन्नताहुन सक्ने कुरालाई पनि ध्यान दिनु पर्दछ । कुनै बाधाहरु भौतिक तथा स्रोत–सामग्रीसँग सम्बन्धित हुन सक्दछन भन्ने कुनै साँस्कृतिक, सामाजिक, मनोवैज्ञानिक हुन सक्दछन् । कतिपय वाधाहरु संरचनागत पनि हुन सक्दछन् ।

नेपालले जोम्टिन घोषणा सन् १९९०, डकार सम्मेलन सन् २००० र सहस्राब्दी विकास लक्ष्य सन् २००० लगायतका विभिन्न अन्तराष्ट्रिय मञ्चहरुमा सबैका लागि शिक्षाको प्रतिवद्धता जाहेर गरि अपाङ्गता भएका बालबालिकाको शिक्षा प्रवर्द्धनका लागि समेत नीतिगत एवम् कानुनी सुधारका प्रयासहरु गर्दै आएको छ । यीनै आधारमा अपाङ्गता भएका व्यक्तिहरुका लागि समावेशी शिक्षा नीतिको आवश्यकता भई यो शिक्षा योजना  प्रस्ताव गरिएको छ ।

FINAL DRAFT

### ४.१.२ वर्तमान अवस्था

नेपालले अपाङ्गता भएका बालबालीकाको शिक्षा प्रवर्द्धनका लागि विभिन्न कानुनी व्यवस्था कार्यक्रम गरी कार्यन्यनमा अगाडी बढाइएको छ । शिक्षा ऐन २०२८ मा विशेष शिक्षाको सञ्चालन साधरण शिक्षा सरह हुने कुरा उल्लेख छ । शिक्षा नियमावली २०५९ मा शिक्षा मन्त्रीको अध्यक्षतामा विशेष शिक्षा परिषदको गठन गरी विशेष शिक्षा सञ्चालन सम्वन्धि व्यावस्था गरिएको छ । विषेश शिक्षातर्फका नीतिगत र विषयगत कार्यक्रममा नियमित कार्य गर्न विशेष शिक्षा परिषद् क्रियाशिल छ ।

विशेष शिक्षा नीति २०५३ ले दृष्टिविहीन, वहिरा, बौद्दिक अपाङ्गता र शारीरिक अपाङ्गता भएका बालबालिकाहरुलाई आवास सुविधा सहितको शिक्षाको अवसर दिने कुरा उल्लेख गरेको छ । शिक्षा नियमावली २०५९ को नियम ५९ मा अपाङ्गता भएका बालबालिकालाई विषेश शिक्षा प्रदान गर्न सकिने र सोही नियमावलीको नियम ६६ एवम अपाङ्ग संरक्षण तथा कल्याण नियमावली २०५१ को उप नियम १५ मा विषेश शिक्षा दिने संस्थालाई नेपाल सरकारले निर्धारण गरे बमोजिम सुविधा दिइने व्यवस्था उल्लेख छ । त्यस्तै नियमावली २०५९ को नियम १५१(२) मा संस्थागत विद्यालयले कुल विद्यार्थी संख्याको कम्तिमा १० प्रतिशतमा नघटाइ जेहेन्दार, गरिब, अपाङ्गता भएका व्यक्ति, महिला दलित र जनजाती समुदायका विद्याथीलाई छात्रवृत्तीको व्यवस्था गरेको छ । यसै सम्बन्धमा विषेश शिक्षा सञ्चालन सम्बन्धि निर्देशिका २०६० जारी भई कार्यान्वयनमा रहेको छ ।

अपाङ्गता भएका बालबालिकाले छात्रवृत्ती सहित विभिन्न सामुदायिक विद्यालयहरु, स्रोत कक्षाहरु एवम् विषेश विद्यालयहरुमा अध्ययन गर्ने अवसर पाएका छन् । स्रोत कक्षा तथा विषेश विद्यालयहरुमा विषेश आवश्यकता भएका बालबालिकाहरुका लागि आवास र स्रोत शिक्षकको व्यवस्था मिलाईएको छ । अपाङ्गता भएका बालबालिकाहरुका लागि निःशुल्क पाठ्यपुस्तक, शिक्षण सामग्री एवम् उपकरणहरु वितरण गर्ने गरिएको छ । साथै अपाङ्गता पहिचान गर्नअपाङ्गतासम्बन्धि सेवा, सहयोग, सर सल्लाह र अन्य कार्यक्रम तर्जुमा गर्न ६२ जिल्लाहरुमा लेखाजोखा केन्द्र स्थापना भएका छन् ।

संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार सम्बन्धि घोषणा पत्र सन् १९४८  बाल अधिकार सम्बन्धि महासन्धी सन् १९८९ ले आधारभुत तहसम्म अधिकारको रुपमा निःशुल्क शिक्षा सबैले पाउनुपर्ने उल्लेख गरेको छ । अपाङ्गता भएका व्यक्तिहरुका लागि समतामुलक अवसर सुनिश्चित गर्ने सम्बन्धि संयुक्त राष्ट्र सङ्घीय प्रामाणिक नियमहरु सन् १९९३, एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरुको दशक सन् १९९३ (२००२, सालामान्का घोषणा सन् १९९४, संयुक्त राष्ट्र सङ्घीय अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि महासन्धी , सन् २००६ ले अपाङ्गता भएका व्यक्ति लगायत विशेष शिक्षाको आवश्यकता भएका सबैलाई शिक्षाको राष्ट्रिय कार्यक्रमको मुलधारमा समावेश गर्नुपर्ने कुरामा जोड दिएका छन् । साथै इन्चोन घोषणा सन् २०१५ ले विशेष आवश्यकता भएका बालबालिकाको शिक्षा प्रवर्द्धन गर्नका लागि नीतिगत सुधार गर्न सरकारलाई प्रेरित गरेको छ ।

यस पालिकाको समावेशी तथा समतामूलक शिक्षाका विविध क्षेत्रहरुलाई हेर्दा लैङ्गिक रुपमा शैक्षिक सूचकहरुमा न्यून असमानता रहेको देखिन्छ । तुलनात्मक रुपमा खुद भर्नादरमा छात्राको भन्दा छात्रको बढी रहेको छ । त्यसैगरी साक्षरतादरमा पनि महिलाको भन्दा पुरुषको बढी रहेको छ । केही प्रमुख सूचकहरुको अवस्था तलको तालिकामा प्रस्तुत गरिन्छ ।

FINAL DRAFT

| सूचक | छात्रा/महिला | छात्र/पुरुष | कुल |
|---|---|---|---|
| प्रारम्भिक बाल विकास तथा शिक्षाको खुदभर्नादर | ६३.९ | ६७.८ | ६५.९ |
| आधारभूत तहको खुद भर्नादर | ९६.६ | ९७.१ | ९६.९ |
| माध्यमिक तहको खुद भर्नादर | ५१.५ | ५४.८ | ५३.२ |
| लैगिङ्क समता सूचक | ७०.६ | ७३.२ | ०.९६ |
| कक्षा १० सम्मको टिकाउदर | ६०.७ | ६०.१ | ६०.७ |
| साक्षरतादर | ७८.९ | ६४.५ | ७१.७ |

यस पालिकामा २०७८ सालको जनगणना अनुसार जनसङ्ख्या विश्लेषण गर्दा  कुल जनसङ्ख्याको १.९ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरु रहेको छन् जसमध्ये पुरुषको जनसङ्ख्या २ प्रतिशत र महिलाको १.८प्रतिशत  रहेको छ।  यस पालिकामा नगरकार्यपालिका, वडा समिति, नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति लगायत विभिन्न संघसंस्थामा महिला तथा दलितको सहभागिता रहेको छ। विभिन्न जातजाती भाषाभाषी परिवेश अनुसारको बालबालिकाहरु विद्यालयमा आउने गर्छन्। त्यसैगरी अपाङ्गता तथा कार्यरत सिमितता भएका बालबालिकाहरुको संख्या पनि विद्यालयहरुमा रहेको छ।

विद्यालय तहमा शैक्षिक सत्र २०८० अनुसार विद्यालय तहमा ४७५२ जना विद्यार्थीहरु दलित भएका रहेका छन्। त्यसैगरी जनजाति बालबालिकाहरु १३४९७ जना रहेकाछन्। त्यसैगरी १७१ जना अपाङ्गता भएका बालबालिकाहरु रहेकाछन्। केहि अपाङ्गता भएका बालबालिकाहरु विद्यालय जान नसकिरहेको अवस्था छ। यस्तो परिवेशका बिच सबै बालबालिकाहरुलाई समतामूलक  विद्यालय शिक्षाको अवसर दिनु आजको मूख्य आवश्यकता रहेको छ।

### ४.१.३ अवसर तथा चुनौतिहरु

यस क्षेत्रको विकास तथा सुधारको लागि शिक्षा नीति २०७६ लागयतको नीतिगत ब्यवस्था हुनु समावेशी शिक्षालाई संघीय सरकार तथा स्थानीय सरकारले जोड दिनु, विभिन्न संघसस्थाका परियोजनाले यस क्षेत्रमा सहयोग गर्नु प्रमुख अवसरका रुपमा रहेकाछन्। यस्ता अवसरहरु भएता पनि यस क्षेत्रमा धेरै चुनौतीहरु रहेका छन्।

- विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाहरुको तथ्याङ्क तथा सुचना व्यवस्थापन गर्नु।
- बालबालिकाहरुको कार्यरत सिमितता पहिचान र सोहि अनुरुपको सहयोग तथा शिक्षणसिकाइ क्रियाकलापको अभ्यास गर्नु।
- विद्यालयको भौतिक संरचनालाई सबैको पहुँचमा पुऱ्याउनु ।
- सुरक्षित र बालमैत्री सिकाइ वातावरण सिर्जना गर्नु।
- छात्राको पढाइमा निरन्तरता दिन र बालविवाहलाई रोक्नु।

### ४.१.४ उद्देश्यहरु

यस योजनाले समावेशी र समता सम्बन्धि निम्नलिखित उद्धेश्यहरु राखेको छः

FINAL DRAFT

- विद्यालयमा बालमैत्री वातावरणको अवस्थामा सुधार ल्याउनु ।
- पहुँचयुक्तता भएका भौतिक संरचनाको निर्माणमा वृद्दि गर्नु ।
- बालबालिकाहरुको प्रारम्भिक पहिचान प्रणालीको शूरुवात गर्नु ।
- लक्षित समुदाय एवम् अपाङ्गता तथा कार्यरत सिमितता भएका बालबालिकाहरुको पनि शिक्षाको पुहँचमा वृद्दि गर्नु ।

### ४.१.५ रणनीतिहरु

यस योजनाले समावेशी र समता सम्बन्धि निम्नलिखित रणनीतिहरु राखेको छः

- विद्यालयमा बालमैत्रि वातावरणमा सुधार ल्याउन बालमैत्री प्रारुपलाई पुर्ण कार्यान्वयनमा लगिने छ ।
- भौतिक संरचनाहरुलाई क्रमश: पहुँचयुक्तता भएको बनाइदै लगिने छ । त्यसका लागि डिजाइन तथा अनुगमनमा जोड दिइने छ ।
- बार्षिक रुपमा सबै बालबालिकाहरुको प्रारम्भिक पहिचान वा Early Screening Program लाई कार्यान्वयन गरिने छ ।

### ४.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु

*उपलब्धि*

समतामूलक सिकाइ वातावरणमा सुधार गर्दै सबै प्रकारका बालबालिकाहरुको शिक्षामा हुने सहभागितामा वृद्दि हुने ।

*नतिजा*

- बालमैत्री प्रारुपको कार्यान्वयन भएको हुने ।
- सबै बालबालिकाहरुको प्रारम्भिक पहिचान गर्ने अभ्यासको शुरुवात भएको हुने ।
- भौतिक संरचनाहरुमा पहुँचता भएको अवस्थामा सुधार भएको हुने ।
- लक्षित समुदायका बालबालिकाहरुको शिक्षामा हुने सहभागितामा वृद्दि भएको हुने ।

FINAL DRAFT

### प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष (५ वर्षे) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | बालमैत्री प्रारुप सम्बन्धी विद्यालयको | पटक | १ | ० | १ | ० | १ | ३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रतिनिधिलाई तालिम | | | | | | | |
| २ | प्रस्तावनाको आधारमा बालमैत्री प्रारुप कार्यान्वयनमा सहयोग कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | लैङ्गिक सम्पर्क व्यक्तिको छनोट तथा गुनासो सुनाइ सम्बन्धी क्षमता विकास तालिम सञ्चालन | पटक | ० | १ | ० | १ | ० | २ |
| ४ | गुनासो सुनुवाइ समितिको गठन तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | गुनासो पेटिकाको वितरण | विद्यालय | ० | ६१ | ० | ० | ० | ६१ |
| ६ | छात्रा समावेशी सञ्चालनको निर्माण र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | किशोरकिशोरीहरुलाई मनोपरामर्श तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | भौतिक संरचनालाई पहुँचयुक्त बनाउन अध्ययन र सोहि अनुसारको सहयोग कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | प्रारम्भिक पहिचान र आवश्यक सहयोग कार्यक्रम | विद्यालय | ६१ | ६१ | ६१ | ६१ | ६१ | १३५ |
| १० | समावेशि शिक्षक शिक्षा तालिम | पटक | १ | ० | १ | ० | १ | ३ |
| ११ | पिछडिएका वर्गका वालवालिकाहरुका लागि सिकाइ प्रोत्साहन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| १२ | बाल विबाह अन्त्य तथा छोरीको शिक्षाको लागि प्रोत्साहन कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |

## ४.२ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम

### ४.२.१ परिचय

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाजा कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो। आर्थिक वर्ष २०७७/२०७८ मा सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई दिवाखाजाको व्यवस्था गरीएको छ ।नेपालको हाल कार्यान्वयनमा रहेको पन्ध्रौं योजना लगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरूको स्वास्थ्य तथापोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजाले महत्वपूर्ण योगदान दिएको छ।

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ। वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधि, किशोरीका लागि फोलिक एसिड तथा आइरन

FINAL DRAFT

चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट सञ्चालन हुने गर्दछन् । विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने स्पष्ट छ।

### ४.२.२ वर्तमान अवस्था

नेपालमा सन् १९७४ देखि विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम छानिएका जिल्लामा छानिएका विद्यालयहरुमा हालसम्म सञ्चालन भइरहेका छन् । त्यसैगरी कर्णाली र सुदुर पश्चिम प्रदेशका आठ जिल्लाहरुमा सोही कार्यक्रम थप गरी सञ्चालन भइरहेको छ । सन् २००८ देखि केही छानिएका प्राथमिक विद्यालयमा सरकारले नगद अनुदानमा आधारित दिवा खाजा कार्यक्रमलाई विस्तार गरी हाल सम्पूर्ण सामुदायिक विद्यालयहरुमा पूर्व प्राथमिक देखि ६ कक्षा सम्मका सबै विद्यार्थीलाई दिवा खाजा व्यवस्था गरेको छ । सामुदायिक विद्यालयको कक्षा १–५ का बालबालिकालाई प्रतिविद्यार्थी रु. १५ को दरले दिवा खाजा वापत अनुदान वितरण गरी खाजा कार्यक्रम व्यवस्थित गर्ने काम गरिएको छ ।

विद्यालयमा हुने सरसफाई तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने स्पष्ट छ । तत्कालीन शिक्षा विभागले २०७४ मा तयार गरी २०७६ मा परिमार्जन गरिएको विद्यालयहरुमा खानेपानी तथा स्वच्छता सम्बन्धी कार्यविधि २०७४ ले उल्लेख गरे अनुसार सबै विद्यालयहरुमा हुनुपर्ने खानेपानी सरसफाइ तथा स्वच्छता सुविधाहरुमा स्वच्छ पिउने पानी, अलगअलग बाल, लैङ्गिक,अपाङ्गता र वातावरण मैत्री शौचालय, वातावरणीय सरसफाई, हरियाली वातावरण, महिनावारी स्वच्छता व्यवस्थापन, स्वच्छ तथा सफा खाजा घर र सरसफाई तथा स्वच्छता प्रवर्धन र दिगोपनको लागि संस्थागत व्यवस्था रहेका छन् । तसर्थ तत्कालीन जिल्ला शिक्षा कार्यालयबाट खानेपानी तथा सरसफाई कार्यक्रमहरु क्रमशः प्रदान गरिरहेको अवस्था छ । त्यसैगरी छात्रछात्राको लागि अलगअलग शौचालयको निर्माणका योजनाहरु विद्यालयहरुमा वितरण भइरहेको छ ।

वर्तमान अवस्थामा जीतपुरसिमरा उपमहानगरपालिकाले पनि शौचालय र खानेपानीका कार्यक्रमहरुको योजना साथै किशोरीहरुका लागि सेनेटरी प्याड वितरण भइरहेको अवस्था छ । खाजा कार्यक्रमबाट यस पालिकाका ६१ विद्यालयका २५४२४ विद्यार्थी लाभाम्वित भएका छन् ।

### ४.२.३ अवसर र चुनौतिहरु

संघिय सरकारबाट प्रति विद्यार्थी खाजा कार्यक्रममा रु पन्ध्र प्राप्त गर्नु खाजा कार्यक्रमलाई ब्यवस्थित गर्न कार्यविधि बन्नु, विद्यालयमा खानेपानी सरसफाइको लागि विभिन्न परियोजनाले तथा यस पालिकाबाट कार्यक्रमहरु कार्यान्वयनमा रहनु यस क्षेत्रका प्रमुख अवसरहरु रहेकाछन् । तापनि यस पालिकामा यस क्षेत्रमा केहि समस्या तथा चुनौतीहरु रहेकाछन् । त्यस्ता चुनौतीहरुलाई तल प्रस्तुत गरिन्छ ।

- वर्तमान मूल्यका आधारमा दिवा खाजा वापत प्राप्त गर्ने रकम रु.१५। –बाट खाजा ब्यवस्थापन गर्ने ।
- स्थानीय स्तरमा उत्पादित खाद्य सामाग्रीहरुलाई दिवा खाजामा लागु गर्ने ।
- कतिपय विद्यालयहरुमा खानेपानीको व्यवस्था गर्नु ।
- कतिपय विद्यालयहरुमा व्यवस्थितछात्र छात्राको अलग अलग, बालमैत्री, पहुँचयुक्त शौचालयको ब्यवस्था गर्ने ।
- बालबालिकाहरुको नियमित स्वास्थ्य परीक्षण तथा स्वास्थ्य परामर्शको सुनिश्चचता गर्नु ।
- विद्यालयमा स्वास्थ्य तथा सरसफाइलाई नियमितता गर्नु ।



FINAL DRAFT

### ४.२.४ उद्देश्य

यस योजनाले दिवा खाजा सहित स्वास्थ्य तथा पोषण सम्बन्धि निम्नलिखित उद्धेश्यहरु राखेको छः

- विद्यालयका बालबालिकाहरुलाई स्वस्थ्य तथा पोषणयुक्त आहारको व्यवस्था गर्नु ।
- विद्यालयमा कार्यान्वयन रहेको खाजा कार्यक्रमको कार्यान्वयनमा सुधार ल्याउनु ।
- विद्यालयमा स्वच्छ खानेपानीको ब्यवस्थापन र छात्रछात्राका लागी सुविधायुक्त छुट्टाछुट्टै शौचालय निर्माण गर्नु ।
- विद्यालयका बालबालिकाहरुको स्वास्थ्य पोषण तथा सरसफाई सम्बन्धि सकारात्मक व्यवहारको विकासमा सुधार ल्याउनु ।

### ४.२.५ रणनीतिहरू

***योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरिनेछ ।***

- साप्ताहिक सूची बमोजिम  दिवाखाजा खुवाइनेछ ।
- एक विद्यालय एक फुलबारीको अवधारणा लागु गरिने छ ।
- बालक्ल्व तथा विद्यालयको टिम सहितको नियमित सरसफाइका साथै साप्ताहिक सरसफाइ कार्यक्रमलाई कार्यान्वयन गरिने छ ।
- स्वास्थ्य तथा सरसफाइ सम्बन्धी सचेतनात्मक क्रियाकलापहरु सञ्चालन गरिनेछन् ।
- चौमासिक रुपमा नजिकको स्वास्थ्यचौकी तथा स्वास्थ्य संस्थासँग समन्वय गरी  बालबालिकाहरुको नियमित स्वास्थ्य परीक्षण तथा परामर्श कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रत्येक विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्थापन गरिनेछ । र  छात्रछात्राका लागी वास सुविधा सहितको छुट्टाछुट्टै शौचालय निर्माण गरिनेछ ।

### ४.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

*उपलब्धि*

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषण सहितको खाजाको प्रबन्ध हुने र बालबालिकाहरुको स्वास्थ्य र सरसफाइमा सरकारात्मक व्यवहारको विकासमा सुधार हुदै सिकाइ उपलब्धीमा सहयोग पुग्ने ।

*प्रमुख नतिजाहरू*

- विद्यालय दिवा खाजाको ब्यवस्थापन तोकिएको मापदण्ड अनुसार हुने।
- स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा सुनिश्चितता हुने।
- सबै विद्यालयमा हुने सरसफाइको गतिविधिमा वृद्धि हुने।
- सरसफाइ सम्बन्धी आवश्यक पूर्वाधार विकासमा सुधार भएको हुने
- विद्यालयमा हुने स्वास्थ्य परीक्षणको दरमा वृद्धि हुने

*प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुखक्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पहिलो५वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | १ | २ | ३ | ४ | ५ | |
| १ | दिवा खाजा कार्यक्रम कार्यावयन सम्बन्धी अभिभमुखिकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | दिवा खाजा कार्यक्रमसंचालन तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | साप्ताहिक खाजा कार्यक्रमको अनुगमन तथा निरिक्षण | पटक | ४ | ४ | ४ | ४ | ४ | २० |
| ४ | एक विद्यालय एक फुलबारी वा हरित विद्यालय कार्यक्रम | विद्यालय | ६१ | ६१ | ६१ | ६१ | ६१ | ३०५ |
| ५ | साप्ताहिक सरसफाइ कार्यक्रम | विद्यालय | ६१ | ६१ | ६१ | ६१ | ६१ | ३०५ |
| ६ | स्वास्थ्य पोषण तथा सरसफाइ सम्बन्धित सचेतनामुलक कार्यक्रम | विद्यालय | ६१ | ६१ | ६१ | ६१ | ६१ | ३०५ |
| ७ | चौमासिक रुपमा स्वास्थ्य परीक्षण तथा परामर्श कार्यक्रम | विद्यालय | ६१ | ६१ | ६१ | ६१ | ६१ | ३०५ |
| ८ | एक विद्यालय एक स्वास्थ्य किट वा प्राथमिक उपचार बक्स व्यबस्थापन | विद्यालय | ६१ | ६१ | ६१ | ६१ | ६१ | ३०५ |
| ९ | सरसफाइ सम्बन्धी आवश्यक पूर्वाधार विकासमा सहयोग कार्यक्रम | विद्यालय | १२ | १२ | १२ | १२ | १३ | ६१ |
| १० | छात्राको लागि सेनेटरी प्याड ब्यवस्थापन, वितरण तथा अनुगमन | विद्यालय | ६१ | ६१ | ६१ | ६१ | ६१ | ३०५ |

FINAL DRAFT

## ४.३ छात्रवृत्ति

### ४.३.१ परिचय

विद्यालय शिक्षामा विद्यार्थीहरुको सहभागिता वृद्धि गरि सिकाइलाई निरन्तरता दिन तथा विद्यालय वाहिर रहेका सामाजिक, आर्थिक रुपले पिछडिएका वर्गहरुलाई  विद्यालय शिक्षामा सुनिश्चित गर्न अगाडि सारिएको उत्प्रेरणामूलक कार्य छात्रवृत्ति हो।जसले लक्षित समुदायहरु गरीब, सुविधाविहिन, अपाङ्गता तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरुलाई विद्यालयमा टिकाइ राख्न मद्दत गर्दछ । छात्रवृत्ति लगायत विद्यार्थीलाई प्रदान गरिने सहयोगले न्यून आय भएका परिवार, सुविधा विहिन तथाकठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच तथा सहभागिताका लागि सहयोग गरि समता तथा समावेशिताको अवस्था सुधारमा योगदान गर्दछ । यस्तो सहयोगले आर्थिक अभावका कारणले विद्यालय पोशाक, स्टेसनरी लगायतका सामग्रीहरू, दिवा खाजा इत्यादिउपलब्ध हुन नसकी विद्यालयमा हुने विद्यार्थीको अनुपस्थिति र विद्यालय छाड्ने दर घटाउन सहयोग गर्दछ ।

यसबाट सबै बालबालिकालाई विद्यालय तहको शिक्षामा पहुँच र सहभागिता बढाउन आधारभूत तहमा अनिवार्य शिक्षा कार्यान्वयनमा सहयोग पुग्दछ । त्यसै गरि यसबाट विद्यालयमा उपस्थित हुन र सिकाइमा सक्रियता पूर्वक सहभागी हुन उत्प्रेरणा प्राप्त हुने भएकाले बालबालिकाको सिकाइ सुधार गरि शिक्षाको गुणस्तर सुधार गर्नमा पनि योगदान हुन्छ । विद्यालय शिक्षामा सबैको पहुँच र सहभागिता वढाउन प्रदान गरिने यस्ता छात्रवृत्ति तथा प्रोत्साहनहरू मूलतः गरीबी केन्द्रित हुन आवश्यक छ ।

### ४.३.२ वर्तमान अवस्था

नेपाल सरकारले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि विभिन्न किसिका छात्रवृत्तिहरु प्रदान गर्दै आएको छ । यस पालिका अन्तर्गत आधारभूत तह कक्षा १-८ मा अध्ययनरत २२३७१ जना बालबालिकाहरु रहेकाछन् । जसमध्ये ६४७० जना छात्रा र ३१७ जना दलित छात्र विद्यार्थीले छात्रवृत्ती सुविधा लिएका छन् । यस पालिकाले प्रत्येक वर्ष सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा उत्तीर्ण गर्ने १ जना विद्यार्थीलाई एम बि बि एस अध्ययनका लगि र २ जना विद्यार्थीहरुलाई इन्जिनियरिङ्ग अध्ययनका लगि छात्रवृत्ती प्रदान गर्ने कार्यक्रम सञ्चालन गरेको छ ।

### ४.३.३ अवसर र चुनौतिहरु

लक्षित समुदायहरु विशेषतः गरीब सुविधा विहीन, अपाङ्गता भएका तथा विभिन्न किसिमका कठीन परिस्थितिमा रहेका बालबालिकालाई छात्रवृत्ति लगायत अतिरिक्त सहयोग गर्नुपर्ने कुराहरुलाई नेपालको संविधान तथा विभिन्न नीतिहरुले पनि आधार प्रदान गरेको छ । यसको साथै निरन्तर रुपमा प्रदान गर्ने छात्रवृत्ति कार्यक्रम तथा विभिन्न संघसस्थाहरुले गर्ने सहयोग जस्ता कुराहरु यस क्षेत्रका अवसरहरु रहेका छन् । तरपनि यस क्षेत्रका केहि तल उल्लेखित प्रमुख चुनौतीहरु पहिचान गरिएका छन् ।

- छात्रवृत्तिकोरकम न्यून हुनु।
- जात र लिङ्गलाई महत्व दिइ छात्रवृत्ति वितरण गर्नु ।
- सहि समयमा सबै बालबालिकाहरुले छात्रवृत्ति पाउनु ।
- वितरित छात्रवृतिको सदुपयोग बालबालिकाहरुको सिकाइसँग गर्नु ।

FINAL DRAFT

### ४.३.४ उद्देश्य

यस योजनाले छात्रवृति सम्बन्धि निम्नलिखित उद्धेश्यहरु राखेको छः

- विद्यालय तहको छात्रवृति वितरणलाई प्रभावकारी रुपमा समयमा वितरण गर्नु ।
- बालबालिकाहरुको गुणस्तरीय तथा प्राविधिक शिक्षामा छात्रवृतिको उचित प्रबन्धको ब्यवस्था गर्नु ।

### ४.३.५ रणनीतिहरू

यस योजनाले छात्रवृति सम्बन्धि निम्नलिखित रणनीतिहरु राखेको छः

- विपन्न, सुविधाविहिन र अपाङ्गता भएका बालबालिकाहरुको पहिचान गरी पालिका स्तरीय शैक्षिक सहयोग कार्यक्रम तय गरी भर्नाको समयमा छात्रवृत्ति वितरण गरिनेछ ।
- छात्रवृति वितरणको लागि सबै विद्यायमा एकै दिन वितरण गर्नको लागि छात्रवृति वितरण दिन तोकि छात्रवृति वितरण गरिने छ ।
- छात्रवृति वितरण कार्य र अभिलेखलाई विब्यस मार्फत अनुगमन तथा रुजु गरिने छ ।
- छात्रवृतिलाई सदुपयोग गर्ने वातावरण बनाइने छ ।
- पालिका स्तरीय छात्रवृति कोषको व्यवस्था गरिनेछ ।
- उच्च शिक्षा तथा प्राविधिक धारको अध्ययन गर्नेलाई पालिकाबाट छात्रवृति वितरण गरिने छ ।
- छात्रवृति ब्यवस्थापनका लागि विभिन्न संघसंस्था तथा नीजि क्षेत्रसँग समन्वय तथा सहकार्य गरिने छ ।

### ४.३.६ उपलव्धि,नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

*उपलव्धि*

- छात्रवृति वितरण तथा ब्यवस्थापनमा थप सुधार हुने, छात्रवृति पाउने बालबालिकाहरुको संख्यामा वृद्दि हुने भइ बालबालिकाहरुको पहुँच, सहभागिता तथा सिकाइमा सुधार आउने

*प्रमुख नतिजाहरु*

- छात्रवृतिको ब्यवस्थापन, वितरण र सदुपयोगमा सुधार हुने ।
- पालिका स्तरीय छात्रवृति कोषको स्थापना हुने ।
- छात्रवृति प्रदान गर्ने कार्यमा संघसंस्थाहरुको संलग्नतामा वृद्दि हुने ।

FINAL DRAFT

- लक्षित बालबालिकाहरुले छात्रवृति पाएको हुने।

*प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | पालिका स्तरीय शैक्षिकसहयोग कार्यक्रम विकास र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | छात्रवृतिवितरण कार्यक्रम | विद्यालय | ६१ | ६१ | ६१ | ६१ | ६१ | ३०५ |
| ३ | छात्रवृति वितरणकोअनुगमन तथा अभिलेख रुजु | विद्यालय | ६१ | ६१ | ६१ | ६१ | ६१ | ३०५ |
| ४ | छात्रवृतिव्यवस्थापन सहित PMT सम्बन्धीक्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | कार्यविधि मार्फतपालिका स्तरीय छात्रवृति कोषको स्थापना | पटक | १ | १ | १ | १ | १ | १ |
| ६ | छात्रवृतिब्यवस्थापनका लागि विभिन्न संघसंस्थासँग समन्वय तथा सहकार्यका लागि बैठक तथाछलफल | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | उच्च शिक्षा तथाप्राविधिक धारको अध्ययन गर्ने विद्यार्थीलाई छाबवृति वितरण | पटक | १ | १ | १ | १ | १ | ५ |

## ४.४ आपतकालिन तथा संकटपुर्ण अबस्थामा शिक्षा

### ४.४.१ परिचय

युद्ध, द्वन्द, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा (Education in Emergency and Crisis Situation) को रूपमा लिने गरिन्छ। यसको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुनेगरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी [reparedness]आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापनगर्ने [response] र आपतकाल पश्चात क्षतिको आपूरण (recovery) गर्ने कार्यढाँचा समेटिएको हुनुपर्दछ। आपतकालिन तथा संकटपुर्ण अबस्थामा पनि बालबालिकाले पढ्न पाउने अधिकारको सुनिश्चित गर्नुपर्छ। ।

FINAL DRAFT

बिशेष गरी लामो द्धन्द्धको परिबेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनासकारी भुकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्रकृतिक प्रकोपहरुको घटनाहरुका साथै कोभिड-१९ लगायतका महामारीका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकि यस जीतपुरसिमरा उपमहानगरपालिकाको शिक्षा क्षेत्रमा यस पक्षलाई पनि समावेश गरिएको छ।

### ४.४.२ वर्तमान अबस्था

हाल कार्यन्वयनमा रहेका विद्यालय शिक्षा क्षेत्रको योजनाले विपद जोखिम न्युनिकरण र प्रतिकार्यलाई अन्तरसम्बन्धित विषयको रुपमा विशेष जोड दिदै सुरक्षित संरचना निर्माण तथा सबलीकरणमा जोड दिएको छ। यसको साथै सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानबीय ब्यस्थापन एबम् सरोकारवालालाई विपद् व्यवस्थापन सम्वन्धि सैदान्तिक एवम ब्यवहारिक ज्ञान दिई विपदको पुर्बतयारी प्रतिकार्य, न्युनिकरण र पुनर्लाप सम्बन्धि कार्यक्रमलाई जोड दिइएको छ। यसैगरी यस पक्षलाई ध्यान दिइ विद्यालयले तयार गर्ने विद्यालय सुधार योजनामा पनि यस पक्षलाई समेट्ने अभ्यास गरिएको छ।

भयरहित शिक्षण सिकाइ निर्देशिका २०६७ (बालबालिकालाई शारीरिक तथा मानसिक सजाय र उत्पीडन, यौन दुराचारबाट मुक्त सिकाइ व्यवस्था भएको) विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८ (विद्यालयमा सशस्त्र गतिविधि, हिंसा, राजनीतिक प्रभाव, भेदभाव, शोषण तथा दुव्र्यवहारबाट मुक्त राखी शिक्षण सिकाइलाई निरन्तरता दिने व्यवस्था भएको) बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ (विद्यालयको प्रभावकारिता, समावेशीकरण, लैङ्गिक समता, स्वास्थ्य, सुरक्षा र बचावट, विद्यालय व्यवस्थापन आदिले आपत्कालीन शिक्षाको आधार तयार गरेको)विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति २०७१बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज २०१८ (सिकाइ पूर्वाधार विपद् जोखिम व्यवस्थापन, विद्यालय विपद् जोखिमको सुदृढीकरण तथा समुदायको सहभागिता, विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलताका लागि शिक्षाका न्यूनतम मापदण्डमा आधारित कार्यान्वयन) बृहत् विद्यालय सुरक्षा गुरुयोजना २०१७ तथा बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि २०१८ (विद्यालयको न्यूनतम सुरक्षाका उपायहरूसम्बन्धी क्रियाकलापहरू, शिक्षक र विद्यार्थीहरूलाई मृत्यु र घाइते हुनबाट बचाउने, विपद्पछि विद्यालयलाई निरन्तरता दिन सक्ने वातावरण तयार गर्ने, शिक्षाका माध्यमबाट विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता विकास गर्ने) दिगो विकास लक्ष्य, पन्ध्रौं योजना, विद्यालय क्षेत्र विकास योजना, राष्ट्रिय शिक्षा नीति २०७६ ले सुरक्षित विद्यालय, विपद् जोखिमको न्यूनीकरण तथा व्यवस्थापन, समुदायबीच उत्थानशीलता शिक्षा विपद्को समयमा विद्यालय शिक्षाको निरन्तरतालाई जोड दिएको छ।

विगतमा देखिएका आपत्कालिन अवस्थाहरुले आगामी दिनहरुका लागि शिक्षाको संरचना भौतिक पुर्वधार सिकाइ वातावरण, सिकाइका लागि आवश्यक पर्ने श्रोतसाधन, आपत्कालिन अबस्थामा सिकाइ निरन्तरताका लागि आवश्यक हुने ब्यवस्थापकीय तथा पेशागत क्षमता र आपत्कालिन अबस्थाको तयारी, प्रतिकार्य र पुनरुत्थानको दरिलो प्रणाली विकास गर्नु पर्ने आवश्यकता देखिएका छन्। त्यसैगरी केहि समय अघि आएको कोभिड महामारीमा विद्यालय खुल्न सकेका थिएनन्। तर यस पालिकाले विभिन्न प्रकारका सिकाइका वैकल्पिक उपायहरु अपनाएर वालवालिककले सिक्न पाउने अवसर प्रदान गरिएको थियो। जसले गर्दा बालबालिकाहरुको सिकाइमा प्रत्यक्ष सकारात्मक प्रभाव परेको थियो।

### ४.४.३ अवसर र चुनौती

प्राकृतिक प्रकोप, महामारी वा अन्य सामाजिक सांस्कृतिक कारणले उत्पन्न हुने आपतकालीन अवस्थाको स्थान, परिवेश र अवस्थाअनुसार केही पूर्वानुमान गर्न सकिए तापनि समय, स्वरूप र मात्राको यकीन भविष्यवाणी गर्न भने सकिदैन। त्यसैगरी

कतिपय प्रकोप, माहामारी तथा आपतकालको पूर्वानुमान गर्न नसकिने पनि हुन्छ। तसर्थ आपतकालीन अवस्थाको शिक्षालाई योजनामा कसरी समावेश गर्ने भन्ने नै प्रमुख मुद्दा हो। स्रोत तथा समय सीमा कति हुने र जिम्मेवार को हुने जस्ता मुद्दाहरू यसमा रहेका छन्। यस पालिकाको शिक्षा योजना बनाउने सन्दर्भमा निम्नानुसारका मुद्दाहरू चुनौतीका रूपमा देखिन्छन् :

- आपतकालिन अवस्थामा पनि निरन्तर सिकाइ सहजीकरण हुने वातावरणलाईअझ प्रभावकारी बनाउनु।
- आपत्कालिन अवस्थाको लागि पुर्व तयारीको अभ्यास गर्नु।
- संकटकालिन अवस्थामा पनि सिकाइ सहजीकरण गर्न आवश्यक स्रोत साधनको ब्यवस्था गर्नु।

### ४.४.४ उदेश्यहरु

यस योजनाले यस क्षेत्रसँग सम्बन्धि निम्न लिखित उद्धेश्यहरु राखेको छः

- विपद् व्यवस्थापन प्रतिकार्य योजना विकास गर्नु।
- विद्यालय शिक्षामा सम्भावित सङ्कटपूर्ण अवस्थाको सामनाको लागि भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्नु।
- आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी बालबालिकाहरूको सिक्न पाउने अवसरमा वृद्धि गर्नु।

### ४.४.५ रणनितिहरु

आपतकालिन तथा संकटपुर्ण अवस्थामा शिक्षा सम्बन्धमा मुख्य रणनीतिहरु निम्नानुसार हुनेछन्।

- शिक्षा क्षेत्रमा प्रत्यक्ष रुपमा आईपर्ने विपद व्यस्थापनको मुल्याङ्कन एवम बिश्लेषण गर्दै विद्यालय तथा पालिका स्तरीय प्रतिकार्य योजना तयार गरिने छ।
- संकटको बेलामा पनि शिक्षणसिकाइ सञ्चालन गर्न पालिका स्तरमा एक छुट्टै योजना तयार गरी नियमित विद्यालय सञ्चालन गर्ने वातावरण मिलाइने छ।
- विपदमा सिकाइ निरन्तरता कायम गर्न वैकल्पिक सिकाइ सहजीकरणका लागि तत्कालीन आवश्यकता र परिस्थिति अनुसार वडा वा पालिका मार्फत उपयुक्त किसिमको बैकल्पिक माध्यम छनौट गरी कार्यान्वयनमा ल्याइनेछ।
- पालिका तथा विद्यालयको विपद् व्यवस्थापनका लागि तयारी, रोकथाम, प्रतिकार्य र पुनस्थापना लक्षित क्षमतामा बिकास गरिनेछ।
- विपद् व्यवस्थापन तथा तयारिका लागि एक कार्यविधि मार्फत पालिका स्तरिय विद्यालय शिक्षा सहयोग विपद् कोष खडा गरिनेछ।

### ४.४.६ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

*उपलब्धि*

- आपतकालिन तथा संकटपुर्ण परिस्थितिमा पनि वालवालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकारमा सुधार आएको हुनेछ।

*नतिजा*

- विपत् प्रतिकार्य योजना तयार हुने
- विद्यालय तथा पालिकाको विपत् व्यवस्थापन सम्बन्धि क्षमतामा विकास हुने
- विपतको समयमा पनि शिक्षणसिकाइ क्रियाकलाप निरन्तर सञ्चालन हुने

*प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु*

| क्र.स. | प्रमुखक्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य- ५वर्षे | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | विपद सम्वन्धी पालिकास्तरीय तथा विद्यालय स्तरीय विपद प्रतिकार्य योजना निर्माण | विद्यालय | ५ | ३० | २६ | ० | ० | ६१ |
| २ | पालिकास्तरीय विद्यालय शिक्षा सहयोग विपद कोष कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | वडास्तरीय प्रतिकार्यकार्यदलको गठन र परिचालन | निरन्तर | ० | १ | ० | ० | ० | १ |
| ४ | संकटकाबेलामा शिक्षा सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |

## ४.५ विद्यालयको भौतिक पुर्वधार विकास

### ४.५.१ परिचय

विद्यालयमा भर्ना भएका बालबालिकाहरूको लागि सुरक्षित विद्यालयमापढ्नका लागि कक्षा कोठा, खेल्नका लागि खेल मैदान, शौचका लागि शौचालय, सरसफाइ र पिउनकोलागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत नभई नहुने संरचना हुन् । एकविद्यार्थीका लागि सुविधाजनक रुपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तह प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूततह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रफलको मापदण्डशिक्षा नियमावली, २०५९ मा तोकिएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले विद्यालयहरूमा भवन, कक्षा कोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पिउने पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिकपूर्वाधार तयार गर्ने र विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री हरित विद्यालयको रुपमा विकास गर्नेलगायतका नीतिगत व्यवस्था गरेको छ।

### ४.५.२ वर्तमान अवस्था

जीतपुरसिमरा उपमहानगरपालिकामा हाल ६१ वटा सामुदायिक विद्यालय र ५० वटा संस्थागत विद्यालयहरू छन् । पालिकाका अधिकांक  सामुदायिक विद्यालयहरूमा भौतिक अवस्था राम्रो भएता पनि केही सामुदायिक विद्यालयहरुमा

FINAL DRAFT

भौतिक अवस्था कमजोर रहेको छ । यस पालिकाका सबै विद्यालयहरूमा शौचालय भए पनि धेरै जसोमा पानीको राम्रो आपूर्ति देखिँदैन । स्वच्छ पिउने पानीको व्यवस्था राम्रो छ । खेल मैदान, स्वास्थ्य कक्ष लगायत अन्य भौतिक पुर्वाधारहरुको व्यवस्थापन कमजोर रहेको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत एवं विद्यार्थी संख्याका आधारमा बन्नु पर्ने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्ष, कार्यशाला, प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप तथा खुलकूद कक्ष, विद्यालय सभा हल, मञ्च, बगैंचा, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रशासन कक्ष, प्रधानाध्यापक कक्ष) उचित ब्यवस्थापन गर्नु यस पालिकाको प्रमुख प्राथमिकतामा रहेको देखिन्छ ।

### ४.५.३ अवसर र चुनौतीहरु

विद्यालयको भौतिक संरचनालाई राम्रो बनाउनको लागि संघ प्रदेश तथा स्थानीय सरकारले निरन्तर सहयोग गर्दै आइरहेको अवस्था छ । विभिन्न परियोजना तथा संघसंस्थाहरुले पनि सहयोग गर्दै आइरहेका छन् । तर पनि यस क्षेत्रमा केहि प्रमुख चुनौतीहरु पहिचान गरिएका छन् ।

- भौतिका निर्माण कार्यको गुणस्तरीय, पारदरर्शी एवम् जवाफदेही बनाउन ।
- तोकिएका मापदण्ड अनुसारको पहुँचयुक्त भौतिक संरचना बनाउन ।
- भौतिक निर्माणको लागि आवश्यक श्रोत साधनको व्यवस्थापन गर्ने ।
- भएका भौतिक संरचनालाई संरक्षण गर्नु ।

### ४.५.४ उदेश्यहरु

यस योजनाले भौतिक निर्माण सम्बन्धि निम्न लिखित उद्देश्यहरु राखेको छः

- विद्यालयमा न्युनत्तम भौतिक संरचनाको सुनिश्चत गर्नु ।
- मापदण्ड अनुसारको भौतिक निर्माण गर्नु ।
- भौतिक निर्माण कार्यलाई गुणस्तरीय तथा पारदर्शि बनाउनु ।
- सबैलाई पहुँच हुने भौतिक संरचनाहरु तयारमा सुधार ल्याउनु ।

### ४.५.५ रणनीतिहरु

यस योजनाले भौतिक निर्माण सम्बन्धि निम्न लिखित रणनीतिहरु राखेको छः

- सुरुमा सबै विद्यालयहरुको भौतिक संरचनाको अवस्था विश्लेषण गरि विद्यालयलाई आवश्यक भौतिक संरचनाको सूची र प्राथमिकता निर्धारण गरी सोहि अनुरुप योजना बनाइनेछ ।
- विद्यालयमा निर्माण हुने भौतिक संरचना व्यवस्थित बनाउन पालिका स्तरीय एक कार्यविधि बनाइ लागु गरिनेछ ।

FINAL DRAFT

- पुराना भौतिक संरचनाहरुलाई सुधार गरी र नयाँ बन्ने संरचनामा सबैको पहुँचतता सुनिश्चत हुने गरी संरचनाहरु बनाइनेछ।
- भौतिक निर्माणको कार्यलाई लागत बोर्ड राख्ने, सार्वजानिक सुनाइ गर्ने, स्थलगत प्राविधिक र जनप्रतिनिधि मार्फत अनुगमन गर्ने जस्ता कार्यलाई जोड दिइ गुणस्तरीय तथा पारदर्शी बनाइनेछ।
- विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार  तथा विभिन्न संघ संस्था तथा दातृ निकायहरुसँग लागत साझेदारी तथा स्रोत ब्यवस्थापन गरिनेछ।
- विद्यालय तथा अभिभाबकको सहभागितामा हामि बनाउछौं,  हाम्रो विद्यालय कार्यक्रम सञ्चालन गरिने छ।
- हरित विद्यालय अवधारणाको व्यवस्थापन गर्न "नछोडौं विद्यालय परिसर खाली, बनाऔं बगैचा हरियाली" कार्यक्रम लागु गरिनेछ।

### ४.५.६ उपलव्धि, नतिजाहरु र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

*उपलव्धि*

- सबै विद्यालयमा मापदण्ड पुरा भएको भौतिक संरचना निर्माण र सिकाइका लागि न्युनत्तम आवश्यक भौतिक संरचनामा सुधार भएको हुने।

*नतिजाहरु*

- भौतिक संरचना निर्माणको लागि विद्यालयको अवस्थाको नक्सांकन तथा विश्लेषण भएको हुने।
- सबै विद्यालयमा मापदण्ड पुरा भएको आवश्यक भौतिक संरचनामा सुधार भएको हुने।
- भौतिक संरचना निर्माण प्रक्रिया थप गुणस्तर तथा पारदर्शि भएको हुने।
- भौतिक निर्माण कार्यमा संघसंस्थाको सहभागितामा वृद्दि भएको हुने।

**प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | विद्यालयको भौतिक निर्माण कार्यलाई थप व्यवस्थित गर्न एक कार्यविधि तयार | पटक | ० | १ | ० | ० | ० | १ |
| २ | विद्यालयको भौतिक अवस्थाको विश्लेषण तथा प्रतिवेदन तयार | पटक | ० | १ | ० | ० | ० | १ |
| ३ | नयाँ भौतिक संरचनानिर्माण (भवन, शैचालय,घेराबारा,खानेपानी छात्रबास) | पटक | १ | १ | १ | १ | १ | ५ |



FINAL DRAFT

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | निर्माण भएका संरचनाहरुको मर्मत तथा पहुँचयुक्तता | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | निरन्तर प्राविधिक तथाजनप्रतिनिधिहरुबाट अनुगमन तथा निरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | हामी बनाउछौं, हाम्रो विद्यालय कार्यक्रम सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| ७ | नछोडौं विद्यालय परिसर खाली, बनाऔं बगैचा हरियाली कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | ५ |

## ४.६ शिक्षामा सुचना र प्रविधि

### ४.६.१ परिचय

सुचना र प्रविधिलाई अङ्ग्रेजीमा Information Technology -ITभनिन्छ। सुचना भनेको सन्देश तथा घटना, तथ्याङ्क, सङ्केत आदि हो भने प्रविधि भनेको कार्यसम्पादनमा सहजता ल्याउन तयार पारिएको वैज्ञानिक सामग्री वा साधन हो। यस्ता साधनहरुमा कम्प्युटर, ल्यापटप, ट्यावलेट, प्रोजेक्टर, मोबाइल आदि पर्दछन् र तिनका माध्यमबाट सुचना आदानप्रदान गर्ने कार्य सुचना तथा प्रविधि हो। शिक्षामा सुचना र प्रविधि भनेको मुलतः शैक्षिक प्रकृया वा शिक्षण सिकाइमा आवश्यक प्रविधि प्रयो गरि सुचना आदानप्रदान कार्य हो। वर्तमान समयमा शिक्षामा सुचना प्रविधिका प्रचलित साधनहरुका रुपमा रेडियो, टि. भी., मोबाइल, टेलिफोन, कम्प्युटर,ल्यापटप, ट्यावलेट, आइप्याड, प्रोजेक्टर, सि.डी, पेनड्राइभ, डाटा कार्ड आदि प्रयोग हुने गरेका छन्। त्यस्तै इन्टरनेट तथा विविध वेब पेजहरु, युटुब, फेसबुक, एप्स तथा विभिन्न प्रोग्रामहरु, विविध श्रव्यदृष्य सामग्रीहरु, माइक्रोसफ्ट अफिस प्याकेज आदि सफ्टवेयरका प्याकेजहरुले पनि शिक्षामा सुचना प्रविधिको प्रयोगलाई सहज बनाएको छ।

सुचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक वनाउन, सिकाइप्रति विद्यार्थीहरुलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापन सुधार गरि सुशासन कायम गर्न सहयोग गर्दछ। शिक्षामा सुचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीहरुका लागि सुचना तथा सञ्चार प्रविधिको आधारभुत पहुँच पुऱ्याई डिजिटल भिन्नता कम गर्ने, सुचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रुपमा प्रयोग गरि सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्दतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभुतिका लागि सुचना तथा सञ्चार प्रविधिको प्रयोगले सहयोग पुऱ्याउँछ।

कोभिड १९ को महामारीले शिक्षामा सुचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ। विभिन्न प्रकारका विपद तथा महामारिमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा सञ्चार प्रविधिले महत्वपूर्ण सहयोग गर्न सक्दछ। यस सन्दर्भमा भइरहेको क्षमताका आधारमा अनलाइन तथा अफलाइन लगायतका भर्चुअल माध्यम प्रयोग गरि सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकेको छैन। यस्तो अवस्थामा सबैका लागि सहज पहुँच पुग्नेगरि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु चुनौतिपूर्ण कार्य रहेको छ।

FINAL DRAFT

### ४.६.२ वर्तमान अवस्था

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्द्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धि नीतिहरु उल्लेख गरेको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरुमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धि संरचना तयार गर्ने, कनेक्टिभिटि पुऱ्याउने, तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरेको छ ।

वि.सं. २०७६ देखि नेपाल दुरसञ्चार प्राधिकरणले पनि ग्रामिण दुरसञ्चार विकास कोष मार्फत केही विद्यालयहरुलाई प्रस्ताव आह्वान गरी कनेक्टिभिटी र अन्य संरचनामा सहयोग गरिरहेको छ । नेपाल सरकारको तर्फबाट हरेक माध्यमिक विद्यालयमा निःशुल्क इन्टरनेट जडान गरिएको छ ।

यस पालिकामा हालसम्म सूचना तथा सञ्चार प्रविधिको व्यवस्थापन तथा प्रयोग आंशिक रुपमा मात्र हुन सकेको छ । आर्थिक अवस्थाका कारण सबै विद्यार्थीको पहुँचमा डिजिटल सामग्रीहरुको अभाव रहेको छ । भएका सामग्रीहरु पनि जनशक्तिको अभावका कारण प्रयोगमा आउन सकेका छैनन् । यसको साथै शिक्षकहरुमा सीपको अभाव देखिन्छ । यस्तो अवस्थामा पनि अधिकांश माध्यमिक विद्यालयहरुमा भने सूचनाप्रविधिका सामग्रीहरु तथा इन्टरनेट प्रयोगमा रहेको छन् । त्यसैले पनि यस पालिकाले शिक्षामा सूचना प्रविधिको व्यवस्थापन र प्रयोगमा जोड दिनुपर्ने अवस्था छ ।

### ४.६.३ अवसर र चुनौतीहरु

सूचना तथा प्रविधिको क्षेत्रमा संघिय सरकारबाट बार्षिक रुपमा आइसीटि ल्याब स्थापना तथा इन्टरनेट व्यवस्थापनको लागि बजेट प्राप्त हुनु, विभिन्न निकायहरुले सूचना प्रविधिमा सहयोग गर्नु, स्थानीय सरकारले पनि सूचना प्रविधिमा जोड दिनु प्रमुख अवसरहरु रहेका छन् । तापनी यस पालिकाका प्रमुख चुनौतीहरु देहाय बमोजिम रहेका छन् ।

- केही विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिका सामग्रीहरु तथा इन्टरनेट कनेक्टिभिटीको वृद्धि गर्नु ।
- उपलब्ध भएका सामग्रीहरुलाई पनि प्रयोगमा ल्याउन कठिन भएको ।
- तोकिएको मापदण्ड अनुसार सामग्रीको व्यवस्थापन गर्न कठिन भएको ।
- आवश्यक स्रोतको बाँडफाड गर्न नसक्नु ।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा दक्ष जनशक्तिको व्यवस्थापन गर्नु ।
- शिक्षकलाई प्रविधिमैत्री बनाउनु ।

### ४.६.४ उद्देश्यहरु

यस योजनाले सूचना प्रविधिसँग सम्बन्धि निम्न लिखित उद्देश्यहरु राखेको छः

- विद्यालयमा सूचना प्रविधिको ब्यवस्थापन र प्रयोगमा सुधार ल्याउनु ।



FINAL DRAFT

- सुचना तथा प्रविधिको पहुँचलाई विस्तार गर्नु।
- शिक्षकलाई प्रविधिमैत्री बनाउनु।

### ४.६.५ रणनीतिहरु

- एक विद्यालय सुचना प्रविधिको न्युनत्तम प्याकेज (एक ल्यापटप, एक प्रिन्टर, एक प्रोजेक्टर र इन्टरनेट ) को प्रबन्ध क्रमश गरिने छ।
- सबै माध्यमिक विद्यालयमा आइसीटी ल्याबको विस्तार गरिनेछ।
- एक शिक्षक एक ल्यापटपको व्यवस्था क्रमश गरिने ।
- सूचना तथा प्रविधिको प्रयोग गर्ने सक्ने क्षमता विकासका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।
- सुचना तथा प्रविधिको ब्यवस्थापन गर्न विभिन्न निकाय तथा संघसस्थाहरुलाई समन्वय तथा सहकार्य गरिनेछ।
- सुचना तथा प्रविधिको प्राविधिक सहयोगमा लिडर विद्यालय तथा कलस्टर स्तरीय फोकल पर्सनको विकास गरी त्यस मार्फत सहयोग हुने प्रबन्ध गरिनेछ।
- सुचना तथा प्रविधिको खरिद ब्यवस्थापन र प्रयोगलाई सघन रुपमा अनुगमन तथा निरीक्षण गरिनेछ।

### ४.६.६ उपलव्धि, नतिजा र प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु

*उपलव्धि*

- प्रत्येक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार गरि सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउनुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार तथा सुशासनमा सुधार आउने।

*नतिजा*

- विद्यालय शिक्षणसिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुने।
- विद्यालयको व्यवस्थापन तथा प्रशासनिक कार्यमा सुचना प्रविधि (SAS, E-Attandance) को प्रयोगमा सुधार आउने।
- विद्यालय स्तरमा सुचनाप्रविधिको सीप भएको जनशक्तिमा वृद्दि हुने।
- समयमा नै प्रभावकारी रुपमा IEMIS अद्यावधिक हुने।

*प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु*

| क्र.सं. | प्रमुखक्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | एक विद्यालय एक सुचना प्रविधिको न्युनत्तम प्याकेज (एक ल्यापटप, एक प्रिन्टर, एक प्रोजेक्टरर इन्टरनेट) कार्यक्रम | संख्या | १२ | १२ | १२ | १२ | १३ | ६१ |
| ३ | ICT Lab को स्थापना | संख्या | ३ | ३ | ३ | ३ | ४ | १६ |
| ४ | सूचना प्रविधिसँग सम्बन्धित क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | बार्षिक रुपमा स्थलगत अनुगमन तथा रुजू | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | सूचना प्रविधिमा आधारितशिक्षक सहायता प्रणालीको विकासको कलस्टर स्तरीय जनशक्तिको पहिचान, क्षमता विकास तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | एक शिक्षक एक ल्यापटप सहयोग कार्यक्रम | शिक्षक | ३६ | ३६ | ३६ | ३६ | ३७ | १८१ |

FINAL DRAFT

# परिच्छेद ५ सुशासन, व्यवस्थापन र नेतृत्व

## ५.१ परिचय

शिक्षा पद्धतिमा निर्णय तथा कार्यन्वयनको समग्र प्रक्रियाले शासकीय (Governance) लाई जनाउँद छ । यसमा संरचना तथा प्रतिक्रिया दुबै पर्दछन् । विद्यालय क्षेत्रको यो योजनाका सम्दर्भमा शासकीय प्रबन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापुर्वक कार्यन्वयन गरी वालवालिकाको सहभागिता र सिकाईमा सुधार गर्न आवश्यक सरचना, भुमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन् । यस्ता सरचना तथा कार्य प्रक्रियाहरुले सहभागिता तथा सहमतिमा निर्णय लिनु तथा निर्णय कार्यन्वयन गर्नु, निश्चित दृष्टिकोण वा उदेश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाईप्रति जवाफदेहि भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहान गरी सुशासन (Good Governance) को प्रत्याभुति गर्नुपर्दछ । शिक्षामा तिनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरुको भुमिका रहने भएकोले भुमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहन्छ ।

विद्यालयको समग्र सुधार तथा विकासको लागि विद्यालय तहको सुशासनले महत्वपुर्ण भूमिका खेलेको हुन्छ । यस खण्डमा विद्यालय तहको व्यवस्थापन, पारदर्शिता तथा नेतृत्व सम्बन्धी रणनीतिहरु प्रस्तुत गरिनेछन् ।

## ५.२ वर्तमान अबस्था

वर्तमान अबस्थामा संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । राष्ट्रको शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण, शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण, संघिय योजनाको विकास, अनुगमान तथा मुल्याङ्कन गर्नु मन्त्रालयको प्रमुख दायित्व रहेको छ । मन्त्रालयअन्तर्गतको केन्द्रीय तहमा शिक्षा तथा मानवश्रोत बिकास केन्द्र र शैक्षिक गुणास्तर परिक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रुपमा राष्ट्रिय परिक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील छन् । शिक्षा क्षेत्रको संरचना हेर्दा संघ अन्तरगत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा विकास तथा समन्वय इकाई त्यसैगरी प्रदेश अन्तर्गतशिक्षा तथा सँस्कृति मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र र स्थानीय तहमा आर्थिक तथा सामाजिक विकास महाशाखा अन्तरगत शिक्षा, युवा तथा खेलकुद शाखा रहेको छ ।

यस पालिकामा शिक्षाको सेवा प्रवाह गर्न ६१ वटा सामुदायिक विद्यालय, ५० वटा संस्थागत विद्यालय गरी १११ वटा विद्यालय रहेका छन् । त्यसैगरी १०९ वटा बालविकास केन्द्र रहेका छन् । प्रत्येक बाल विकास केन्द्र र विद्यालयहरूमा व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको व्यवस्था गरिएको छ । त्यसैगरी पालिका स्तरमा शिक्षा समिति तथा शिक्षा, यूवा तथा खेलकुद शाखा रहेको छ ।

यस पालिकाको विद्यालय व्यवस्थापन प्रभावकारी रुपमा हुन नसक्नु, विद्यालय सुधार योजना, सामाजिक परीक्षण, लेखापरीक्षण लगायतका कार्यहरुलाई प्रभावकारी बनाउन सकिएको छैन । समयमा IEMIS अद्यावधिक गर्न नसक्नु,इ हाजिरी, SAS कार्यक्रमलाई प्रभावकारी बनाउन नसक्नु, सरकारले तोकेको कार्यक्रम तथा पाठ्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु, सबै सामुदायिक विद्यालयहरुको व्यवस्थापन समिति गठन प्रक्रियामा एकरुपता नहुनु,विद्यालय ब्यवस्थापन समिति तथा शिक्षक अभिभाबक संघ विद्यालय सुधार तथा विकासमा क्रियाशिल हुन नसक्नु लगायतका धेरै समस्याहरु रहेकाछन् । त्यसैगरी विद्यालयको नेतृत्व पनि अपेक्षाकृत हुन नसकेको अवस्था रहेको छ । यस्तो अवस्थामा सामुदायिक विद्यालयको व्यवस्थापन, सुशासन तथा नेतृत्वमा व्यापक परिवर्तनको अपेक्षा सरोकारवालाहरुको रहेको छ ।

FINAL DRAFT

### ५.३ अवसर र चुनौतीहरु

विद्यालय तहको सुशासनको लागि पालिका स्तरमा शिक्षा ऐन २०७५ जारी हुनु तथा पालिकाबाट सुधारमा विविध प्रयासहरु तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन हुनु, विभन्न गैरसरकारी संस्थाहरुले शैक्षिक कार्यक्रममा सहयोग गर्नु यस क्षेत्रका प्रमुख अवसरहरु रहेकाछन्। तापनी यस क्षेत्रमा धेरै चुनौतिहरु रहेकाछन्।

- विद्यालयमा प्रभावकारी नेतृत्वको विकास गर्नु।
- विद्यालय सुधार योजना, सामाजिक परीक्षण तथा लेखापरीक्षणलाई प्रभावकारी बनाउनु।
- विद्यालयमा सुशासन कायम गर्नु ।
- IEMIS, SAS र E-Attendance लाई प्रभावकारी कार्यान्वयन गर्नु।

### ५.४ उद्देश्यहरु

यस योजनामा सुशासनसँग सम्बन्धित निम्नलिखित उद्देश्यहरु रहेका छन् :

- शिक्षा सेवा सम्बन्धि कार्य सम्पादनप्रति उत्तरदायी तथा नतिजामुखी र जवाफदेहिता सहितको विद्यालय शिक्षाको सुशासनमा सुधार ल्याउनु।
- विद्यालयको नेतृत्वको क्षमता विकासमा गर्नु।
- IEMIS, SAS र E-Attendance लाई प्रभावकारी कार्यान्वयन गर्नु।

### ५.५ रणनीतिहरु

यस योजनामा सुशासनसँग सम्बन्धित निम्न लिखित रणनीतिहरु हरेका छन् :

- विव्यसलाई विद्यालय सुधारप्रति जिम्मेवार बनाउन हालको विब्यस गठन प्रक्रियामा एकरुपता ल्याउन र विद्यालय सुधारका अन्य क्षेत्रहरु सुधारको लागि नीतिगत ब्यवस्था गर्न यस पालिकाको शिक्षा ऐन २०७५ लाई संशोधन गरी पुर्ण रुपमा कार्यान्वनयमा लगिनेछ ।
- सबै सामुदायिक विद्यालयका प्रअको नियुक्ति कार्यविधि तयार गरी खुल्ला प्रतिस्पर्धाबाट गरिने छ। हरेक पाँच बर्षमा प्रअको कार्यसम्पादनको मूल्यांकन गरी करार सम्झौता हुने व्यवस्था गरिनेछ।
- पालिकाले बार्षिक रुपमा विद्यालयको प्रअसँगको कार्यसम्पादन करार सम्झौता गरी कार्यान्वयनमा लगिने छ। उक्त सम्झौता अनुसारको कार्य सम्पादन मूल्यांकनको आधारमा बार्षिक रुपमा प्रअलाई थपप्रोत्साहन भत्ता प्रदान गरिनेछ।
- प्रअले विषय शिक्षकहरुसँग कार्यसम्पादन सम्झौता गर्न सक्नेछ।
- गुणस्तरीय शिक्षाका लागि आवश्यकता अनुसार शिक्षक दरबन्दी मिलान गरिनेछ।
- आवश्यकताका आधारमा विद्यालय समायोजन वा तह घटुवा गरिनेछ।
- वडास्तरीय अनुगमन समितिले विद्यालयलाई निकासा गरिएको बजेट तथा कार्यक्रमको कार्य सम्पन्न प्रगतिको स्थलगत अनुगमन गरी उक्त कार्यक्रमको मूल्यांकन गरिनेछ।

FINAL DRAFT

- शिक्षक संख्या कम भएका विद्यालयहरुमा स्यमसेवक शिक्षकको व्यवस्था गरी विद्यालयहरुमा आवश्यक शिक्षकको व्यवस्था क्रमशः गर्दै लगिनेछ।
- नगर शिक्षा समितिले एक निश्चित मापदण्ड तयार गरी बार्षिक रुपमा पालिकास्तरीय उत्कृट विद्यालय, शिक्षक, प्रअ विव्यस र विद्यार्थीको घोषणा गरी पुरस्कृत गरिनेछ।
- विद्यालयको समग्र शिक्षा प्रणालीलाई थप सहयोगका लागि कम्तिमा "एक विद्यालय एक अक्षयकोष" र शैक्षिक गुणस्तर सुधार गर्नपुर्व विद्यार्थी सञ्जाल निर्माण गरी स्रोतको खोजी गर्ने, अभिप्रेरित गर्दै स्रोत ब्यवस्थापन गर्ने रणनीति लिइनेछ।
- समयमा तथ्यांक अद्यावधिक नगर्ने तथा प्रभावकारी अभिलेख नराख्ने कार्यलाई कम गर्न उक्त कार्यलाई विद्यालयमा जाने निकासासँग जोडिनेछ।
- शिक्षक पेशगत विकासका लागि विज्ञ समूह गठन गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्यमा जोड दिइनेछ।

## ५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप

### उपलब्धि

- विद्यालयको सुशासन क्षेत्रमा परिमाणात्मक परिवर्तन आउनुका साथै विद्यार्थीहरुको सिकाइ उपलब्धीमा वृद्धि हुने।

### प्रमुख नतिजाहरु

- विद्यालय सुशासन कायम गर्न पालिकाको शिक्षा ऐन २०७५ संशोधन हुने।
- विद्यालयको विव्यस अध्यक्ष तथा प्रअको नेतृत्व परिवर्तन तथा क्षमतामा वृद्धि हुने।
- विद्यालयमा आचारसहिंता निर्माण र कार्यान्वयन हुने।
- विद्यालय सुधार योजना , सामाजिक परीक्षण तथा लेखापरीक्षण तोकिएको प्रक्रिया अनुरुप समयमा भएको हुने।
- पालिकास्तरीय उत्कृट विद्यालय, शिक्षक, प्रअ, विव्यस र विद्यार्थीको घोषणा गरी पुरस्कृतभएको हुने।
- हरेक वर्ष विद्यालयको साथै प्रअको कार्य सम्पादन परीक्षण गरिएको हुने।
- समयमा तथ्यांक अद्यावधिक भएको तथा प्रभावकारी अभिलेख राख्ने प्रणालीको अभ्यास हुने।
- विद्यालयको आर्थिक स्रोतमा वृद्धि भएको हुने।
- विद्यालयले शिक्षक तथा विद्यार्थीहरुलाई परिचयपत्र अनिवार्य रुपमा वितरण गरी प्रयोगमा लगिने छ।
- प्रअ, शिक्षक र कर्मचारीले पदीय जिम्मेवारी प्रभावकारी रुपमा बहन नगरेमा विद्यालय ब्यवस्थापन समिति र वडा कार्यालयको सिफारिसको आधारमा सचेतीकरण, स्पस्टीकरण, पालिकाभित्र सरुवा, सेवा करार रद्द जस्ता अभ्यासहरु पालिकाले कार्यान्वयनमा ल्याउनेछ। तर उक्त व्यक्तिलाई त्यस्ता अभ्यास गर्नुपुर्व राय तथा विचार प्रस्तुत गर्ने अवसर प्रदान गरिने छ।

FINAL DRAFT

*प्रमुख क्रियाकलाप र लक्ष्य*

| क्र.सं. | प्रमुखक्रियाकलापहरु | इकाइ | भौतिकलक्ष्य (वर्ष५पहिलो) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | जीतपुरसिमरा उपमहानगरपालिकाको शिक्षा ऐन २०७५ संशोधन | पटक | १ | ० | ० | ० | ० | १ |
| २ | खुल्ला प्रतिस्पर्धाबाट प्रअको छनोट र नेतृत्व सम्बन्धी तालिम | जना | १ | १ | १ | १ | १ | ५ |
| ३ | विब्यस तथा प्रअको क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | आचारसंहिताको निर्माण र कार्यान्वयन | विद्यालय | १११ | १११ | १११ | १११ | १११ | ५५५ |
| ५ | प्रधानाध्यापक सँग कार्य सम्पादन करार सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | सामाजिक परीक्षण तथा लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | कार्यविधि तयार सहित उत्कृट विद्यालय, शिक्षक, प्रअ, विव्यस रविद्यार्थीको घोषणा तथा पुरस्कार वितरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | विद्यालयको कार्यसम्पादन परीक्षण | विद्यालय | ६१ | ६१ | ६१ | ६१ | ६१ | ३०५ |
| १० | विद्यालयको अभिलेखीकरण तथा सुशासनको अनुगमन तथा निरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ११ | विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनको लागि पूर्व विद्यार्थी समाज गठन तथा अक्षयकोष एवम् आर्थिक स्रोत संकलन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १२ | शिक्षा समितिको नियमित बैठक | पटक | १० | १० | १० | १० | १० | ५० |
| १३ | प्रअको नियमित मासिक बैठक | पटक | ११ | ११ | ११ | ११ | ११ | ५५ |

## परिच्छेद- ६: अनुगमन तथा मूल्याङ्कन

### ६.१. परिचय

स्थानीय स्तरमा सञ्चालित शैक्षिक कार्यक्रमहरुमा स्रोत र साधनहरूको विनियोजन र वितरण के कसरी भइरहेको छ ? शैक्षिक क्रियाकलापहरु निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित उपलब्धि हासिल गर्न सफल भएका छन् वा छैन भन्ने सुनिश्चितताको लागि एउटा संयन्त्र निर्माण गरी कार्यकम कार्यान्वयनको लक्ष्य तथा प्रगतिका बारेमा समयतालिका अनुसार निरीक्षण,सुपरीवेक्षण,निगरानी, पूर्ननिरीक्षण, रेखदेख,जाँचबुझ भौतिक रुपमा वा अन्य कुनै साधनको

प्रयोग गरी गर्ने गराउने काम अनुगमन हो। यसले कार्यक्रमको प्रगति तथा वर्तमानअवस्थाको जानकारी गराउँछ। यसरी नै मूल्यांकनले शैक्षिककार्यक्रमहरूको प्रभावकारिता,उपयुक्तता, सान्दर्भिकताकोलेखाजोखा तथा जाँचबुझ गरी उक्त कार्यक्रमहरूको प्रतिफल तथा प्रभावको बारेमा जानकारी प्राप्त गरिन्छ। अनुगमन कार्यक्रम कार्यान्वयनको चरणमा गरिन्छ भने मुल्यांकन सम्बन्धी कार्यक्रमहरूको सञ्चालनका चरणहरु साथसाथै कार्यसम्पन्न भएपछि पनि गरिन्छ। स्थानीय स्तरमा संचालन भएको शैक्षिक कार्यक्रमहरुमा भएको लगानीलाई जवाफदेही,पारदर्शी,नतिजामुखी र उत्तरदायीपूर्ण बनाउनको लागि अनुगमन तथा मूल्यांकन अनिवार्य छ।

यसमा जीतपुरसिमरा उपमहानगरपालिकाकोदश वर्षे शैक्षिक योजनाहरूको निर्माण तथा कार्यान्वयनका क्रममा आवश्यक ऐन तथा नियमावलीका आधारमा अनूगमन तथा मूल्यांकनको वर्तमान अवस्था, चुनौती तथा समस्याहरू,उद्देश्य रणनीति एवं यस शिक्षा क्षेत्रको योजनामा स्थानीय स्तरमा अनुगमन तथा मुल्यांकन प्रणालीको विकासका लागि उपमहानगरपालिका भित्रका सवै वडाहरुमा संचालित सामुदायिक विद्यालय, संस्थागत तथा निजी विद्यालयहरु, बालविकास तथा सिकाइ केन्द्रहरुमा संचालित सबै कार्यक्रमहरूको कार्यक्रम अनुगमन,ढाँचा,साधन,विषय र प्रतिवेदन प्रस्तुत गरिएको छ।

## ६.२.वर्तमान अवस्था

अनुगमन तथा मूल्यांकनलाई योजनाको अभिन्न अंगका रुपमा लिँदै हाल विद्यमान अवस्थामा रहेको नगर शिक्षा संयन्त्रलाईआवश्यकता अनुसार चुस्त र दुरुस्त बनाउँदै समय समयममा वडा कार्यालय तथा उपमहानगरपालिकाको शिक्षा शाखा,नगर शिक्षा समिति, नगर शिक्षा ऐन २०७५ बमोजिमका आवश्यक समिति तथा निर्वाचित जनप्रतिनिधिहरुबाट समयसमयमा अनुगमन तथा समीक्षा हुने गरेको भएता पनि अनुगमनलाई नतिजामूलक तथा योजनाबद्ध एवम् ब्यवस्थित गर्नु पर्ने देखिन्छ। यसको साथै विभिन्न परियोजना तथा संघसस्थाहरुको कामको पनि अनुगमन तथा सहजीकरण गर्ने गरिएको छ।

## ६.३.अवसर र चुनौतीहरु

संघीय संरचना अनुरुप स्थापना भएका वडा कार्यालयहरु तथा स्थानीय सरकारको ब्यवस्था भए पश्चात विद्यालय तहको अनुगमन तथा निरिक्षण कार्य निरन्तर हुनु विभिन्न परियोजनाहरु जस्तै JJYC/GNI/VSOले बार्षिक सयुक्त अनुगमन अभ्यास गरिनु यस क्षेत्रका प्रमुख अवसरहरु हुन्। तापनि योजना अनुगमन तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित चुनौतीहरु पहिचान गरिएको छ।

- विद्यालय अनुगमन तथा मूल्यांकन कार्यलाई नियमित हुने वातावरण बनाउने।
- अनुगमन तथा मूल्यांकन पश्चात समीक्षा गरी आवश्यक सुधार सहितको नतिजामूलक बनाउने।
- अनुगमन तथा मूल्यांकन सम्बन्धी क्षमता विकास गर्ने।
- अनुगमन तथा मूल्याङ्कनलाई निष्पक्ष,नियमित, भरपर्दो र विश्वसनीय बनाउने।
- अनुगमन तथा मूल्यांकन प्रतिवेदन तयार गरी कार्यान्वयन गर्ने।

FINAL DRAFT

### ६.४. उद्देश्यहरुः

यस योजनामा अनुगमन तथा मूल्यांकनसँग सम्बन्धि निम्न लिखित उद्धेश्यहरु रहेका छनः

- शैक्षिक कार्यक्रमहरुको स्रोत साधनको उपयुक्त प्रयोग तथा त्यसको प्रतिफल नियमित मापन गर्नु ।
- अनुगमन तथा मूल्याङ्कनलाई नियमित तथा नतिजामुखी बनाउनु ।

### ६.५.रणनीतिहरु

यस योजनामा अनुगमन तथा मूल्यांकन सम्वन्धि निम्न लिखित रणनीतिहरु रहेकाछनः

- शिक्षा क्षेत्रको प्रगति तथा अनुगमन मूल्यांकनको लागि  योजना तयार गरी लागु गरिनेछ ।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघले समय तालिका निर्माण गरी कम्तिमा हप्ताको एक पटक विद्यालयको प्रशासनीक तथा शैक्षिक गतिविधिहरुको बारेमा अनुगमन गर्ने र सोको अभिलेख विद्यालयमा राखी विव्यसको वैठकमा त्यसको समीक्षा गरिने अभ्यासलाई कार्यान्वयनमा ल्याइनेछ ।
- अभिभाबकले पनि नियमित रुपमा विद्यालय भम्रण गरी आफ्ना बालबालिकाहरुको सिकाइ अवस्थाको बारेमा छलफल गर्ने । उक्त उपस्थितिको विद्यालयमा रेकर्ड पुस्तिका जनाउने र उच्च सहभागीता भएका अभिभाबकलाई बार्षिक रुपमा सम्मान गरिने अभ्यासको शुरुवात गरिने छ ।
- वडास्तरीय अनुगमन समितिले विद्यालयलाई निकासा गरिएको बजेट तथा कार्यक्रमको कार्य सम्पन्न प्रगतिको स्थलगत अनुगमन गरी उक्त कार्यक्रमको मूल्यांकन गरिने अभ्यासलाई कार्यान्वयनमा लगिनेछ ।
- विद्यालयको गतिविधिहरुको समग्र पक्षको अनुगमनका लागि शिक्षाको प्राविधिक जनशक्ति  र जनप्रतिनिधि सहित रहने गरी पालिका स्तरीय एक अनुगमन सयन्त्र तयार गरी उक्त सयन्त्रका सदस्यहरुबाट कम्तिमा दुई महिनामा एक पटक एक विद्यालयमा अनिवार्य रुपमा अनुगमन गरी सोको प्रतिवेदन नगर शिक्षा समितिमा छलफल गरिने छ ।
- हरेक वर्ष विद्यालयको कार्य सम्पादन परीक्षण गरिनेछ ।
- विज्ञ समूह मार्फत नियमित अनुगमन तथा निरीक्षण हुने ब्यवस्था मिलाइनेछ ।

FINAL DRAFT

## ६.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### उपलब्धि

- शिक्षा क्षेत्रको नियमित तथा योजनाबद्द रुपमा अनुगमन तथा मूल्यांकन प्रणाली लागू भइ विद्यालय शिक्षामा सुधार आउने छ।

### नतिजाहरु

- शिक्षा क्षेत्रको प्रगति तथा अनुगमन मूल्यांकनको लागि एक छुट्टै योजना तयार भएको हुने।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघबाट नियमित अनुगमन भएको हुने।
- अभिभाबकबाट विद्यालयको नियमित अनुगमन भएको हुने।
- वडास्तरीय अनुगमन समितिबाट स्थलगत अनुगमनको अभ्यास कार्यान्वयनमा भएको हुने।
- पालिका स्तरीय एक अनुगमन सयन्त्र तयार भइ नियमित अनुगमन भएको हुने।
- बार्षिक रुपमा विद्यालयको कार्य सम्पादन परीक्षण भएको हुने।

### प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

| क्र.सं. | प्रमुखक्रियाकलापहरु | इकाइ | भौतिकलक्ष्य (पहिलो५वर्ष( | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | अनुगमन तथा मूल्यांकनको योजना तयार र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | विव्यस, शिअसबाट विद्यालयको पालैपालो नियमति अनुगमन तथा निरीक्षण | पटक महिना | २ | २ | २ | २ | २ | १० |
| ३ | अभिभाबकबाट नियमित विद्यालय भम्रण र उत्कृष्ट अभिभाबक छनोट | पटक महिना | २ | २ | २ | २ | २ | १० |
| ४ | वडास्तरीय अनुगमन समितिबाट मासिक अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | पालिका स्तरीय अनुगमन तथा मूल्यांकन संयन्त्रको गठन र कम्तिमा २ महिनाको एक पटक एक विद्यालयको अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | विद्यालयको बार्षिक कार्य सम्पादन परिक्षण | विद्यालय | ६१ | ६१ | ६१ | ६१ | ६१ | ३०५ |
| ७ | विज्ञ समूह मार्फत अनुगमन तथा निरीक्षण | मासिक | १ | १ | १ | १ | १ | ५ |
| ८ | शिक्षा योजनाको प्रगतिको बार्षिक प्रगति तयार तथा छलफलकार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा प्रतिवेदन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १० | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण तथा विश्लेषण | पटक | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सहितको प्रतिवेदन तयार | | | | | | | |

## परिच्छेद ७ लगानी र स्रोत व्यवस्थापन

### ७.१ परिचयः

आर्थिक तथा सामाजिक परिवर्तनमा शिक्षाको अहम भूमिका हुन्छ । जीतपुरसिमरा उपमहानगरपालिकाले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । दक्ष, सीपयुक्त र गुणस्तरीय मानव संसाधनको विकास गर्न नै शिक्षामा लगानी गरिएको हो। शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ । पालिकाले शिक्षामा लगानी गर्दा बालवालिकाको शैक्षिक अवसर गुणस्तरिय शिक्षा र स्रोत साधनको समतामुलक वितरणमा ध्यान दिनु पर्दछ ।

राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै जीतपुरसिमरा उपमहानगरपालिका र समुदायबाट विगत केही वर्ष देखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरिएको छ । शिक्षामा गरिने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दीगो विकासको लक्ष्यका लागि कार्य गर्नु पर्दछ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र नीजिक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ । शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्न र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्न शिक्षामा लगानीको प्रवन्धका लागि ध्यान दिनु पर्दछ ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लागानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरु उल्लेख गरिएको छ । पहिचान गरिएका चुनौतीहरुको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरु प्रस्तुत गरी स्रोतको आंकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ ।

### ७.२ वर्तमान अवस्थाः

जीतपुरसिमरा उपमहानगरपालिकाको आ.व.२०८०/८१ लागि कुल रु. १अर्ब७०करोड६ लाख ६५ हजार ५०० को बजेट अनुमान गरिएको थियो । त्यस मध्ये पनि शिक्षा क्षेत्रमा ६.९ प्रतिशतशिक्षा क्षेत्रमा विनियोजन गरेको छ । त्यसमा पनि विभिन्न परियोजनाको बजेट पनि करिब ३० लाख जति रहेको अनुमान गरिन्छ । साथै संघीय सरकारवाट ३८ करोड ४४ लाख ७७ हजार शिक्षा क्षेत्रका लागि विनियोजन गरेको छ र प्रदेश सरकारबाट पनि बजेट तथा कार्यक्रमहरु प्राप्त भइरहेको अवस्था छ । त्यसैगरी अभिभाबकहरुको पनि त्यतिकै लगानी भइरहेको अवस्था छ । शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ ।

आर्थिक स्रोतलाई एकीकृत नगर्नु, कार्यक्रममा दोहोरोपन हुनु, कार्यक्रम कार्यान्वयनलाई नतिजामूलक बनाउन नसक्नु तथा गैर बजेटरी क्रियाकलापहरुमा जोड दिन नसक्नु, धैरै बजेट प्रशासनिक क्षेत्रमा सकिनु लगायतका धैरै समस्याहरु रहेकाछन् । यस उपमहानगरपालिकाको वित्तिय प्रगतिलाई तल प्रस्तुत गरिन्छ ।

FINAL DRAFT

**जीतपुरसिमरा उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जीतपुर, बारा**

**आ.व. : २०८०/८१ को शिक्षा तथा युवा खेलकुद शाखाको बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट प्रस्तावित योजना तथा कार्यक्रम**

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | आ.व.20८०।081 को विनियोजन | कैफियत |
|---|---|---|---|
| 1 | १११ जना बाल विकास सहजकर्ताहरु ६२ जना कार्यालय सहयोगी र १६ जना लेखापालको अपुग पारिश्रमिक (चाँड पर्व खर्च सहित) | 32,093,000.00 | बालविकासको रु.१७000, लेखापालको रु.१९000 र कार्यालय सहयोगीको रु.१५000 का दरले (रु २००० थप) |
| 2 | नगर स्तरिय स्वयम सेवक शिक्षक ( माध्यमिक, आधारभुत तह ) | 30,225,000.00 | मा. वि. 3५ , नि .मा. वि 3० र प्रा. वि 25 गरी जम्मा ७५ जना |
| 3 | नगर स्तरिय स्वयमसेवक शिक्षक छनौट तथा व्यवस्थापन खर्च | 1,000,000.00 | शिक्षक छनोटमा परीक्षा सञ्चालनको लागि |
| 4 | बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरुको अपुग पोशाक भत्ता | 1,890,000.00 | |
| 5 | lemis सम्बन्धी तालिम | 300,000.00 | २ चरणमा |
| 6 | शैक्षिक क्यालेन्डर निर्माण तथा छपाई | 400,000.00 | सस्थागत विधालय र सामुदायिक विधालयको लागि |
| 7 | अवकास प्राप्त शिक्षकलाई सम्मान कार्यक्रम | 100,000.00 | |
| 8 | आधारभुत तह कक्षा ५ र कक्षा ८ को परीक्षा व्यवस्थापन खर्च | 2,500,000.00 | |
| 9 | विद्यालय सुपरीवेक्षण, कक्षा अवलोकन तथा अनुगमन | 200,000.00 | |
| 10 | राष्टपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन तथा समापन खर्च | 1,500,000.00 | |
| 11 | शिक्षा दिवस समारोह उत्कृष्ट शिक्षक विद्यालय र विद्यार्थि सम्मान तथा पुरस्कार | 300,000.00 | |
| 12 | आर्थिक स्रोत कमजोर भएका विद्यालयहरुलाई मर्मत सम्भार अभियान तथा फर्निचर व्यवस्थापन अनुदान | 1,000,000.00 | |
| 13 | सामुदायिक विधालयलाइ विविध खर्च ( बिजुली बिल, खानेपानि व्यवस्थापन, परीक्षा व्यवस्थापन) | 337,000.00 | मा. वि लाइ १० हजार नि.मा. वि लाइ ८ हजार र प्रा. वि लाइ ५ हजार का दरले |
| 14 | नगरपालिका साक्षर अभियान घोषणा | 1,000,000.00 | |
| 15 | प्र. अ बैठक व्यवस्थापन खर्च ( प्र. अ. हरुलाइ यातायात खाजानास्ता खर्च ) | 200,000.00 | |
| 16 | कक्षा ६ देखी ८ को स्थानिय विषयको पाठ्यपुस्तक लेखन र कक्षा १ देखी ८ सम्मको पाठ्यपुस्तक छपाइ | 3,000,000.00 | |
| 17 | सामुदायिक क्याम्पस (स्नातक सञ्चालन) अनुदान | 4,000,000.00 | |
| 18 | स्नातकोतर सञ्चालन तथा क्यू. ए. ए. अनुदान | 2,500,000.00 | |
| 19 | प्राविधिक धार कक्षा ९ देखी १२ सञ्चालन अनुदान | 1,000,000.00 | |
| 20 | विद्यालय लेखा लेखाङ्कन सफ्टवयर निर्माणकर्तालाइ मासिक सपोर्ट खर्च | 600,000.00 | |
| **कुल जम्मा** | | **84145000.00** | |

## ७.३ अवसर तथा चुनौतीहरु

विद्यालय शिक्षाका लागि संघीय सरकार तथा प्रदेश सरकारबाट नियमित बजेट प्राप्त हुनु, पालिकाबाट शिक्षा क्षेत्रमा बजेट विनियोजन हुनु तथा विभिन्न परियोजनाहरु लागु हुनु यस क्षेत्रका प्रमुख अवसरहरु रहेकाछन्। यस्ता अवसरहरु भएता पनि यस क्षेत्रमा देखिएका प्रमुख चुनौतीहरुलाई तल प्रस्तुत गरिएको छ।

- विद्यालय शिक्षा क्षेत्रमा लगानी वृद्धि र दीगो स्रोत व्यवस्थापनमा वृद्दि गर्ने।
- वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्ने।
- कार्यक्रममा दोह्रोरोपन नहुने तथा पालिकाको प्राथमिकतामा आधारित भई योजना बनाउने कुराको अभ्यास गर्ने।

## ७.४ उद्देश्यः

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायबमोजिम रहेका छन्ः

- योजना अवधिका लागि आवश्यक स्रोतको प्रक्षेपण गर्नु।
- विद्यालय शिक्षाका कार्यक्रमहरु कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु।
- विद्यालय शिक्षाको बजेटमा वृद्धि गर्नु।

## ७.५ रणनीतिहरूः

योजनाको वित्तीय व्यवस्थासम्बन्धी रणनीतिहरू देहायबमोजिम हुनेछन्:

- नगरपालिकाले शिक्षा क्षेत्रलाई प्राथमिकतामाराखि शिक्षा क्षेत्रको बजेटमा क्रमश वृद्दि गरिनेछ।
- कार्यविधि मार्फत पालिका स्तरीय शिक्षा सुधारका लागि एक शैक्षिक कोष निर्माणगरि स्रोतमा वृद्दि गरिनेछ।
- कम्तिमा "एक विद्यालय एक अक्षयकोष" र शैक्षिक गुणस्तर सुधारका लागि पुर्व विद्यार्थी मञ्च वा सहयोग पहल मार्फत विद्यालयको वित्तीय स्रोतमा वृद्दि गरिनेछ।
- गैरसरकारी निकायसँग समन्वय गरी बढी भन्दा बढी परियोजनाहरु लागू गरिनुका साथै उक्त निकायहरुका कार्यक्रमहरु योजनाले प्राथमिकता दिएका क्षेत्रमा लागू हुने कुराको सुनिश्चत गर्न पहल गरिने छ।
- कार्यक्रमको योजना र कार्यान्वयन त्यसको प्राथमिकता र आवश्यकताको आधारमा दोहोरोनानहुने ब्यवस्था मिलाइने छ।
- निकासा गरिएको बजेटको स्थलगत निरीक्षण मार्फत प्रगतिको प्रमाणिकरण गर्ने अभ्यासको शूरुवात गरिनेछ।
- विद्यालय शिक्षामा अभिभाबकको मानवीय तथा वित्तीय सहभागितामा वृद्दि गरिने छ।

FINAL DRAFT

## ७.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमानः

जीतपुरसिमरा उपमहानगरपालिकाले ५ वर्षका लागि तयार गरेको शिक्षा क्षेत्रको योजना (२०८०-२०८५) उपमहानगरपालिकामा शिक्षा क्षेत्रलाई प्राप्त हुने बजेटलाई आधार बनाइएको छ । त्यसैगरी बजेटको प्रमुख स्रोतहरुमा तलका निकायहरु रहने अनुमान गरिएको छ ।

- संघीय ससर्त
- प्रदेश बजेट
- स्थानीय तहको बजेट
- विभिन्न संघसस्था तथा परियोजनाहरु
- अभिभाबकहरु

यो शिक्षा योजना पाँच बर्षलाई लक्षित गरिएता पनि दश बर्ष सम्म निरन्तर सञ्चालन गर्ने गरी क्रियाकलापहरु तय गरिएकाले बजेटको अभाव हुने देखिन्छ । यो योजना अनुरुप पालिकाले बार्षिक कार्ययोजना बनाइ बजेटको ब्यवस्थापन पुनरावलोकन गर्न सक्नेछ । तर पनि हाल पालिकाको स्रोतलाई आंकलन गर्दै यस शिक्षा योजनामा प्रस्तावित बजेट अनुमान गरेको छ ।

FINAL DRAFT

| क्र.स. | शिषक वा क्षेत्र वा क्रियाकलाप | अनुमानित कुल आवश्यक बजेट | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | बजेट स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गैसस | जनसहभागिता | अन्य |
| १ | प्रारम्भिक बाल विकास तथा शिक्षा | 267964562.5 | 51491640 | 52521472.8 | 53571902.26 | 54643340.3 | 55736207.11 | 202313245 | 2679645.62 | 61631849.4 | 1339822.81 | | |
| २ | आधारभुत शिक्षा | 803893687.4 | 154474920 | 157564418.4 | 160715706.8 | 163930020.9 | 167208621.3 | 606939734 | 8038936.87 | 184895548 | 4019468.44 | | |
| ३ | माध्यमिक शिक्षा | 401946843.7 | 77237460 | 78782209.2 | 80357853.38 | 81965010.45 | 83604310.66 | 303469867 | 4019468.44 | 92447774.1 | 2009734.22 | | |
| ४ | पाठ्यक्रम तथा मूल्यांकन | 80389368.74 | 15447492 | 15756441.84 | 16071570.68 | 16393002.09 | 16720862.13 | 60693973.4 | 803893.687 | 18489554.8 | 401946.844 | | |
| ५ | शिक्षक ब्यवस्थापन तथा विकास | 107185825 | 20596656 | 21008589.12 | 21428760.9 | 21857336.12 | 22294482.84 | 80925297.9 | 1071858.25 | 24652739.7 | 535929.125 | | |
| ६ | अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ | 53592912.49 | 10298328 | 10504294.56 | 10714380.45 | 10928668.06 | 11147241.42 | 40462648.9 | 535929.125 | 12326369.9 | 267964.562 | | |
| ७ | शिक्षासमावेशि तथा समता | 53592912.49 | 10298328 | 10504294.56 | 10714380.45 | 10928668.06 | 11147241.42 | 40462648.9 | 535929.125 | 12326369.9 | 267964.562 | | |
| ८ | दिवा खाजा स्वास्थ्य सहित पोषण कार्यक्रम | 80389368.74 | 15447492 | 15756441.84 | 16071570.68 | 16393002.09 | 16720862.13 | 60693973.4 | 803893.687 | 18489554.8 | 401946.844 | | |
| ९ | छात्रवृति | 53592912.49 | 10298328 | 10504294.56 | 10714380.45 | 10928668.06 | 11147241.42 | 40462648.9 | 535929.125 | 12326369.9 | 267964.562 | | |
| १० | आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा | 53592912.49 | 10298328 | 10504294.56 | 10714380.45 | 10928668.06 | 11147241.42 | 40462648.9 | 535929.125 | 12326369.9 | 267964.562 | | |

DRAFT

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | विद्यालयको भौतिक पुर्वधार विकास | 294761018.7 | 56640804 | 57773620.08 | 58929092.48 | 60107674.33 | 61309827.82 | 222544569 | 2947610.19 | 67795034.3 | 1473805.09 | | |
| १२ | सुचना र प्रविधि | 107185825 | 20596656 | 21008589.12 | 21428760.9 | 21857336.12 | 22294482.84 | 80925297.9 | 1071858.25 | 24652739.7 | 535929.125 | | |
| १३ | विद्यालय सुशासन तथा ब्यवस्थापन | 267964562.5 | 51491640 | 52521472.8 | 53571902.26 | 54643340.3 | 55736207.11 | 202313245 | 2679645.62 | 61631849.4 | 1339822.81 | | |
| १४ | कार्यान्वयन अनुगमन तथा मुल्यांकन समन्वय तथा सहजीकरण | 53592912.49 | 10298328 | 10504294.56 | 10714380.45 | 10928668.06 | 11147241.42 | 40462648.9 | 535929.125 | 12326369.9 | 267964.562 | | |
| १५ | Teacher Golden handshake | 8000000 | 0 | 2000000 | 2000000 | 2000000 | 2000000 | 0 | 0 | 8000000 | 0 | | |
| | total | 2687645625 | 514916400 | 527214728 | 537719022.6 | 548433403 | 559362071.1 | 0 | 0 | 8000000 | 0 | | |

FINAL DRAFT

# परिच्छेद आठ: योजनाको नतिजा खाका

## परिचय

जीतपुरसिमरा उपमहानगरपालिकाले निर्माण गरेको शिक्षा क्षेत्रको योजनाले लिएको दूरदृष्टि, दीर्घकालीन सोच, उद्देश्य तथा रणनीतिहरूका आधारमा योजनाको प्रभाव वा गन्तव्य पहिचान गरेको छ । यस योजनामा गन्तव्यमा पुग्नका लागि आवश्यक उपलब्धि तथा यसका सूचकहरू निर्धारण गरी पहिलो पाँच वर्षका लागि प्रत्येक वर्षको नतिजा आकलन गरीएको छ भने दश वर्षमा हुने नतिजाको पनि प्रक्षेपण गरीएको छ। नतिजा खाकामा उपलब्धि, उपलब्धि सूचकहरू तथा तिनको सङ्ख्यात्मक मान, सूचना प्राप्त हुने स्रोत तथा जिम्मेवारी समेत उल्लेख गरिएको छ ।

नतिजा खाका आवधिक योजनाको उपलब्धि मापन गर्ने सङ्ख्यात्मक साधन हो । जसबाट योजनाका समग्र तथा उपक्षेत्रगत उपलब्धि मापन गर्न सकिन्छ । यसले वार्षिक योजना निर्माणका लागि आधार सिर्जना गर्नका साथै अनुगमन तथा मूल्याङ्कनको मापदण्ड निर्धारण गर्न सहयोग गर्दछ । यसबाट योजनाका अपेक्षित उपलब्धिका लागि पृष्ठपोषण प्राप्त भई नतिजा प्राप्तिलाई सहयोग पुग्दछ। नतिजा खाकाले विद्यालय तथा समस्त विद्यालय शिक्षा प्रणालीलाई नतिजाप्रति जवाफदेही बनाउन सहयोग गर्दछ ।

यस परिच्छेदमा योजनाको समग्र खाकाअन्तर्गत अपेक्षित प्रभावको आँकलन, उपलब्धिहरू तथा उपलब्धिका सूचकहरू समावेश गरीएको छ। त्यसै गरी यसमा मुख्य कार्यसम्पादन सूचकहरू तथा कार्यक्रम नतिजा ढाँचा पनि प्रस्तुत गरिएको छ ।

| क्षेत्र | सूचक (प्रतिशतमा) | २०८० | २०८५ | २०८९ |
|---|---|---|---|---|
| प्रारम्भिक तथा वालविकास शिक्षा | सिकाइको ६ कुना स्थापना | ५ | ५० | ४५ |
| | वालविकास सहजकर्तालाई तालिम | ५० | २५ | २५ |
| | इसिडी पाठ्यक्रम २०७७ पूर्ण रुपमा लागु | ५० | ५० | ० |
| आधारभूत तह | विषयगत शिक्षक व्यवस्थापन | २५ | ७५ | ० |
| | शिक्षक पेशागत तालिम | २५ | ७५ | ० |
| | भौतिक संरचनाको व्यवस्थापन | २५ | ५० | २५ |
| माध्यमिक तह | विषयगत शिक्षक व्यवस्थापन | १० | ९० | ० |
| | प्रविधिमैत्री शिक्षण | २० | ४० | ४० |
| | शिक्षक पेशागत तालिम | २५ | ७५ | ० |
| | पढ्दै कमाउदै कार्यक्रम | ० | ५० | ५० |
| पाठ्यक्रम तथा मूल्यांकन | स्थानिय पाठ्यक्रमको विकास | ० | १०० | ० |
| | पाठ्यपुस्तकको विकास | २० | ८० | ० |
| | राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार | १०० | १०० | १०० |



FINAL DRAFT

| | | | | |
|---|---|---|---|---|
| | मूल्यांकन | | | |
| अनौपचारिक शिक्षा | सामुदायिक सिकाइ केन्द्रको स्थापना | ० | १०० | ० |
| | साक्षरता कार्यक्रम सञ्चालन | ० | १०० | ० |
| | सूचना अध्ययन केन्द्रको स्थापना | ० | १०० | ० |
| | साक्षर उपमहानगरपालिका घोषणा | ० | १०० | ० |
| समावेशी शिक्षा | महिला शिक्षक वितरण अनुपात मिलान | ० | १०० | ० |
| | समावेशी शिक्षक शिक्षा तालिम | २५ | ५० | २५ |
| दिवा खाजा तथा पोषण | दिवा खाजा कार्यक्रमलाई आधारभूत तहसम्म विस्तार गर्ने | ६० | २० | २० |
| | दिवा खाजा रकममा वृद्धि गर्ने | ४० | ५० | ५० |
| पोषाक तथा छात्रवृत्ती | आधारभूत तहसम्म निशुल्क पोषाक वितरण | ७० | १०० | १०० |
| | उच्च शिक्षा छात्रवृत्ती (संख्या) | ३ | ६ | १० |
| विपद् व्यवस्थापन | वैकल्पिक सिकाइ व्यवस्थापन | १०० | १०० | १०० |
| | वैकल्पिक सिकाइ सम्बन्धी तालिम | १०० | १०० | १०० |
| भौतिक पक्ष | विद्यालय भवन निर्माण | ० | ५० | ५० |
| | प्रयोगशाला र पुस्तकालय स्थापना | ० | ५० | ५० |
| | स्वच्छ खानेपानी व्यवस्थापन | २० | ४० | ४० |
| सूचना प्रविधि | सबै विद्यालयमा ICT ल्यावको व्यवस्था | २० | ४० | ४० |
| सुशासन, व्यवस्थापन र नेतृत्व | शिक्षा ऐनमा उल्लेख भएका सम्पूर्ण सुशासनका कार्यक्रम लागु गर्ने | १०० | १०० | १०० |
| अनुगमन तथा मूल्यांकन | प्रअ र वि व्य स को विद्यालय व्यवस्थापन र नेतृत्व क्षमतामा वृद्धि गर्ने | १०० | १०० | १०० |
| | पालिकास्तरबाट विद्यालयहरुलाई निरन्तर अनुगमन गर्ने | १०० | १०० | १०० |
| | सूचकको आधारमा मूल्यांकन गरी पुरस्कार वा सजाय दिने | १०० | १०० | १०० |
| शिक्षक व्यवस्थापन | २० वर्ष सेवा अवधि पुरा भई ५० वर्ष उमेर नाघेका शिक्षकलाई स्वेच्छिक Golden Handshake को व्यवस्था (१ वर्ष बराबर १ महिनाको तलब) | ० | १०० | १०० |

FINAL DRAFT

# सन्दर्भ सामग्रीहरु


- विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०६३), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका लागि स्थानीय पाठ्यक्रम प्रारुप, (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत शिक्षा पाठ्यक्रम, (२०६९), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत तह ( कक्षा १-३ ) पाठ्यक्रम, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७५), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७६), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७७), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- नेपालको संविधान (२०७२), कानून किताव खाना काठमाडौँ
- शिक्षा सम्बन्धी ऐन नियम तथा  राष्ट्रिय शिक्षा नीति (२०७६), कानून किताव खाना काठमाडौँ
- आर्थिक सर्वेक्षण (२०७७), अर्थ मन्त्रालय
- पन्ध्रौँ योजनाको आधारपत्र, सोपान मासिक डिल्लीबजार
- स्थानीय सरकार सञ्चालन ऐन (२०७४), कानून किताव खाना काठमाडौँ
- प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम (२०७४), शैक्षिक जनशक्ति विकास केन्द्र भक्तपुर
- माध्यमिक शिक्षा पाठ्यक्रम (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय आबद्ध विभिन्न वेभसाइटहरु
- विभिन्न बुलेटिन, पत्रपत्रिका, नीति, निर्देशिका तथा पछिल्ला शैक्षिक तथ्याङ्क
- शिक्षा क्षेत्रको योजना (२०७७),**DRAFT,** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
- राष्ट्रिय जनगणना २०७८
- शिक्षा सम्बन्धी ऐन कानुन निर्देशिका
- शिक्षा नीति २०७६
- विद्यालय शिक्षा क्षेत्रको योजना २०२३-२०३०
- स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७८
- Flash Report 2079
- IEMIS


FINAL DRAFT

- पन्ध्रौ योजना २०७६/०७७-२०८०/०८१
- विद्यालय क्षेत्र विकास योजना २०७३-०७८
- नेपालको संविधान २०७२
- अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५

## अनुसूचिहरु

FINAL DRAFT